# परिच्छेद - एक
# शोध परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **“दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन”** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति तयार गरिएको छ ।

## १.३ विषय परिचय

लोकगीत ‘लोक र गीत’ गरी दुईवटा शब्दको योगबाट बनेको छ । आदिमकालदेखि नै जनको पर्यायवाची शब्दको रूपमा लोक शब्दको प्रयोग भएको पाइन्छ । तर समयको परिवर्तनसँगै यसले जगत, प्रदेश, जनता, समाज जस्ता विभिन्न अर्थहरूलाई ग्रहण गर्दै आएको छ । यसरी लोकजीवनको सुख–दुःख, हाँसो, खुशीका साथसाथै चालचलन र व्यवहारको चित्रण गर्ने काम लोक गीतले गरेको छ । लोकगीत भन्नाले लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । लोकगीत लोकजीवनका आस्था र निष्ठामा अभिव्यस्त हुन्छन् । लोकगीतहरू चिन्तन मननका कारणवाट सहज सरलरूपले समाजमा हस्तान्तरित हुँदै आएका लोकजीवनका मौलिक र मौखिक लयात्मक अभिव्यक्ति हुन् । लोकजीवनका यस्ता लोकगीतहरू प्रशस्त पाइन्छन् । दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूले पनि स्थानीय लोकजीवनको यथार्थलाई प्रस्तुत गरेका छन् । त्यसैले नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत राप्ती

अञ्चलमा पर्ने दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा छरिएर रहेका लोकगीत सङ्कलन, वर्गीकरण र विश्लेषणको अध्ययन नै यो शोधपत्रको प्रमुख विषय हो । पश्चिमोत्तर क्षेत्रमा यस जिल्लाको ५ नं क्षेत्रका ८ गा.वि.स. पर्दछन् ।

## १.४ समस्या-कथन

दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा धेरै लोकगीतहरू प्रचलित भए पनि ती लोकगीतहरूको जानकारी नगण्य रूपमा रहेको छ । त्यसैले दाङ जिल्लाको यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन गर्दा निम्न लिखित समस्यालाई केन्द्रविन्दु बनाइएको छ ।

क) दाङ जिल्लाको परिचय के कस्तो रहेको छ ?

ख) लोकगीतको सैद्धान्तिक परिचय के कस्तो रहेको छ ?

ग) दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतको संकलन र वर्गीकरण कसरी गर्ने ?

घ) दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतका अध्ययन र विश्लेषण कसरी गर्ने ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रमा निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

क) दाङ जिल्लाको परिचय दिनु ।

ख) दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण गर्नु ।

ग) लोकगीतको शैद्धान्तिक परिचय दिनु ।

घ) दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली जनजीवनलाई सीमित शब्दमा उनेर मनका अनुभूतिसँग रङ्गाएर हृदयलाई आनन्द दिने सफल विधा लोकगीत हो । लोकजीवनका हर्ष-विस्मात्, दुःख-सुख आदिका उद्गारहरूको लयात्मक अभिव्यक्ति जुन सँङगीतात्मकता, स्वाभाविकता जस्ता गुणहरू रहेको श्रुति माधुर्य विधा लोकगीत हो । लोकगीतको अध्ययन परम्परामा नेपाली लोकगीतको राष्ट्रिय तथा क्षेत्रीय स्तरमा लोकसाहित्यका अध्येताहरूवाट अध्ययन र विश्लेषण गर्ने काम केही हदसम्म भएको पाइन्छ । दाङ जिल्लामा रहेका केही लोकगीतहरू सङ्कलन गरी आवाज भरेर रेडियो नेपाल तथा अन्य संचारका माध्यमवाट बजाउने काम भइरहेको छ ।

लोकगीतको अध्ययनमा वि.सं. (२०२०) सालमा काजीमान कन्दङवाको **नेपाली जन साहित्य** लोकगीत अध्ययनको व्यवस्थित पहिलो प्रयास हो । कालीभक्त पन्तको **हाम्रो साँस्कृतिक इतिहास** (२०२८), प्रदिप रिमालको **कर्णालीका लोक स्रस्कृति खण्ड ५** २०२८, धर्मराज थापाको **गण्डकीका सुसेलीहरू** २०३०, **लोकसाहित्य विवेचना** २०४१, धर्मराज थापा र हंसपुरे सुवेदी, टक केसीको **हाम्रो लोकगीत र सँगीत** तथा **लोक सँगीतका थुंगाहरू** २०५३, सावित्री मल्लको **पाल्पाका लोकगीतको अध्ययन र विश्लेषण** २०५६, **नेपाली लोकगीतको आलोक** २०५७, कृष्ण प्रसाद पराजुली र **नेपाली लोक साहित्य** २०५८ मा चूडामणि बन्धुका कृतिहरू प्राप्त भइसकेका छन ।

राष्ट्रियस्तरमा लोकगीतको अध्ययन विश्लेषणको क्षेत्रमा उल्लेख्य कार्य भए तापनि दाङ जिल्लामा लोकगीत अध्ययनको उल्लेख्य कार्यहरू हुन सकिरहेका छैनन् । लोकसाहित्यमा भएका केही कार्यहरूको समीक्षा यहाँ गरिन्छ । वि.सं.२०२५ सालमा शशी पन्थीको सक्रियतामा किरण पुस्तकालयको स्थापना र २०३० सालवाट यसको मुखपत्रका रूपमा **हाम्रो पुरुषार्थ** प्रकाशन भएको पाइन्छ । हाम्रो पुरुषार्थले नेपाली कथा, कविता, निवन्ध, लोकगीत, लोककथा आदि सामाग्री प्रकाशित गरी नेपाली भाषाको उन्नतिका लागि टेवा पुर्‍याएको पाइन्छ । तैपनि

यथेष्ट मात्रामा लोकगीतलाई महत्त्व दिई लेखेका रचना भने प्रकाशन गरेको देखिदैन ।

समग्र दाङ जिल्लाको साहित्यिक क्षेत्रमा केही काम भए तापनि लोकसाहित्यको महत्त्वपूर्ण विधा लोकगीतको जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रशस्त कार्य भएको देखिदैन । यहाँ दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली लोकगीतको अध्ययन, अनुसन्धानमा अहिलेसम्म भएका कार्यहरू पर्याप्त र पूर्ण छैनन् । नेपालको कुनाकाप्चामा रहेका लोकगीतहरूको अध्ययन व्यापक रूपमा हुन बाँकी नै छ । लोकगीतको क्षेत्रमा अध्ययन हुन बाँकी कार्यहरू आंशिक रूपमा भए पनि पूर्ति गर्ने लक्ष्य राखेर प्रस्तुत शोध पत्र तयार पारिएको छ । मौखिकरूपमा लोप हुन लागेका तथा छरिएर रहेका स्थानीय लोकगीतहरूलाई सङ्कलन गरेर राष्ट्रियस्तरमा तिनको परिचय प्रदान गरी नेपाली लोकगीतको उन्नतिमा थप योगदान पुऱ्याउनुमा नै यस शोधपत्रको औचित्य रहनेछ । दाङ जिल्लाको लोकसंस्कृति तथा लोकसाहित्यको अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संघ सस्थाहरूलाई यस शोधपत्रवाट बढी लाभ प्राप्त हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

लोकगीत जनमानसमा फैलिएर रहने विधा हो । नेपाली लोकसाहित्यको क्षेत्रमा लोकगीतको क्षेत्र व्यापक भए तापनि यस शोधपत्रमा दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन गरिएको छ । यस क्षेत्रमा दाङ जिल्लाको क्षे.नं. ५ का ८ गा.वि.स. र तुलसीपुर न.पा. मा ७ देखि ११ वडासम्म रहेका छन् । यस क्षेत्रसँग सल्यान, सुर्खेत र बाँके जिल्लाहरू जोडिएका छन् । यी जिल्लाहरूको प्रभाव यस क्षेत्रमा नपरेको होइन तर यहाँ अध्ययन गर्दा यही क्षेत्रमा नै केन्द्रित

भएर तयार पारिएको छ । दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्न यस शोधकार्यमा भएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयारका निम्ति सामग्री सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा गई त्यहाँका मेला र पर्वमा सहभागी बनी आवश्यकता अनुसार गायकहरूवाट गीत सङ्कलन गर्ने काम गरिएको छ भने पुस्तकालयको प्रयोग गरी लोकसाहित्य सम्बन्धी सैद्धान्तिक ग्रन्थवाट सामग्रीको उपयोग गरिएको छ ।

शोधपत्र तयार गर्दा संकलित सामग्रीलाई वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधिको उपयोग गरिएको छ ।

## १.१० अध्ययन पत्रको रूपरेखा

परिच्छेद एक - शोधपत्रको परिचय

परिच्छेद दुई - दाङ जिल्लाको परिचय

परिच्छेद तीन - लोकगीतको सैद्धान्तिक परिचय र दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन तथा विश्लेषण

परिच्छेद चार - दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको सङ्कलन र वर्गीकरण र

परिच्छेद पाँच - उपसंहार

# परिच्छेद–दुई
# दाङ जिल्लाको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यलाई पाँच विकास क्षेत्र, चौध अञ्चल  र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । दाङ जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने राप्ती अञ्चलमा रहेको एउटा भित्री मधेशमा पर्ने जिल्ला हो । नेपाल एकीकरण हुनुभन्दा अगाडि बाइसे चौविसे राज्यमध्ये दङ्गीशरण, फलाबाङी राज्य हालको दाङ जिल्लामा पर्दथ्यो ।  पश्चिममा खस राज्यको पतन पश्चात मल्ल राज्यहरू टुक्रिएर गण्डकी क्षेत्रमा पर्ने चौविसे राज्यको स्थापना हुने क्रममा यी राज्यहरू स्थापना भएका थिए । दाङ राज्यका प्रथम राजा दङ्गीशरण थिए । वि.सं १३०० तिर दाङ राज्यको स्थापना भएको मानिन्छ । [१]

यसरी विशाल नेपालमा गाभिन पुगेको दाङ जिल्लामा अहिले आएर धेरै परिवर्तन भएको छ । यस जिल्लाका धेरै जसो मानिस खेतीपाती तथा पशुपालनमा व्यस्त रहन्छन र विकास निर्माणको काममा पनि आफूलाई समर्पित गरिरहेका देखिन्छन् । त्यस्तै वैदेशिक रोजगार, व्यापारमा यहाँको जनशक्ति लागेको देखिन्छ भने सरकारी सेवामा पनि दङालीहरूको आफ्नै पहिचान छ ।

दाङ जिल्लामा हाल विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था र नेपाल सरकारद्वारा विभिन्न कार्यक्रम संचालन भइरहेका छन् । विकासका पूर्वाधारहरू शिक्षा, स्वास्थ्य, संचार, यातायात, विद्युत, खानेपानी, बाणिज्य व्यापार जस्ता आयामहरू क्रमशः निर्माण हुने चरणमा रहेकाछन् । जिल्लाको भालुवाङदेखि अमिलियासम्म र लमहीदेखि तुलसीपुरसम्मको वाटो कालोपत्रे भइसकेको छ भने तुलसीपुर सल्यान खण्ड कालोपत्रे हुँदैछ साथै गाउँगाउँसम्म कच्ची वाटो पुऱ्याउने काम भइरहेको छ ।

---

१. दाङ जिल्ला : एक चिनारी, जि.वि.स. दाङ (२०६७) ।

विकासको साथसाथै अधुनिकतातर्फ अग्रसर यस जिल्लामा विभिन्न ऐतिहासिक पर्यटक स्थल र धार्मिक स्थलहरू रहेका छन् । यी मध्ये बाह्रकुने ताल, दङ्गीशरण दरबार सुकौरा, सिद्ध गोरक्षरत्ननाथ मठ, चौघेरा, पाण्डेश्वर शिवमन्दिर धारपानी, बगारबाबा धार्मिक क्षेत्र रिहार, घोराही, चमेरे गुफा हलवार, जखेडा ताल सोनपुर, अम्बिकेश्वरी मन्दिर अम्बापुर, छिल्लीकोट बिजौरी, सवारीकोट लक्ष्मीपुर, बागेश्वरी स्यूजा, बङ्गलाचुली लेक, लोहारपानी, रामजानकी मन्दिर कोइलाबास, पुरन्धारा छहरा पुरन्धारा, चरिङ्गे दह रामपुर, पत्खौली ताल डुरुवा, त्रिसिद्देश्वरी मन्दिर तुलसीपुर, राप्ती शान्ति उद्यान गणेशपुर, गौरी गाउँ ताल टरिगाउँ, बोधनाथबाबा कुटीक्षेत्र गोबरडिहा, राधाकृष्ण मन्दिर तथा विश्राम पार्क तुलसीपुर, बल्ले कुनापानी रानीबन थरकोट, देवीकोट मन्दिर हासिपुर, धिमधिमे लेक स्यूजा जस्ता पर्यटकीय स्थलहरु पनि यस जिल्लामा पर्दछन् ।

## २.२ भौगोलिक स्थिति

भौगोलिक अवस्थितिका दृष्टिले दाङ जिल्ला नेपालको तराई प्रदेशको खास गरेर हिमालयपर्वत श्रृंखला भन्दा तल र चुरेपर्वत श्रृंखलाभन्दा माथि महाभारत पर्वत श्रृंखलामा रहेको छ । यस जिल्लामा अग्लाअग्ला पर्वत, लेक, डाँडाहरू रहेका छन् भने साथमा खोला र नदीको बहावक्षेत्रमा सम्म परेको वेसी, फाँटहरू, समथरभूमि र टारहरू रहेको छन् । यसरी हेर्दा दाङ जिल्ला भौगोलिक दृष्टिले समान नभई असमानरूपमा रहेको देखिन्छ ।

### २.२.१ क्षेत्रफल र सीमाना

अक्षांशका हिसावले २७$^{0}$ ३६' उत्तरी अक्षांश देखि २८$^{0}$ २९' उत्तरी अक्षांश र देशान्तरका हिसाबले ८२$^{0}$ २' पूर्वी देशान्तरदेखि ८२$^{0}$ ५' पूर्वी देशान्तरसम्म फैलिएको दाङ जिल्लाको क्षेत्रफल २९५५ वर्ग कि.मि. रहेको छ । समुद्र सतहबाट २१३ मिटर उचाइदेखि २०५८ मिटर उचाइसम्म रहेको छ । दाङ जिल्लाको लम्बाइ पूर्व पश्चिम ९० कि.मी. र उत्तर दक्षिण ७२ कि.मी जति रहेको छ ।[२] यस

२. ऐजन्, पृष्ठ १ ।

जिल्लाको सीमाना पूर्व कपिलवस्तु र अर्घाखाँची, पश्चिममा सुर्खेत, बाँके, उत्तरमा सल्यान, रोल्पा, प्यूठान र दक्षिणमा भारतसँग जोडिएको छ । यस जिल्लाको सबैभन्दा होँचो स्थान सिसहनियाको भानपुर २१३ मिटर र अग्लो स्थान अर्खले हाँसीपुर २०५० मिटर छ ।[३]

### २.२.२ धरातलीय स्वरूप

दाङ जिल्ला धरातलको हिसाबले एकनासको छैन । धरातलीय स्वरूपको आधारमा दाङ जिल्लालाई दुई भागमा बाँड्न सकिन्छ ।

१) देउखुरी क्षेत्र

२) दाङ क्षेत्र

#### २.२.२.१ देउखुरी क्षेत्र

दाङ जिल्लाको ३५% क्षेत्र देउखुरी क्षेत्रले ओगटेको छ । यो जिल्लाको अधिकांश जनसंख्या भित्रीमधेश भागअन्तर्गत नै बसोबास गरेको पाइन्छ । थोरै उचाईक्षेत्रमा भने मानिसको बसोबास न्यून पाइन्छ । यस भागमा पाखो बारी कम र खेत बढी हुने हुँदा यहाँका बासिन्दाले मकै, धान, गहुँ, भटमास खेती वढी गर्दछन् । कागती, नासपाती, आँप, लिची लगायतका फलफूलहरू यस भागमा पाइन्छन् । यस क्षेत्रमा रापती पारिको क्षेत्र र रापती वारिको क्षेत्र गरी रापती नदीले दुई भागमा छुट्याएको छ ।

#### २.२.२.२ दाङ क्षेत्र

दाङ जिल्लाको झण्डै ६५% क्षेत्र दाङ क्षेत्रले ओगटेको छ । पहाडको फेदी, नदी र खोलाको किनारहरूमा रहेका बेसीहरू र टारहरू समथल भूभागहरु यहाँका महत्त्वपूर्ण क्षेत्रहरू  हुन् । यस भागमा उच्च ताप, सिचाइको सुविधा, मलिलो माटोका कारण कृषि उत्पादनमा अगाडि रहेको छ । यी भूभागहरूमा धान, गहुँ, मकै उत्पादन हुन्छ । आलु, काउली, बन्दा जस्ता तरकारी खेती हुन्छन् भने कटहर, केरा, आँप, लिची जस्ता फलफूल उत्पादन हुन्छन् ।

---

३. ऐजन, पृष्ठ १ ।

### २.२.३ हावापानी

दाङ जिल्लाको धरातलीय स्वरूप एकनास भएकोले यहाँको हावापानी पनि फरक फरक पाइँदैन। यहाँको हावापानी समशीतोष्ण मनसुनी हावापानी पाइन्छ।

### २.२.३.१ समशीतोष्ण मनसुनी

समुद्र सतहवाट २१३ मिटरदेखि २०५८ मिटरसम्मको उचाइमा यस किसिमको जलवायु पाइन्छ। हिउँदमा न्यानो रहने यस क्षेत्रमा ग्रीष्ममा ३५$^{0}$ सम्म तापक्रम पुग्ने हुनाले निकै गर्मी हुन्छ।[४]

### २.२.४ नदीनालाहरू

दाङ जिल्लामा प्रशस्त नदीनाला तथा खोलाहरू छन्। जिल्लाभित्र मात्र नभएर स्वदेश तथा विदेशमा समेत नामकमाएको राप्ती, बबई जस्तो पवित्र नदी यसै जिल्लामा पर्दछन्। यी नदीलाई एक पवित्र तीर्थस्थलका रूपमा लिइदै आएको छ। धार्मिक पुराणहरूमा समेत नाम उल्लेखित भएका यी नदीहरुनेपालदेखि भारतसम्म बग्ने गर्दछ।

यस जिल्लामा अन्य नदीहरूमा पातुखोला, गुहारखोला, सेवारखोला, रानीघाट आदि प्रख्यात छन्। नदीहरूमा माछा मार्ने र माछा विक्रि गरेर आफ्नो जीविकोपार्जन गर्ने यहाँका केही मानिसहरू छन्।

### २.२.५ बनजङ्गल

दाङ जिल्ला वनजङ्गलका दृष्टिले अगाडि छ। यहाँको हावापानीमा विविधता भएकोले गर्दा जंगलमा विभिन्न किसिमका बोटविरुवा पाइन्छन्। कृषि, पशुपालन र काष्ठ व्यापार नै यस जिल्लाको आर्थिक क्रियाकलापका आधारशीला हुन्। यी मध्ये कृषि, पशुपालनको आवश्यकता पूर्ति गर्ने मुख्य साधन बनजंगल नै हो। त्यसैले यहाँका बासिन्दासँग बनजंगलको घनिष्ट सम्बन्ध रहेको छ।

---

४. ऐजन्, पृष्ठ ८।

यस जिल्लाको तल्लो भेगका जंगलमा सिसौ, खयर, चिउरी, टुनी, शिरीष, तिजु जस्ता रुखहरूपाइन्छन् । यस प्रकारका रुखहरू विशेष गरी काठका काममा बढी प्रयोग गरिन्छ । उपल्लो भेगतिर भने गुराँस, साझ, सिमल, दवदवे आदि रुखहरू पाइन्छन् जुन दाउराका रूपमा बढी प्रयोग हुन्छन् ।

यस जिल्लाका जंगलहरूमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । तर सही तरिकाले खोज, अनुसन्धान र सदुपयोग भएको पाइदैन । यहाँका जडीबुटीको उपयोग हुन सकेमा स्वदेशी तथा विदेशी मुद्राको आर्जन हुन सक्ने थियो । त्यस्तै यहाँको जंगलमा बाघ, चितुवा, मृग, हरिण, मलसाप्रो खरायो जस्ता जनावर र काग, कोइली, ढुकुर,जुरेली, सारी सुगा, न्याउली, कोकले, कालिज, लुइँचे आदि धेरै पंक्षीहरू रहन्छन् । यहाँका जंगलहरूमा विभिन्न सामुदायिक वन प्रख्यात छन् । आज भोलि भने व्यापक बन विनास हुँदै गएको कारण जंगली जनावर र पंक्षीहरू लोप हुने अवस्थामा छन् ।

### २.२.६ तीर्थस्थलहरू

ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्रहरू यस जिल्लामा प्रशस्त तीर्थस्थल रहेका छन् । यस जिल्लाको प्रमुख तीर्थस्थलहरूमा बाह्रकुने ताल, शीतलपुर, रिहार, अम्बिकेशरी, छिल्लीकोट, बिजौरी र राधाकृष्ण मन्दिर तथा विश्राम पार्क आदि रहेका छन् ।[५] माघे संक्रान्तिमा बाह्रकुने दहमा मेला लाग्दछ । जहाँ देशका विभिन्न ठाउँवाट मानिसहरू दहमा नुहाउन आउने गर्दछन् । हरि बोधनी एकादशी तथा हरिसयनी एकादशीमा त्रिसिद्देश्वरी मन्दिरमा मेला लाग्ने गर्दछ । शिवरात्रीमा शितलपुर र धारपानीमा ठूलो मेला लाग्ने गर्दछ ।

## २.३ सामाजिक जनजीवन

मानिस सामाजिक प्राणी हो । समाज र मानवजीवन वास्तवमा एक सिक्काका दुइ पाटा हुन भन्न सकिन्छ । नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय एवं बहुधार्मिक राज्य भएको कारण दाङ जिल्लाको जनजीवन पनि

५. ऐजन्, पृष्ठ ८ ।

नेपाल भित्रको एक अंगमा  पर्दछ । समाजमा रहेको जातजाति, धर्म, भाषा, पेशा, सहनसहन संस्कृति, संकार, लवाइ खवाइको चित्रण नै सामाजिक जनजीवन अन्तर्गत पर्दछ ।

### २.३.१ जातजाति

दाङ जिल्लामा जातीयताको हिसाबले हेर्दा ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र, चारै वर्णका मानिसहरूको बसोबास भएको पाइन्छ । ती जातिहरुमा क्षेत्री, ब्राह्मण, मगर, थारु, नेवार, मुस्लिम, कामी, यादव, दमाई, ठकुरी सार्की, सन्यासी, बोटे आदि । दाङ जिल्लाका मुख्य बासिन्दाको ठूलो हिस्सा ब्राहमण र क्षेत्रीले ओगटेको देखिन्छ । पुरुषप्रधान समाज यहाँको विशेषता मान्न सकिन्छ । तर आजभोलि भने महिलाहरू पनि सामाजिक कार्यमा अग्रसर हुन थालेका छन् ।[६]

### २.३.२ धर्म

दाङ जिल्लाका अधिकांश मानिसहरूले मान्ने धर्म हिन्दू धर्म हो । यहाँका बासिन्दा हिन्दू धर्म मान्ने भएकोले हिन्दू धर्म अनुसार नै आफ्नो परम्परा र संकृतिको जगेर्ना गरेका छन् । हिन्दू धर्मका साथसाथै यहाँ केही मात्रामा अन्य धर्म मान्ने नागरिकहरू पनि रहेका छन् । जसको विवरण निम्नानुसार छ ।[७]

| धर्म | २०५८ को जनसंख्या | प्रतिशत (२०४८) | प्रतिशत (२०५८) |
|---|---|---|---|
| हिन्दू | २८५०७० | ९९.५७ | ९६.१० |
| बौद्ध | १०९५६ | ०.२६ | ३.६९ |
| इस्लाम | ४१९ | ०.९ | ०.१४ |
| क्रिश्चियन | ११३ | ०.०३ | ०.०४ |
| अन्य | ९६ | ०.०५ | ०.०३ |

६. ऐजन्, पृष्ठ ३ ।

७. ऐजन् ।

### २.३.३ भाषा

दाङ जिल्लामा विभिन्न जातजातिका नागरिकहरू बसोबास गरे पनि यहाँका अधिकांश नागरिकहरू मातृभाषाको रूपमा नेपाली भाषा नै प्रयोग गरी बोलेको पाइन्छ । मगर जातिको बाहुल्यता रहेको क्षेत्रमा मातृभाषाका रूपमा  मगराँती र नेवार जातिको वाहुल्यता भएको क्षेत्रमा नेवारी भाषालाई मातृ भाषाका रूपमा प्रयोग गर्ने गर्दछन् । तर मगर र नेवारहरू अन्य जातीय समुदायसँग नेपाली राष्ट्रभाषालाई माध्यम भाषाका रूपमा प्रयोग गरेर बोल्ने गर्दछन् ।

नेपाली भाषा बोल्ने क्रममा केही मगर गुरुङ र नेवारहरूले 'त' लाई ट /ड बनाएर बोलेको पनि पाइन्छ । कामी दमाई, सार्की आदिले आउछ-आन्छ, पिंध-पेध, विहान-वेन, मलाई -माला, चोया-चोए जस्ता केही शब्दको आफ्नै प्रकारले प्रयोग गर्दछन् तापनि उनीहरूको यस्तो प्रयोग सामान्य नै लाग्दछ । उनीहरूमा यस्ता शब्दको प्रयोग मगराँतीको प्रभाव तथा स्तरीय भाषिक अभ्यासको कमीका कारणले गर्दा भएको हो ।

यसरी अधिकांश जनसंख्याले नेपाली बोल्ने गरे तापनि यस जिल्लामा बोलिने भाषिकामा नेपाली भाषाको मानक रूप भन्दा केही बेग्लै प्रकारको संरचनात्मक स्वरूप फेला पर्दछ । जस्तैः

| स्थानीय नेपाली | मानक नेपाली |
|---|---|
| हुन्च | हुन्छ |
| लोट्नु | लड्नु |
| मार्नु | पिट्नु |
| कौनो | कुन |
| दैलो | ढोका |
| गइम | गयौं |
| केर | क्यारे |

| | |
|---|---|
| हाम्लाइ | हामीलाई |
| नाम्रो | राम्रो |
| भरे | साँझ |
| आइसल | अर्को साल |
| वर्को | पछ्यौरा |
| ढाड | पिठ्युँ |
| मस्तै | धेरै |
| सिन्की | गुन्द्रुक |
| भो | हुदैन |

यस्ता शब्दको प्रयोग लेखाइमा नभएर भनाइमा मात्र सीमित रहन्छन् ।

### २.३.४ पेसा

दाङ जिल्लाका मानिसहरूको मुख्य पेसा भनेको कृषि नै हो । यस जिल्लाका करिव ८०% जनता कृषिमानै निर्भर छन् तापनि अधिकांश पहाडी भागमा सिंचाइको असुविधा र खेती योग्य जमिनको अभावमा कम उव्जनी हुने, आकाशे पानीको भरमा खेती गर्नु पर्ने हुँदा आशातित उब्जनी हुन सकेको छैन । तर पनि आफ्नो अधिकांश समय कृषि पेशामा नै विताउनु पर्ने बाध्यता छ । कृषि कार्य परम्परागत तरिकाले अगाडि बढेको र समयको रूपान्तरणलाई अनुभूत गरेर व्यवसायिक कृषि तर्फ यहाँका किसानले लाभलिन सकेको देखिदैन । कृषि बजारको अभाव, कृषिका आबश्यकता, आधुनिकीकरण बमोजिम पुराहुन नसकेको हुँदा कृषिवाट राम्रो प्रतिफल लिन सकेको देखिदैन । यस कारण यहाँका मानिसहरू अल्पकालीन रोजगारीको खोजीमा विदेशतर्फ जाने गरेको देखिन्छ । यहाँ केही कुमालहरूले माटाका भाडा बनाएर बेच्ने गरेको पनि पाइन्छ ।

दाङ जिल्लाका मानिसहरू कृषि पेशामा मात्र निर्भर नभएर व्यापार प्रसाशनिक क्षेत्रमा समेत प्रवेश गरेका छन् । यहाँ चिया पसलदेखि लिएर ठूलाठूला

समाग्रीहरू विक्री गर्ने पसलहरू रहेका छन् । प्रशासनिक क्षेत्रमा यहाँका व्यक्तिहरू साना तहदेखि उच्च पदमा समेत पुगेका छन् । यहाँका मानिसहरू व्रिटिस गोर्खा सेना तथा भारतीय सेनामा समेत भर्ती भएका छन् । हाल आएर यहाँका शिक्षित युवाहरू नेपालको प्रसाशनिक सेवातर्फ रुचिसाथ लागि परेको पाइन्छ । आजभोलि बेरोजगारको कारण थुप्रै युवाहरू रोजगारको लागि विभिन्न देशमा गएर काम गर्ने गरेको पनि पाइन्छ ।

जातिगत हिसाबले हेर्दा यस जिल्लाका ब्राहमणको पेसा पण्डित्याँइ र जागिर छ । क्षेत्री, मगर, गुरुङ्ग पल्टनमा भर्ती हुने र कमै मात्रामा प्रसासनिक क्षेत्रमा कार्यरत छन् । कामी, दमाई, सुनार कुमालले क्रमशः फलामको काम गर्ने, लुगा सिउने, गहना बनाउने र माटाका भाँडा बनाउने गर्दछन् र केही मानिसहरूले डकर्मी र सिकर्मीको काम गर्दछन् । यसरी दाङ जिल्लाका मानिसहरूले जीविकोपार्जनका लागि विभिन्न पेसामा लागेको पाइन्छ ।

### २.३.५ रहनसहन

दाङ जिल्लाको रहनसहन नेपालका अन्य क्षेत्रसँग समानुपातिक नै देखिन्छ । ग्रामीण क्षेत्रमा परम्परागत जीवनशैली नै देखिन्छ भने शहरी क्षेत्रमा आयातित जीवनशैलीलाई सुस्त-सुस्त अङ्गीकार गर्दै गएको देखिन्छ । आधुनिकताको अनुशरण गरे तापनि परम्परागत सामाजिक जीवन भने यथावत नै यापन गरेको देखिन्छ । सरल, स्वाबलम्वी, परिश्रमी र सहयोगी यहाँका मानिसहरूले आपत विपत परेको समयमा एकलेअर्कालाई अत्यन्तै सहयोग गरेको पाइन्छ । यहाँका धेरै जसो घर एक तले, कही दुईतले तीनतले पनि पाइन्छन् । पहिला घर कटेरा छाउने काम खरले गरिन्थ्यो भने आजभोलि जस्तापाताले छाउने काम गरिन्छ । अधिक व्यापारिक केन्द्रहरूमा पिलर सहितका पक्की घरहरू पनि निर्माण भइरहेका छन् ।

### २.३.५.१ संस्कार

मानिसको गर्भाधानदेखि मृत्युपर्यन्त गरिने विभिन्न विधिविधानलाई संस्कार भनिन्छ । हिन्दू धर्म अनुसार १६ संस्कारको उल्लेख गरिए तापनि यहाँका जनताले सबै सस्कारलाई मानेको पाइदैन । यहाँका मानिसहरूले मानी आएका सस्कारहरूमा गर्भाधान भए पछि जातकर्म जन्मेको छैटौ दिनमा छैंटी एघारौ दिनमा न्वारन, ६ महिनामा अन्नप्रासन्न गर्दछन् । त्यस्तै चूडाकर्म, व्रतवन्ध, विवाह र मृत्यु पछि मृत्यु संस्कार गर्ने गरेको पाइन्छ । यहाँका बासिन्दाहरू पुरातन संस्कारमा विश्वास गर्ने हुँदा समयको आधुनिकीकरणवाट टाढै बसेर अझै पनि धामी, झाँक्री, वाइ, बोक्सी, लागो भागो, मसान माथि विश्वास गर्ने गर्दछन् ।

### २.३.५.२ लवाइ खवाइ

दाङ जिल्लाका मानिसहरूले केही मात्रामा जात र धर्म अनुसारको लवाइ खवाइ गरे तापनि समग्रमा हेर्दा सबै मानिसको एकै किसिमको जस्तो देखिन्छ । यहाँको लवाइखवाइमा आर्थिक अवस्थाले प्रभाव पार्ने गरेको छ । उच्च आर्थिक श्रोत भएका व्यक्तिहरूले नयाँ नयाँ फेसन अनुसार र महँगा कपडा लगाउने तथा कम आय श्रोत भएका व्यक्तिहरूले सस्तो मूल्यका कपडा लगाउने गर्दछन् । तर पनि यहाँका मानिसहरू आफ्नो रुचि र उमेर अनुसार लुगा लगाउने गर्दछन् । समग्रमा भन्दा यहाँका लोग्ने मानिसहरू दौरा सुरुवाल, टोपी, कमिज, इस्टकोट, पाइन्ट, जाँगे कोट, धोती, टी-सर्ट जस्ता लुगा लगाउँछन् । त्यस्तै आइमाईहरूले धोती, चोलो, पटुका, पछयौरी, मेक्सी, व्लाउज, लुंगी का साथै सुनका गहनाहरू लगाउने गर्दछन् । स्कुल जाने केटीहरूले कमिज, मिड्डी, कुर्ता सिरुवाल लगाउने गर्दछन् ।

यस जिल्लाको मुख्य खेती धान, मकै र गहुँ भएकाले यहाँका मानिसहरूको मुख्य खाना भात, मकैकोआटो र रोटी नै हो । खाजाको रूपमा मकै पोलेर, भुटेर खाने, गहुँको रोटी बनाएर खाने गर्दछन् । धान खेतीगर्न खेत नहुनेहरूले किनेर भए

पनि दाल, भात, तरकारी खाने चलन प्रशस्त चलेको  देखिन्छ । दुध, दही, घ्यु , माछामासु आदिलाई तागतिलो र पोसिलो खाने कुराका रूपमा लिइन्छ । मासु खाँदा जात अनुसारको मासु खाने गर्दछन् । जस्तै बाहुन क्षेत्रीले बाख्रा खसीको मासु खाने गर्दछन्  भने समाजका तल्लाजात भनिदै आएका वैश्य सुद्रले कुखुरा, राँगा, पाडा, सुँगुर, हाँस आदिको मासु खाने गर्दछन् । यहाँ चाड पर्व अनुसार विभिन्न प्रकारका खाने कुरा खाने प्रचलन छ । जस्तै दशैमा मासु, रोटी, केरा, तिहारमा रोटी, फलफुल तीजमा खीर, दही, घ्यु र माघे संक्रान्तिमा खिचडी, रोटी, तरुल आदि खाने चलन छ ।

### २.३.५.३ चाडपर्व

अधिकांश दङालीहरू हिन्दु धर्मालम्वी भएको हुँदाँ यहाँका मुख्य चाडपर्वहरू दशै, तिहार, तीज हुन् । थकित जीवनलाई केही समयको लागि विश्रान्ति दिने क्रममा यहाँ चाडपर्वहरू धूमधामसँग मनाउने र खर्च गर्ने प्रचलन रहेको छ ।  दसैं असोज महिनामा मनाउने चाड हो । आश्विन शुक्ल प्रतिपदा देखि पूर्णिमा सम्म दसैं मनाउने गरिन्छ। दसैंमा भगवतीको मन्दिरमा बली चढाएर मासु खाने गरिन्छ । दशमीको दिन मान्यजनको हातवाट टिका ग्रहण गर्ने गरिन्छ । दशमी देखि पूर्णिमासम्म विभिन्न स्थानमा मेला लाग्ने र सराँए खेल्ने चलन छ । तिहारमा दिदीवहिनीका हातबाट टीका लागाउने, सेल रोटी खाने जुवा खेल्ने तथा देउसी भैलो खेलेर मनाइन्छ। तीजलाई महिलाहरूले ठूलो पर्वकारूपमा लिने   गर्दछन् । तीजमा आफ्ना सबै दिदीबहिनीहरू जम्मा हुने राम्रो लगाउने, मीठो खाने र तीजको गीत गाउने गर्दछन् । चाडपर्वको समयमा टाढा टाढा गएका आफन्तहरू घरफर्कने र चाडपर्वहरू मनाउने गरिन्छ । यी बाहेक अन्य पर्वहरूमा हरिसयनी एकादशी, साउने सक्रान्ति, शिवरात्री, चैतेदसैं देवाली आदि रहेका छन् भने दाङमा थारु जतिको उल्लेख्य बसोबास भएकाले माघमा माघीपर्व धूमधामसँग मनाउने गर्दछन् ।

## २.४ राजनैतिक तथा प्रसाशनिक विभाजन

दाङ जिल्ला प्रसाशकीय विभाजन अन्तर्गत मध्यपश्चिमाञ्चल विकास क्षेत्रको रापती अञ्चलमा पर्ने एउटा जिल्ला हो । वि.सं.२०१९ सालमा नेपाल अधिराज्यको संविधान लागू भएपछि दाङ र देउखुरीलाई दुई जिल्ला बनाइयो तापनि वि.सं.२०२४ सालसम्म एउटै अड्डा प्रमुखले दुवै जिल्ला हेर्ने गर्दथे । वि.सं.२०२५ सालमा प्रमुख जिल्ला अधिकारीको व्यवस्था भएपछि एउटै प्र.जि.अ.ले प्रशासन संचालन गर्ने व्यवस्था रहेको छ ।

दाङ जिल्लालाई वि.सं.२०१९ देखि वि.सं.२०३३ सालसम्म ३८ वटा गाउँ पञ्चायतमा विभाजन गरिएको थियो । वि.सं.२०३७ सालमा गा.प.को संख्यालाई विस्तार गरि ४० वटा गा.प. बनाइयो । नेपाल अधिराज्यको संविधान २०४७ लागुहुनु पूर्व दाङ जिल्लावाट राष्ट्रिय पञ्चायत को संसदमा २ जना सदस्यले प्रतिनिधित्व गर्दथे ।

वि.सं.२०४७ सालको संविधान पछि त्रि.न.न.पा. १ नगरपालिका बनाइयो । चारवटा निवार्चन क्षेत्र र १३ इलाकामा विभाजित गरियो । प्रजातन्त्र पुनः स्थापना पछि वि.सं. २०४८ सालमा भएको निवार्चनमा ४ वटै सिटमा नेपाली काँग्रेस विजयी भएको थियो । वि.सं. २०५१ को मध्यावधि निर्वाचन १ स्थान तथा २०५६ सालको निर्वाचनमा ने.क.पा.एमालेले विजय हासिल गरेको थियो । अहिले २०६३को अन्तरिम संविधानको व्यवस्थानुसार संविधान सभाको निर्वाचनमा ५ क्षेत्र कायम गरिएको छ । ५ वटै क्षेत्रमा ने.क.पा. माओवादीले जितेको छ । दाङ जिल्लामा प्रभाव भएका मुख्य दलहरूमा, नेपाली कांग्रेश, ने.क.पा. एमाले, ने.क.पा माओवादी, रा.प्र.पा. रहेका छन् । दाङ जिल्लामा पाँचवटा निर्वाचन क्षेत्र अन्तर्गत पर्ने ३९ गाउँ विकास समितिहरू र दुई नगरपालिका रहेका छन् । [८]

---

८. ऐजन्, पृष्ठ ६ ।

**निर्वाचन क्षेत्र नं १**

यस क्षेत्रमा गोबरडिहा, गंगापरसपुर, कोइलावास, गढवा, चैलाही, सतवरिया, बेला, राजपुर र सोनपुर गा.वि.स रहेका छन् ।

**निर्वाचन क्षेत्र नं २**

यस क्षेत्रमा रामपुर, लक्ष्मीपुर, हाँसीपुर, लोहारपानी, काभ्रे, सैघा, स्यूजा, लालमटिया, सिसहनिया रहेका छन् ।

**निर्वाचन क्षेत्र नं ३**

यस क्षेत्रमा हापुर, नारायणपुर, ढिकपुर, घोराही न.पा., धर्ना, सौडियार रहेका छन् ।

**निर्वाचन क्षेत्र नं. ४**

तुलसीपुर नगरपालिका वार्ड नं. १ देखि ६ सम्म डुरुवा, मानपुर विजौरी, फुलबारी, हलवार, टरिगाउँ, उरहरी रहेका छन् ।

**निर्वाचन क्षेत्र नं. ५**

यस क्षेत्रमा पुरनधारा, बाघमारे, पञ्चकुले, धनौरी, शान्तिनगर, पवन नगर, हेकुली, गोल्टाकुरी र तुलसीपुर नगरपालिका वार्ड नं. ७ देखि ११ सम्मका रहेका छन् ।

## २.५ जनसंख्या

दाङ जिल्ला भित्री मधेश जिल्ला भएकाले यहाँको जनसंख्या बढिनै छ । वि.सं.२०५८ सालको जनगणनाअनुसार दाङ जिल्लाको जनसंख्या ४६२३८० रहेको छ । जनसंख्या विवरण यस प्रकार रहेको छ ।[९]

| जनसंख्या | २०५८ |
|---|---|
| घरधुरी | ८२४९५ |
| पुरुषको संख्या | २२८९५८ |
| महिलाको संख्या | २३३४२२ |
| कुल जनसंख्या | ४६२३८० |
| जनसंख्या वृद्धि दर | २.६ |
| ज.घ. प्रति वर्ग कि.मी. | १५६.४७ |

९. ऐजन, पृष्ठ ६ ।

## २.६ शैक्षिक अवस्था

दाङ जिल्लामा धेरै धरै पहिले देखिनै गुरुकुल शिक्षावाट शिक्षा आर्जन गर्ने प्रचलन भए पनि विधिवत रूपमा सर्वप्रथम वि.सं. १९८९मा जनता पाठशाला स्थापना भएको पाइन्छ । त्यसपछि विस्तारै शिक्षा क्षेत्रमा बामे सर्न थालेको दाङ जिल्लामा हाल आएर ५०७ बालविकास केन्द्र पूर्व प्राथमिक ३३९ प्राथमिक, ६१ नि.मा.वि., ८५ मा.वि. र २७ उच्च मा.वि. विद्यालय रहेका छन् । त्यस्तै ७ क्याम्पस र ३ टेक्नीकल इन्टिच्युट रहेका छन् । दाङ जिल्लाको कुल साक्षरता प्रतिशत हर्दा महिला साक्षरता ४६.९% र पुरूप साक्षरता ६९.३% देखिन्छ भने दलित साक्षरता प्रतिशत महिला २% र पुरुष ४% रहेको देखिन्छ । यसरी यस जिल्लाको कुल साक्षरता प्रतिशत ५८% देखिन्छ भने दलित साक्षरता ६% देखिन्छ ।[१०]

## २.७ स्वास्थ्य

स्वास्थ्यका दृष्टिकोणले दाङमा जिल्ला अस्पतालको स्थापना वि.सं.२०३१ सालमा घोराहीमा भएको थियो । अहिले प्रायः सबै गा.वि.स.हरूमा स्वास्थ्य उपचारका लागि विभिन्न स्वास्थ्य केन्द्रहरू स्थापना भएका छन् । जसको कारण सामान्य उपचारको निम्ति धरै टाढा जानु पर्ने देखिदैन । जिल्ला भरमा स्वास्थ्य सेवा प्रदान गर्न स्थापना भएका संस्थाहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

| | |
|---|---|
| १) राप्ती अञ्चल अस्पताल, तुलसीपुर | १ |
| २) राप्ती उपक्षेत्रीय अस्पताल, घोराही | १ |
| ३) आयुर्वेदिक चिकित्सालय, बिजौरी | १ |
| ४) प्राथमिक स्वास्थ्य केन्द्र | ४ |
| ५) स्वास्थ्य चौकी | १० |
| ६) उपस्वास्थ्य चौकी | २६ |
| ७) आयुर्वेदिक औषधालय | २ |

१०. ऐजन्, पृष्ठ ४।

८) निजी क्षेत्रवाट संचालित औषधी पसल १७८

९) डाक्टर दरबन्दी १७

## २.८ यातायात

विकासको मेरूदण्डकोरूपमा स्वीकार गरिएको यातायातको विकासको दृष्टिले दाङ जिल्ला धरै पछि मात्र विकास हुन थालेको देखिन्छ । पहिले दाङका जनताहरू १० दिनको वाटो हिडेर, नुन, मट्टितेल, कपडा आदि आवश्यक समाग्री बोकेर ल्याउने गर्दथे । पहाडी सडक मध्ये अत्यन्तै व्यस्त रूपमा सवारी साधन चल्ने यो सडक भरखर मात्र कालोपत्रे भएको छ । यस जिल्लाका अन्य सडकहरूमा पाँचवटै निवार्चन क्षेत्रका २८ वटा गा.वि.स.हरू जोड्ने हरित सडकको तीब्र गतिमा कार्य भइरहेको छ । दाङ जिल्लामा हाल सम्म सबै गा.वि.स. हरूमा मोटरवाटो पुगिसकेको छ भने १३८ कि.मी. कालोपत्रे, ग्राभेल २५७ कि.मी. कच्ची ४०९२ कि.मी. भइसकेको छ । दाङ सल्यान र दाङ सुर्खेत सडक निमार्ण कार्य संचालन भइरहेको छ । छिमेकी जिल्लाहरू जोड्ने सडकहरूपनि सम्पन्न भइरहेका छन् । भौगोलिक अवस्थितिका दृष्टिकोणले यातायात नै एक मात्र महत्त्वपूर्ण यातायातको साधन रहेको छ ।

## २.९ सञ्चार

दाङ जिल्लामा जिल्ला हुलाक १, इलाका हुलाक १४, अतिरिक्त हुलाका ३०, टेलिफोन लाइन सबै ९००० टेलिफोन सेवा पुगेको गा.वि.स. ३९ र न.पा. २ रहेका छन् ।

## २.१० विद्युत

दाङ जिल्लामा विद्युत लाइन छोएका गा.वि.स. ३८ ग्राहक संख्या ३०८८९ तथा औद्योगिक ग्राहक संख्या ४७७ रहेको छ ।

## २.११ सिंचाई

दाङ जिल्लामा सिचाइयोग्य जमिन ६९९५० हेक्टर र सिञ्चित क्षेत्र ५७८२७ हेक्टर रहेको छ।[११]

## २.१२ वन

दाङ जिल्लमा जम्मा वनक्षेत्र २०१९०० हेक्टर, चरिचरन क्षेत्र ८५९१ हेक्टर, निजी वन २६४ वटा १३७ हेक्टर सामुदायिक वनसंख्या ४३८ (६२२९५ हेक्टर) महिला सामुदायिक वन ५९ (२४६२ हेक्टर) धर्मिक वन ३ (६४.३३) सामुदायिक वनक्षेत्रफल ९२२९५ हेक्टर लाभान्वित घरधुरी ८४८५३ लाभान्वित जनसंख्या ४४३२८५ र कबुलियत वन १ (५८ हेक्टर) रहेको छ।[१२]

## २.१३ कृषि

दाङ जिल्लामा खाद्यान्न बाली उत्पादन २२६३८५ मेट्रिक टन, माछापालन उत्पादन ३३२ मे.ट. नगदेबाली तेलहन १३९७० मे.ट. अदुवा ६१३४ मे.ट., खाद्यान्नवालीमा धान १५९९० मे.ट. गहुँ २२२२५ मे.ट. मकै ४४२०० मे.ट., कोदो १६० मे.ट., जौ ३२ मे.ट. रहेको छ।[१३]

## २.१४ खानेपानी

दाङ जिल्लामा पाइपबाट खानेपानी सुविधा पाएका घरधुरी ४२.७४ प्रतिशत खानेपानी उपलब्ध भएको जनसंख्या ५३.८५ प्रतिशत नगरक्षेत्रमा ८० प्रतिशत ग्रामीण क्षेत्रमा ७० प्रतिशत शौचालय प्रयोग गर्ने घरधुरी ३१.६१ प्रतिशत रहेको छ।[१४]

---

११. ऐजन्, पृष्ठ ८।
१२. ऐजन्।
१३. ऐजन्।
१४. ऐजन्।

## २.१५ दाङ जिल्लाको शैक्षिक झलक

### (क) विद्यालय विवरण

| विवरण | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि |
|---|---|---|---|---|
| सामुदायिक | ४१३ | ११७ | ७४ | ३१ |
| संस्थागत | ८४ | १९ | ५६ | १७ |
| जम्मा | ४९७ | १३६ | १३० | ४८ |

(ख) शिक्षक विवरण (सामुदायिकतर्फ)

| विवरण | प्रा.वि. | नि.मा.वि. | मा.वि. |
|---|---|---|---|
| दरबन्दी | १२४० | २७८ | २२२ |
| राहत | ४५५ | १३४ | ५६ |
| जम्मा | १६९५ | ४१२ | २७८ |

(ग) शिक्षक विद्यार्थी अनुपात (सामुदायिकतर्फ)

| विवरण | प्रा.वि. |
|---|---|
| नि.मा.वि | ५३.८४ |
| मा.वि. | ९७.६६ |
| जम्मा | ६३.०७ |

(घ) शैक्षिक उपलब्धि[१५]

| जम्मा विद्यार्थी | उत्तिर्ण प्रतिशत | कक्षा | शैक्षिक सत्र | विवरण |
|---|---|---|---|---|
| १२८१२ | ८५.६१ | ८ | २०६७ | सामुदायिक संस्थागत दुबै |
| १६८१ | ९७ | एस.एल.सी. | २०६६ | संस्थागततर्फ |
| ७००५ | ४०.६१ | एस.एल.सी. | २०६६ | सामुदायिकतर्फ |

(ङ). विद्यार्थी विवरण[१६]

| सामुदायिकतर्फ | | | | संस्थागततर्फ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तह | छात्र | छात्रा | जम्मा | तह | छात्र | छात्रा | जम्मा | कूल जम्मा |
| प्राथमिक | ४७४६३ | ४३७९६ | ९१२५९ | प्राथमिक | ७००० | ९६४८९ | १६४८९ | १०७७४८ |
| नि.मा.वि. | २१४१ | १८४९६ | ४०२३७ | नि.मा.वि. | २०१० | ३१०० | ५११० | ४५३४७ |
| मा.वि. | ९०२७ | ८५०९ | १७५३६ | मा.वि. | १२२५ | १७१० | २९३५ | २०४७१ |
| जम्मा | ७८२३१ | ७०८०१ | १४९०३२ | जम्मा | १०२३५ | १४२९९ | २४५३४ | १७३५६६ |

## २.१६ निष्कर्ष

दाङ जिल्ला नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रापती अञ्चलका ५ जिल्ला मध्ये एउटा भित्रीमधेशको जिल्ला हो । ३९ वटा गा.वि.स., २ नगरपालिका, १३ इलाका र ५ निवार्चन क्षेत्रमा विभाजित यस जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । आफ्नो संस्कृति

१५. जिल्ला शिक्षा कार्यालय, दाङ, शैक्षिक क्यालेन्डर, (२०६८), पृष्ठ १ ।
१६. ऐजन् ।

परम्परामा गौरव गर्ने दाङका जनताहरूमा धार्मिक सहिष्णुता, सहअस्तित्त्व र आफू-आफू बीचमा समझदारी रहेको पाइन्छ ।

दाङ जिल्लामा प्राचीन समयदेखि हालसम्म आइपुग्दा ऐतिहासिक धार्मिक, शैक्षिक, राजनैतिक दृष्टिकोणले अगाडि रहेको छ । जीवन निर्वाहको प्रमुख स्रोत कृषि भएको यो जिल्लाका मानिसहरूको अन्य श्रोतमा व्यापार उद्योग स्वदेशी तथा वैदेशिक रोजगारी रहेको छ । भौगोलिक विकटताका कारण ढिलो मात्र यातायातको सुविधा प्राप्त गर्दै गएको यस जिल्लाका मानिसहरू संचार र शिक्षाको क्षेत्रवाट भने अगाडि नै रहेका छन् । विकास निर्माणको काममा यो जिल्लाले विभिन्न स्वदेशी तथा विदेशी संघसंस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गरिरहेको छ । यहाँका मानिसहरू विकास निर्माणका कार्यमा एकजुट हुने र आपसी समझदारीकासाथ अग्रसर भएको देखिन्छ ।

# परिच्छेद–तीन

# लोकगीतको सैद्धान्तिक परिचय तथा दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन र विश्लेषण

## ३.१ लोक साहित्य

'लोक' शब्द अंग्रेजीको 'फोक' (Folk) शब्दको समानार्थी शब्दको रूपमा प्रयोग गरिएको पाइन्छ । यस शब्दको प्रचलन प्राचीन समय देखिनै विशिष्ट रूपमा रहेको देखिन्छ । ऋगवेद, उपनिषद, ब्राह्मण ग्रन्थ एवं संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्त्वका रूपमा स्वीकार गरिएको पाइन्छ । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थबोध गर्ने भए तापनि लोकसाहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशका परम्मराको जीवितरहने वर्गलाई वुझाउछ ।[1] 'लोक' शब्द संस्कृत हो र यसको बैदिक अर्थले विशेष रूपमा संवेदनशील र अनुभूतिशील जनसमुदायलाई बुझाउने गर्दछ ।[2] हाल आएर लोक शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकांश विद्वानहरू यसलाई साधारण जनसमाजको अर्थमा लिन्छन्, जसभित्र जाति, वर्ग, धर्म संस्कृति आदि समेटिएको हुन्छ । लोक साहित्यमा 'लोक' शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । 'साहित्य' शब्दले जनताको हितका निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति लोकसाहित्य हो भन्ने अर्थ व्यक्त गर्दछ । यसरी समष्टि अर्थ लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति 'लोकसाहित्य' हो भन्ने अर्थ प्रयुक्त भएको छ । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ, जहाँ शिक्षित भन्दा अशिक्षित व्यक्तिको माझमा लोकसाहित्यले व्याप्ति पाएको हुन्छ । लोकसाहित्यमा लोकतत्त्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयताचाँहि गौण भएर रहेको हुन्छ । लोकसाहित्य भन्नाले समाजको मस्तिष्क अथवा प्राणस्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा श्री सम्पत्तिको रूपमा अङ्गीकार गरिराखेको हुन्छ ।[3]

---

१. ईश्वर वराल र अन्य (सम्पा) **नेपाली साहित्य कोष** (काठमाडौः ने.रा.प्र.प्र., २०५५) पृ. ४३१ ।
२. धर्मराज थापा, **गण्डकीका सुसेली** (काठमाडौ : ने.रा.प्र.प्र., २०३०) पृ. १३ ।
३. ईश्वर वराल र अन्य (सम्पा) **पूर्ववत्** पृ. ४३१ ।

लोकसाहित्य मौखिक परम्परामा हुर्केको हुन्छ, कुनवेला कसले सृजना गऱ्यो भन्ने कुरा यसमा हुँदैन । लोकसाहित्य लोकबाट आएको, लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया–प्रतिक्रिया गुञ्जन्छन् र लोकको आत्मजीवन बोल्छ ।[४] यसरी लोकसाहित्यमा लोकजीवनका हाँसो–आँसु, हर्ष–विष्मात, सुख–दुःखको अभिव्यक्ति हुन्छ । लोकसाहित्य लोकको सहज र स्वच्छन्द अभिब्यक्ति हो, जुन लोकले सरल र स्वच्छन्दरूपले ग्रहण गर्दछ । लोकले सजिलै वुभ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । लोक साहित्य लोक जीवनमा कहिल्यै नहराउने अजर अमर साभ्का सम्पत्ति हो । यसरी लोक मानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय वन्धनबाट मुक्त रहेर लोकमा आधारित मानवजीवनको हर्ष-विस्मात, हाँसो-आँसु, सुःख-दुःख, माया-प्रेम आदिको चित्रण भएको मौखिक साहित्य नै लोक साहित्य हो ।

## ३.२ लोक साहित्यका प्रकार

लोक साहित्यमा पनि साहित्यका विभिन्न विद्या–उपविद्या भ्कैं भेद उपभेद पाइन्छ । यिनका कतिपय साभ्का विशेषताले गर्दा यी एउटै लोक साहित्यका छाता भित्र पर्दछन् भने आ–आफ्ना निजी विशेषताका कारणले यिनको अलग अलग विद्यागत अस्तित्व पनि कायम भएको छ । यी सबै लोकसँग सम्बन्धित छन् । यिनका स्रष्टा अज्ञात छन् र मौखिक अभिव्यक्ति एवम् श्रुति परम्परामा यी जीवित छन् । यी सबै भाषिक माध्यमबाट व्यक्त हुने सुन्दर र प्रभावकारी साहित्यिक अभिव्यक्तिसँग गाँसिएका छन् । यिनका आकार प्रकार, विधिविधान, अभिव्यक्ति शैली आदिमा भने कोही न केही न केही अन्तर छ ।

---

४. कृष्णप्रसाद पराजुली, **लोकसाहित्य परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार,** (२०५४), पृ. १०१ ।

क) लोककथा ख) लोकगीत वा लोकपद्य ग) लोकगाथा घ) लोकनाटक ङ) उखान च) टुक्का छ) गाँउखाने कथा आदि ।[५]

### ३.२.१ लोक कथा

लोक कथालाई कथा, दन्त्यकथा, बात र सास्तर पनि भनिन्छ । यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । नेपाली साहित्यमा यसको लिखित रुप १८औं शताब्दीमा भेटिन्छ । लोक कथालाई संसारका कथाा साहित्यको जनक पनि भनिन्छ ।

### ३.२.२ लोकगीत

लोक साहित्यमा लोकगीतको प्रमुख स्थान छ । बालबालिकाका रुपमा बुर्कुसी मार्दै वा तिनैलाई झोलुङगामा हल्लाउँदै, जाँतो दिंकी चलाउँदै र खेतबारी र बनपाखामा ढल्किँदै अनि मेलमिलापमा रमाउँदै र चाडपर्वमा रौसिँदै लोकगीतका भाकाहरु गाइन्छन् । राष्ट्रिय, जातीय, गौरव, संस्कारिक क्रियाकलाप धार्मिक पूजाआजा आदिलाई पनि लोकगीतले टिपेकै हुन्छन् । नारी होस् वा पुरुष बालक होस् वा प्रौढ सबै जना लोकगीत सुन्न हुरुक्क हुन्छन् । यसमा विद्यमान शृङगार, करुण, वीर, हास्य, शान्त आदि भावतिरेकमा लोकगायक र श्रोताले बिर्सिदिन्छन् । त्यसैले लोकगीत कुनै पनि देश समाज र जातिको गेयात्मक अभिव्यक्तिमा आउने ठूलो सांस्कृतिक सम्पति मानिन्छ ।[६]

जीवनजगतका तरलतम भाव तदनुरुपको कोमल भाषा र मष्तिष्क भन्दा हृदय यस सँग टाँसिएका हुन्छन् । भावका प्रबलताले गर्दा लोकगीत सुन्दा सुन्दै कतिपय मान्छेमा तुरुन्तै हाँस्ने वा आँसु देखापर्न थाल्छ । त्यसैले भावनाको प्रवाह र संवेगलाई लोकजनित लयात्मक अभिव्यक्तिमा प्रस्तुत गर्दै जाने कलाका रुपमा लोकगीतलाई चिनाउँछन् । लोकगीतले असल विचारलाई पनि घोलेरै सम्प्रेषण गरेमा त झन् सुनमा सुगन्ध हुन जान्छ । यसरी नै भाषिक सरलता र एवंम् लयका सङगतिपूर्ण आरोह–अवरोहबाट यसले शक्ति बटुल्दछ । विषयवस्तु अनुरुप लोकगीतलाई कर्मगीत, प्रेमगीत, शोकगीत, संस्कार गीत भक्तिगीत आदि नाम दिइएको पाइन्छ । यसरी नै क्षेत्रका आधारमा लिङगका आधारमा जातिका आधारमा, उमेर अवस्थाका आधारमा तथा गायन, वादन नर्तनका साहचर्यका आधारमा पार्न लोकगीतको नामकरण गरिएको छ ।

५. डा.जीवेन्द्र गिरी, नेपाली लोक साहित्यमा जनजीवन, (एकता प्रकाशन काठमाडौं, २०६७), पृष्ठ ८ ।
६. कृष्णप्रसाद पराजुली, "नेपाली लोकगीतको आलोक, (२०५१), पृष्ठ २३ ।

जुम्लीगीत, भोजपुरे गीत, थारुगीत, तामाङगीत, नारीगित, प्रौढ गीत, समूहगीत, नृत्यगीत, वाद्यगीत आदि नामकरण तिनै आधार ख्याल गरेर गरिगरिएको । लोकगीतमा नृत्य र वाद्यको अनिवार्यता नभए पनि तिनको साहचर्यबाट यसले विशेष प्रभाव जमाउन सक्दछ । नेपाली लोक साहित्यमा लोकपद्यको स्थान पनि अलग्गै सुरक्षित छ । शास्त्रीय छन्दमा नजिक पुगेर पद्यात्मक अभिव्यक्ति प्रदान गर्ने अथवा कविताको हाराहारीमा पुगेर भाव र लयलाई लोकजीवनमा फिजाँउने काम लोक कविताहरुले गर्दै आएका छन् । विवाहका अवसरमा यस्ता लोक पद्यमा रस्वास्वादन हामीले गर्दै आएका छौ र अड्को, भ्याँगा, कवित्त, खाँडो, बालकविता, दोहा, सिलोक, आदिका रुपमा पनि यी प्रचलित छन् । यिनमा अलङ्कार आदिको प्रयोग पनि पाइन्छ । परिष्कारको अभाव भए पनि सरल र सहज भावले यी पद्यका टुक्रालाई निकै रसिलो बनाएको हुन्छ भन्ने कुराको उदाहरण स्वरुप एउटा लोकपद्य यहाँ प्रस्तुत छ ।

जङ्गलमा बसनु रुखमा कसु किनेर ल्याउनू तोरी
घाँस काटनु बनमा हाल्नु थरीमा दूध दिन्छ गाबु भरि
लाउनू कुंग्यामा जमाउनु ठेकीमा हाल्नु कटौरा भरि
मार्सी चाँवलमा भुजा लिइकन खानु सप्प्राक्कै गरी

### ३.२.२.१ लोकगीतका तत्त्वहरू

लोकगीत लोक समुदायको साझा सम्पत्ति हो । यो लोककला हो । लोक साहित्यका अन्य विधाहरू भन्दा यो वढी लोकप्रिय बन्न पुगेको छ । लोकगीतमा पनि अन्य लेख्य साहित्यिक विधाहरूमा जस्तै विभिन्न तत्त्वहरूको उपस्थिति रहेको हुन्छ । तिनै तत्त्वहरूका माध्यमवाट नै लोकगीतको आफ्नै किसिमको संरचना बनेको हुन्छ ।

नेपाली लोकगीतका विश्लेषक (डा.) चूडामणि बन्धुका विचारमा लोकगीतको संरचनामा ६ तत्त्वको संयोजन गरिएको पाइन्छ । (१) कथ्य, (२) भाषा,

(३) चरण वा पद, (४) स्थायी अन्तरा, ५) रहनी र वथन, (६) लय र भाका [७] यसका अतिरिक्त बन्धुले नृत्य र बाद्यलाई पनि गौण तत्त्वका क्रममा राखेको पाइन्छ । कृष्ण प्रसाद पराजुलीका विचारमा लोकगीत ६ तत्त्वको संयोजनवाट वनेको हुन्छ । ती हुन् : (१) संरचना, (२) लय, (३) गेयता, (४) कथनपद्धति, (५) भाषा र (६) भाव । [८] पराजुलीले पनि नृत्य र बाद्यलाई सहायक तत्त्वको रूपमा उल्लेख गरेका छन् । (डा.) गोविन्द आचार्यले लोकगीतका तत्त्वहरूलाई दुई रूपमा विभाजन गर्दै भन्छन् - लोकगीतमा आउने तत्त्वहरूलाई अनिवार्य तत्त्व र ऐच्छिक तत्त्वको रूपमा वर्गीकरण गर्नु उपर्युक्त देखिन्छ । [९] आचार्यले अनिवार्य तत्त्व अन्तर्गत भाषा, सङ्गीतात्मकता, गायक-गायीका र कथ्य वा भावलाई उल्लेख गरेका छन् भने ऐच्छिक तत्त्वको पङ्क्तिमा काव्यात्मकता, रहनी वा थेगो, झाँकी, अन्तरा-स्थायी, वाद्य-नृत्य, अभिनय पहिरन, श्रोता वा दर्शक र सहभागीलाई राखेका छन् । डा. मोतीलाल पराजुलीले लोकगीतको संरचनामा तत्त्वहरूले मुख्य भूमिका खेल्ने उल्लेख गर्दै लोकगीतमा ५ तत्त्वहरू हुने कुरा बाताएका छन् । उनका अनुसार (१) कथ्य विषयवस्तु वा भाव (२) भाषा (३) स्थायी अन्तरा थेगो (४) लय वा भाका र (५) सङ्गीत नै लोकगीतका वास्तविक तत्त्व हुन् ।[१०]

उपर्युक्त अध्येताहरुको तत्त्व वर्गीकरणलाई समीक्षा गर्दा लोकगीतका तत्त्वहरु निम्न लिखित रहेका छन् ।

१. सन्देश

२. लय (भाका)

३. भाव

---

७. चूडामणि बन्धु **लोकसाहित्य, (काठमाडौं : एकता बुक्स, २०५८)**, पृ. ११५ ।

८. कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीणा प्रकाशन, २०५७) पृ. ७६ ।

९. गोबिन्द आचार्य, **लोकगीतको विश्लेषण**, काठमाडौ : पैरवी प्रकाशन, पृ. २ ।

१०. मोतीलाल पराजुली, **लोकगीतको संरचना**, कुञ्जिनी ११: ८ (२०६०), पृ २१ ।

४. थेगो र पुनरावृत्ति

### ३.२.२.२ लोकगीतका विशेषताहरू

मानवको सृष्टिदेखि नै मानव सभ्यताको विकासका विभिन्न खुट्किलाहरूलाई समेट्ने क्रममा मानव र आफ्नो समाजको सुख - दुःख, पीडा-व्यथा, उत्साह, वैराग्य, आदि विविध क्रियाकलाप र तिनीसँग सम्वन्धित मानव मनका अनूभूति, कल्पनालाई मूर्तरूपमा जीवन्त तुल्याउने विधा जसले समाजमा घट्ने घटनाहरू रहनसहन रीतिरिवाज आदिको चित्रण भएको विधा नै लोकगीत हो । जीवनका विभिन्न समयमा आउने उतार-चढावहरू, माया, प्रीति देखि जीवनका विविध पक्षलाई लोकगीतले समेटेर ल्याउने हुँदा लोकगीतका विशेषता यति नै भनेर किटान गर्न सकिदैन । यहाँ मुख्य-मुख्य विशेषताहरू बुँदागत रूपमा चर्चा गरिएको छ ।

**क) मौखिक परम्पराः** लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिवद्ध गरेर सङ्कलन  गर्न सकिएता पनि रच्न भने सकिदैन । लोकगीत एक व्यक्तिवाट अर्को व्यक्ति, एक पिंढीवाट अर्को पिंढी, एउटा गाँउवाट अर्को गाउँमा, एक ऋतुवाट अर्को ऋतुमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले लोकगीत गतिशील र परिवर्तनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको प्रमुख विशेषता हो ।

**ख) सामूहिक भावभूमिः** लोकगीत लोकजीवनको सामूहिक अभिव्यक्तिको माध्यम हो । यसमा कुनै किसिमको सीमावन्धन हुदैन । एक ठाँउवाट चलेको लोकगीतलाई एउटा व्यक्तिमा मात्र सीमित नभएर त्यो त त्यस समाजको सामूहिक सम्पत्ति हो । लोकगीतमा जसले गाए पनि पीडा र उल्लास भने सामूहिक रूपमा प्रभाव पर्ने गर्दछ । लोकगीतमा मानवीय भावनालाई सामूहिक रूपमै व्यक्त गरिएको हुन्छ । लोकगीत वौद्धिकता भन्दा हार्दिक पक्षलाई वढी जोड दिने हुनाले निकै लयदार हुन्छ । सामाजिक उपजमा प्रस्फुटन हुने हुनाले सामूहिक भावभूमि लुकेको हुन्छ ।

लोकगीत व्यक्तित्त्व विहीन भएकाले यसले वैयक्तिकतावाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

**ग) अज्ञात रचयिता हुँदै ज्ञात रजयितातर्फ** लोकगीतहरू कसले रचना गरेको हो र कहाँ रचना भएको हो भन्ने थाहा हुदैन लोकगीत समय सीमालाई नाघेर निरन्तर प्रवाहमा वग्दै जान्छ । यसको श्रष्टाचाँहि पार्श्वभूमिमा छिपेको हुन्छ । जीवन गतिशील छ गतिशील जीवनसँग समयको फेर वदल सहित एक पुस्तावाट अर्को पुस्ता, एक स्थानवाट अर्को स्थान सम्म जाने क्रममा आफैमा पनि परिवर्तित हुंदै जान्छ । गीतको रचना कसले गरेको हो त्यो कुराको महत्त्व गौण हुन्छ भने लोकगीत पहिले देखि नै लिपिवद्ध नहुने हुँदा रचयिता अज्ञात हुनु यसको विशेषता हो । तापनि हाल आएर व्यक्तिव्यक्तिबाट रचना गरिएका गीतहरु प्रचलित छन् । गीतकारका नाम उल्लेख गरेर आफ्नो क्षमतालाई प्रदर्शन गरेको पाइन्छ

**घ) सहजता स्वभाविकताः** लोकगीत सरल अपठित ग्रामिण जनसमुदायको अभिव्यक्ति हो । लोकगीत विना साधाना सहज प्रतिभाका रूपमा प्रतिभा ज्वारवाट निस्केको भावधारा हो । लोकगीत सहज तथा हार्दिक हुने गर्दछ । यसमा कृत्रिमताको आभास रहदैन ।लोकगीतका झुल्का यसमा स्वाभाविकताका मूलवाट फुटेर आइरहेको हुन्छ । कुनै पनि लोक गायकले कुनै पनि अवसरमा स्वतस्फूर्त रूपमा गीतको सिर्जना गरी आफूले कुनै पनि भाकामा गुनगुनाउन सक्छ । यसप्रकार सहजता एवं स्वभाविकता पनि नेपाली लोकगीतको विशेषता हो ।

**ङ) मौलिकता सरलताः** लोकगीतहरू कसैको कुनै गीतको अुकरण वा अनुवाद गरेर रचिदैन । लोकगीतहरू सम्वन्धित स्थलमा तत्काल रचिन्छ । लोकगीत स्वभावैले स्वच्छ सरल र सहस हुन्छ । लोकगीतमा प्रयुक्त भाषामा आफ्नैपन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्गार एवं झङ्कार व्यक्त गर्न प्रर्याप्त सक्षम रहेको हुन्छ । त्यसैले लोकगीत मौलिकपनाले छताछुल्ल भएर रहेको हुन्छ । यसमा वनावटी र पूर्व निश्चित सिद्धान्त रहेको हुदैन, जस्तो अवस्था छ, त्यस्तै

प्रकारका लोकगीत प्रस्फुटन हुने गर्दछ । यही विशेषताले लोकगीतका भाव सजिलै सित वुभ्न र ग्रहण गर्न सकिन्छ ।

**च**) **प्रकृति-चित्रणः** लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध गाँसेको हुन्छ । प्रायः लोकगीतको पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोस्रो पङ्क्तिमा अर्थतात्त्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका बिभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिएको हुन्छ । वसन्तको हरियाली, वर्षाको झरी, वादल, विजुली, खोला, भीर, पाखा आदिको वर्णन गरिएको हुन्छ । प्रकृतिसँग तादाम्य हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आँखाले देखेका र आफूले भोगेका कुरालाई लोकजीवनमा ट्याप्प प्रस्तुत गर्ने हुँदा लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता प्रकृति चित्रण हो ।

**छ**) **स्वच्छन्दताः** लोकगीतमा कुनै पनि शास्त्रीय वन्धन नभई लोकजीवनको सहजानुभूतिमूलक हार्दिक अभिव्यक्ति हो । लोकसर्जकहरूले आफ्ना अनुभूति कल्पनालाई टपक्क टिपेर उन्मुक्त वातावरणमा आफूलाई प्रस्तुत गर्न मन पराउँछन् । कृत्रिमता वौद्धिकताको रुखोपनावाट माथि उठेर कल्पनाका धनी सर्वसाधारण मानिसका भावना र  कल्पनालाई स्वच्छन्द रूपले लोकगीतमा प्रस्तुत गरिएको पाइन्छ । शास्त्रीय वन्धनवाट मुक्त रहेर सरल, सहज, र स्वाभाविकरूपमा अभिव्यक्ति प्रस्टिनु नै लोकगीतको स्वच्छछन्दता महत्त्वपूर्ण विशेषता हो ।

**ज**) **कथन विविधतः** नेपाली लोकगीतका अनेक रूप लय र कथनकला छन् । कतिपय गीतहरूमा प्रश्नोत्तर प्रवृति पाइन्छ । झ्याउरे, दोहोरी गीतहरूमा एकपक्षले उत्तर दिएर प्रश्न गर्छ, भने अर्को पक्षले सोधिएको प्रश्नको उत्तर दिएर फेरी प्रति प्रश्न गर्छ । यो त्यतिन्जेल चलिरहन्छ जतिवेलासम्म गीत गाइन्छ । त्यसैगरी पुनरावृत्ति प्रवृतिले लोकगीतलाई आफ्नैपन प्रदान गरेको हुन्छ भने थेगो र रहनीले लोकगीतलाई स्वादिलो वा रसिलो बनाएको हुन्छ ।

**झ) मनोरञ्जनात्मकता**: लोकगाथामा गायक आफैलाई आफ्नो परिवेश र परिवेशका जनसमुदायलाई मनोरञ्जन दिनेकाम लोकगीतले गरिरहेको हुन्छ । भावाभिब्यक्ति स्वयम् एक प्रकारको स्वान्तःसुखाय मनोरञ्जन हो । सटिक प्रश्नको सटिक उत्तर दिएर वा श्रृङ्गारिक रोमाञ्चक कुनै पनि प्रकारको गीत गायन र श्रवण द्वारा गीत गाउने र सुन्नेलाई मनोरञ्जन दिने काम लोकगीतले गरिरहेको हुन्छ ।

### ३.२.२.३ लोकगीतको महत्त्व

लोकगीत लोकजीवनको लोकव्यवहार र जीवनका अनुभूतिहरूको प्रस्तुत भएको हुँदा लोकगीतको अध्ययनले व्यक्तिलाई आफ्नो परम्परा संस्कृति, धर्म र संस्कार प्रति अझ सचेत र आस्थावान बनी आफ्नो पहिचानप्रति अझ सजक वनाईरहेको हुन्छ । लोकगीतले लोकजीवनका सुख-दुःखका प्रत्येक अवस्था, प्रत्येक समय र प्रत्येक घामछायाँमा साथ दिइरहेको पाइन्छ । समाजको विकासक्रमलाई बुझ्न र लोकजीवनका सांस्कृतिक, ऐतिहासिक, भाषिक, साहित्यिक, आर्थिक भौगोलिक आदि पक्षलाई अध्ययन विवेचना गर्नका लागि समेत लोकगीतवाट सहयोग पाउन सकिन्छ । कुनै पनि देशको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । समाजमा प्रचलित भाषाको अध्ययन गर्दा लोकगीतवाट नै गर्न सकिन्छ । लोकगीतले सामाजिक जीवनको चित्रणगरी समाजलाई एकजुट पार्ने र सामाजिक परम्परालाई बलियो पार्ने काम गरिरहेको हुन्छ ।

### ३.२.२.४ लोकगीतको बर्गीकरण र नेपाली लोकगीत

लोक साहित्यको सवै भन्दा प्रमुख र लोकप्रिय विधा लोकगीत हो । सवै भन्दा बढी सख्यामा रचिने, गाइने र मनपराउने विधा लोकगीतलाई वर्गीकरण गर्ने कार्य आफैमा कठिन कार्य हो किनभने लोक साहित्यको निकै सम्पन्न बिधा लोकगीतको क्षेत्र ज्यादै व्यापक छ । नेपाली लोकगीतको वैज्ञानिक अध्ययन नभएकोले यसको खोज र अध्येताहरूले यसलाई आ-आफ्नै तरिकाले वर्गीकरण गरेका छन् । लोकगीत भारतीय लोकगीत सँग पनि नजिकको सम्बन्ध राख्ने हुँदा

यहाँ वर्गीकरण गर्ने क्रममा विदेशी तथा स्वदेशी विद्वानहरूको मत यसरी प्रस्तुत गरिएको छ । भारतीय लोकसाहित्यका अध्येता डा. कृष्णदेव उपाध्यायले लोकगीतलाई ६ भागमा बाँडेका छन् ।

१) संस्कार सम्वन्धी गीत २) ऋतु सम्वन्धी गीत ३) व्रत सम्वन्धी गीत
४) जाति सम्बन्धी गीत ५) श्रम सम्वन्धी गीत ६) विविध गीत

चूडामणि बन्धुले निम्न आधारमा वर्गीकरण गरेका छन् ।

१. सहभागीका आधारमा

(क) एकल गीत (ख) दोहोरी गीत (ग) समूह गीत

२. लय वा भाकाका आधारमा

(क) स्थानीय गीत (ख) जातीय गीत

३. प्रकार्यका आधारमा

(क) धार्मिक गीत (ख) संस्कार गीत (ग) पर्वगीत (घ) श्रमगीत [११]

गोविन्द आचार्यले निम्न आधारमा वर्गीकरण गरेका छन् :

(क) वाह्य (ख) अभिनय (ग) छन्द (घ) सहभागीको उमेर
(ङ) आख्यान प्रयोग (च) रस (छ) स्थान (ज) जाति [१२]

### ३.२.३ लोकगाथा

अङ्ग्रेजीको ब्यालेडका हाराहारीमा लोकगाथा/लोककाव्य शब्द नेपालीमा प्रचलित छ । गाथाको सम्बन्ध गायनसँग छ । वेदमा गाउनुका अर्थमा गाथा र गायकका अर्थमा गथिन शब्द प्रयुक्त भएका छन् । गाथा एक चलन चल्तीको परिचित शब्द हो । ब्यालेड को मुल अर्थ नृत्यसँग गाइने गीत भन्ने हो तर त्यसमा नृत्यतत्व घटदै हराउँदै जाँदा पनि यो शब्द भने चलिरहेको पाइन्छ । अहिले आख्यानात्मक लोकगीत भन्ने अर्थमा ब्लालेड प्रचलित छ र लोक गाथाले पनि सोही अर्थलाई बहन गरेको छ ।

---

११. चूडामणि बन्धु, लोकसाहित्य (काठमाडौं : एकता बुक्स, २०५८), पृष्ठ १२१ ।
१२. गोविन्द आचार्य, लोकगीतको विश्लेषण (काठमाडौं : पैरवी प्रकाशन), पूर्ववत् ।

### ३.२.४ लोक नाटकः

लोक नाटक श्रव्य–दृश्य विद्या हो । यो पनि लामो परम्पराबाट विकसित हुँदै आएको छ । भरतमुनिको नाटयशास्त्र इ.पू.३०० मा तयार पारिएको हुनाले यसको अस्तित्व उनी भन्दा पहिले देखिनै रहेको पाइन्छ । लोकगीत लोक कथा जस्तै लोक नाटक जहाँ पायो त्यही प्रस्तुत गर्न सकिंदैन । यसका भेदहरुलाई १) धार्मिक,ऐतिहासिक र जनश्रुतिमा आधारित २) नृत्यप्रधान ३) संगीत प्रधान ४) हास्यप्रधान ५) नाटयवार्ता प्रधानका रुपमा वर्गीकरण गरिएको पाइन्छ ।

### ३.२.५ उखान

संस्कृत उपाख्यानबाट परिवर्तन भएर बनेको उखान शब्दलाई संस्कृतमा सुभाषित र लोकोक्ति तथा अङतथा अङ्ग्रेजीमा एचयखभचद प्रोभर्ब भनिन्छ । उखान मानिसहरुका ज्ञान, अनुभव र व्यवहारका सार मानिन्छन् ।

### ३.२.६ टुक्का

टुक्कालाई तुक्का पनि भनिन्छ । यसलाई संस्कृतमा वाक्यद्धति वाग्धारा वा वाग्रीति र अङग्रेजीमा Idiom का नामले चिनिन्छ । टुक्का भन्नाले खास खास पदहरु मिलेर बनेको विशिष्ठ वा लाक्षणिक अर्थ बुझाउने पदावली भन्ने बुझिन्छ ।

### ३.२.७ गाँउखाने कथा

गाउँखाने कथालाई नेपालीमा पहेली पनि भनिन्छ । नेपालीका विभिन्न भाषिकाहरुमा यसका निम्ति जान्नेकथा, अडको, साइत, सास्तर, कठ्यौरा, घाउटा, झ्याँगा वा झिँटा जस्ता नाम पनि प्रचलित छन् भने अङग्रेजीमा रिडलका नाँउले पुकारिन्छ ।

# परिच्छेद–चार
# दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको सङ्कलन र वर्गीकरण

## ४.१ लोकगीतको वर्गीकरण

दाङ् जिल्लाको पाँच नं. निर्वाचन क्षेत्र अन्तर्गतपर्ने ८ गा.वि.स. र तुलसीपुर न.पा.का ७ देखि ११ वडा गरी जम्मा ५ वडा रहेका छन् । यस क्षेत्रमा गाइने प्रचलितत लोकगीतका आधारमा लोकगीतको वर्गीकरण गरीएको छ । सङ्कलित लोकगीतहरुमा यहाँका नर नारीका आफ्नै कथा, व्यथा, हर्ष, विस्मात् समेटिएको

दाङ जिल्लाको यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययनका निम्ति यस क्षेत्रका लोकगीतहरू सङ्कलन गरी चार वर्गमा वर्गीकरण गरिएको छ ।

१. ऋतुकालीनकर्म गीत
२. पर्व गीत
३. संस्कार गीत
४. वाह्रमासे गीत

उपर्युक्त किसिमले सङ्कलन र वर्गीकरण गर्दा शोधकार्यमा सुगमता आओस भन्ने उद्देश्य राखिएको छ । यी चार वर्ग अन्तर्गत निम्न अनुसार गीतहरू रहेका छन् ।

| ऋतुकालीन कर्म गीत | पर्व गीत | संस्कार गीत | वाह्रमासे गीत |
|---|---|---|---|
| १. असारे गीत<br>२. दाँई गीत | १. तीज गीत<br>२. भैलो गीत<br>३. देउसी गीत<br>४. मालसिरी गीत<br>५. देवाली<br>६. दसैँगीत | १. मागल/माहाल<br>२. रत्यौली<br>३. खाँडो<br>४. विवाह/सिलोक | १. वाह्रमासा<br>२. झाम्रे/झ्याउरे<br>३. गाइने<br>४. भजन कीर्तन<br>५. चुड्का/रोइला<br>६. मारुनी<br>७. सालैजो<br>८. सोरठी, बालुन |

### ४.१.१ ऋतुकालीन कर्मगीत

वर्षभरिका विभिन्न ऋतुहरूसँग नेपाली लोकजीवनको नाता जोडिएको हुन्छ । अधिकांश नेपालीहरू कृषि पेशामा सहभागी छन् र उनीहरूको दिनचर्या विशेष गरेर खेतीपाती लगाउने, हेरचाह गर्ने वाली थन्काउने काममा वितेको हुन्छ । कृषकहरू खेतीपातीको काम गर्दा थकाई दिक्दारी आदिवाट छुट्कारा पाउनको लागि केही मात्रामा भएपनि मनोरञ्जन लिन काम गर्दै गीत गाउछन् । काम अनुसारका गीतलाई ऋतुकालीनकर्म गीत वा श्रम गीत भन्ने गरिन्छ । कर्मगीतले एकातिर ऋतुलाई छुन्छ भने अर्कोतिर कामको प्रकृतिलाई लोकजीवन सँग गाँसेर अपूर्व उत्साह जगाउने काम गर्छ ।

यस क्षेत्रमा खेतीपातीका बेला प्रशस्तै ऋतुकालीनकर्म गीत गाउने गरिन्छ । यसरी गाउने गीतहरूमा कुनै काम सँग सम्वन्धित र कुनै छुट्टै विशेषता बोकेका हुन्छन् भने कुनै स्वच्छन्द रूपमा गाइने विभिन्न भाकाका ठाडो र झ्याउरेगीतहरू छन् । यस क्षेत्रमा चलेका कामसँग मात्र सम्बन्धित ऋतुकालीन कर्म गीतहरूमा असारे साउने र दाइगीत पर्दछन् ।

#### ४.१.१.१ असारे गीत

झमझम असारे झरीमा मुठी रोपेर मुरी फलाउनका निम्ति कर्मपथमा समर्पित हुदै यस समयमा असारे झरीमा निथ्रुक्क रुझ्दै नीरस जीवन यात्रालाई सरस तुल्याउनका निम्ति र जटिल श्रमलाई सरल बनाउनका लागि असारमा खेतमा रोपाइँ गर्दागर्दै गाइने गीतहरूनै असारे गीत हुन् । आफ्नो कर्मप्रतिको आस्थालाई जोगाउदै आकासवाट परिरहेको पानीको थोपा तथा निधारबाट झरिरहेका पसिनाका थोपाहरूले धर्तीलाई सिञ्चित गर्दै कडा परिश्रम र थकाईलाई विर्साउनका लागि अभिव्यक्तगरिने असारेगीतहरू अत्यन्तै कर्णप्रिय रहेका छन् । हिलो सम्याउदै गोरु दौडाउने हलीहरू, आली लगाउने बाँउसेहरू र धान रोप्दै गरेका खेतालाहरू तथा वाजा, सहनाइ, मादल, बाँसुरी बजाइदिने मानिसहरूको

मधुर संयोजनमा असारे गीतहरू खेतमा गुञ्जने गर्दछन् । यसै क्रममा केटा केटीहरूमा हिलोले छ्याप्ने काम पनि भइरहेको हुन्छ ।

रिमी र झिमी पानी है पऱ्यो, असारे सिमीलाई, आहै असारे सिमीलाई ।

पहलो बाली सुनाम्तो हजुर, कालिका देवीलाई, आहै कालिका देवीलाई ॥

लौ तो मा लौ लौ [२] कालिका देवीलाई, कोदाली खन लौ फेरी भन

कालिका देवीलाई, आहै कालिका देवीलाई ॥

गाईको दूध भैसीको दूध, तर खायो माखीले, आहै तरखायो माखीले ।

झ्यालैमा वसी के देख्यौ नानी गाजनु आँखीले, आहै गाजलु आँखीले ॥

लौ तो मा लौ लौ ..............................................................

बावा र जी को गहिरी खेतमा धानको मारसी आहै ।[२]

आँखीका सानले कुरा है गर्दा बुझे है पारसी आहै ।[२]

लौ तो मा लौ लौ ।[२] वुझे है ................................................

कतिमा राम्रो डालीमा पिठो मधेशी नुन झै, आहै। [२]

त्यो तिम्रो मुहार झल्किने रैछ पूर्नेको जुन झै, आहै पूर्ने को जुन झै

लौ तो मा लौ लौ ।[२] पूर्नेको ................................................

असारै मास रोपाईको वेला -हरियो, भयो बीऊ आहै .........

केला हो हजुर एक थुँगा मात्र सम्पूर्ण लौजाउ जीऊ, आहै ......

लौ तो मा लौ लौ ............................................[१]

---

१.गोरक्ष दैनिक  दाङ् (२०६७ असार ५) पृष्ठ ३

### ४.१.१.२ दाइँ गीत

कार्तिक, मङ्सिर महिनामा परालको दाइँ लगाउँदा गाइने गीतलाई दाइँगीत भनिन्छ । कृषकले धान उठाए पछि केही दिनमा पराल माड्ने काम गर्दछन् । यस बेला थकाइ नलागोस भनेर रमाइलो गर्ने गरिन्छ । कति बेला धान धेरै होस् भन्दै कति बेला दाँइघरका मालिक मालिक्नीलाई जिस्काउने गरिन्छ । दाइँमा गोरुलाई खेद्दै विभिन्न गीतहरू गाइन्छ । यस क्षेत्रमा गाइने गीत निम्न अनुसार पाइन्छ ।

हो ऽ ऽ हो

मालम देशको सहलिऊ भैया ।

दाङ देउखुरीको सहलिऊ भैया ॥

हो ऽ ऽ हो

दाइँवरदो होड, दाँइ वरदो ।

पुच्छरले डोलाइदेउ, कानले हम्किदेऊ ।

खुरले माडी देऊ, दाङ-देउखुरीको सहलिऊ ॥

परालमा माडी खेल, भाइ हो ऽ, माडी खेल

मिहीको गोरु तीखे र ताखे ।

घरकी गोसेनीले तिउन चाखे ॥

माडी खेल भाइ हो ऽ माडी खेल

दाइँ वरदोमा माडी खेल ।

मिहीको गौरु भन भने ।

घरकी गोसेनी गनगने ॥

माडी खेल भाइ हो ऽ माडी खेल

दँमराका मालिकको खुवै ठूलो जिउ ।

यो घरकी मालिक्नीले खान दिन्चिन् घिउ ।

माडी खेल भाइ हो ऽ, माडी खेल

परालमा माडी खेल ।[२]

### ४.१.२ पर्वगीत

नेपाल अधिराज्यभर वर्ष भरिमा विभिन्न पर्वहरू मनाउने गरिन्छ । त्यस्तै दाङ जिल्लाका यस क्षत्रमा पनि वर्ष भरिमा विभिन्न चाँडपर्वहरू मान्ने गरिन्छ । चाँडपर्वको वेला आफन्त जनहरू टाढा टाढाबाट भेट गर्न आउने गर्दछन् । परदेश गएका व्यक्तिहरू पनि चाँडपर्वको समयमा घर फर्केका हुन्छन् । चाडपर्वहरू धार्मिक आस्था एवं सामाजिक परमपराको कारणले मनाउने गरिन्छ । स्वजनहरू एकै स्थानमा भेला भएर राम्रो लगाउने, मिठो खाने, सुख दुःखलाई अभिव्यक्तिवाट साटासाट गर्ने सामाजिक पक्ष हो भने चाडपर्वको माध्यमवाट भगवानको आराधना, पूजा, कथा श्रवण एवं भक्तिगायन चाडपर्वको धार्मिक महत्त्व हो । यसरी चाडपर्वको अवसर पारेर गाइने गीतहरूलाई पर्वगीत भन्ने गरिन्छ । दाङ जिल्लाको यस क्षेत्रमा गाइने पर्वगीतहरूलाई तल दिइएको छ ।

#### ४.१.२.१ तीजेगीत/तीजका गीत

हिन्दू नारीहरूका लागि तीज महत्त्वपूर्ण सास्कृतिक पर्व हो । भनाइ अनुसार पार्वतीले महादेव पति पाऊँ भनी गरेको व्रतको रूपमा पनि तीजपर्व प्रसिद्ध छ । तीजको धार्मिक महत्त्व आफ्नो श्रीमान्/पतिको दीर्घायुको कामना गरेर विवाहिता महिलाहरूले तथा असल पतिको कामना गरी कन्याहरूले शिवजीको पूजा गर्ने गरेको पाइन्छ । त्यस्तै रजस्वला भएको समयमा आफूले अन्जानमा गल्ती गरेको भए गल्तीको प्रायश्चितका रूपमा पनि शिवजीको पूजा गर्दछन् । यो तीजको धार्मिक पक्ष हो । विहे गरेर टाढा टाढा पुगेका दिदीवहिनीहरू माइतीमा भेला भएर

२. युगबोध राष्ट्रिय दैनिक दाङ् (२०६६ मङ्सिर १४) पृष्ठ ५

एकआपसमा दाजु भाइसँग सुख दुःख साटा-साट गर्नु, मिठो खानु तीजको सामाजिक पक्ष हो । यस समयमा नारीहरूले आफ्नो जीवनका दुःख, पीडा, संघर्ष र समस्याहरूलाई गीतको माध्ययमवाट अभिव्यक्ति गर्दछन् । गीत र नृत्यको माध्यमवाट नारीहरूले सासू वुहारीको सम्बन्ध, देवर, जेठाजु, नन्द आमाजू र समाजका विविध पक्षदेखि लिएर सामाजिक प्रगति र परिवर्तनका चाहना समेत गीतको माध्ययमवाट प्रतिबिम्बित गरेको पाइन्छ । तीजका गीत गाउदा श्रावण संक्रान्ति देखि ऋषि पञ्चमी सम्म एक एक रातको विश्राममा, दिदी वहिनी निश्चित ठाउँमा जम्मा भएर मादल, झ्याली जस्ता वाद्यवाधनका सामाग्रीका साथ नृत्य सहित गीत गाइन्छ । तीज सम्वन्धी गीत यहाँ प्रस्तुत गरिएको छ ।

१. घुम्दै फिर्दै आयो भन्छन् तीज पनि हरर,

 जन्म दिने आमा छैनन् आँसु वरर ।

२. रात गयो रोएरै दिन पनि त्यहीगरी,

 वाहिर देख्दा जे भएनी पीर छ मन भरी ।

३. धेरै दुःख पाइयो नी आमा पनि नहुँदा,

 पिर छ नी मन भरी सौतेनी आमा आउदा ।

४. कुन दिनको पापले छोडी मलाइ गएथ्यौ,

 साहारा नदिइ गयौ आमा किन पाएथ्यौ ।

५. रात दिन छिन छिनमा आमा भनि रुने हो,

 आमा हाम्रो भेट अव कहिले हुने हो ।

६. बाँच्ने रहर छैन आमा सधै मन खिन्न भै,

 छिट्टै आउनु आमा तिमी मलाइ लिन लाई ।[३]

---

३. सरस्वती शर्मा, तुलसीपुर, दाङ ।

१. छोरीलाई पढाउन दुःख भयो बावालाई,

काम गरे सुख हुने घरमा आमालाई ।

२. साथी साथी मिलिजुली पढ्ने लेख्ने बेलामा,

झुत्रो डोको वोकेर वेसी मेलामा ।

३. म सँगका साथी सँगी आइ.ए. वि.ए. गरदा,

खोली बग्यो म चेलीको आँसु झरदा ।

४. दुःख पायौ हामी चेली अशिक्षित हुँदामा,

आधा ज्यान सुकी सक्यो सम्झी रुदामा ।

५. किन आउछ चेलीलाई तिहार, दशै, तीज पनि,

किन बाँच्नु पर्दो होला सुकी ज्यान पनि ।

६. वस्न पनि नपाइने जन्मिएको घरमा,

कति दुखी जीवन यो सधै डरमा ।

७. डरै डरमा वसेर सधै दासी भएर,

हुन्न अव उठ चेली कम्मर कसेर ।[४]

१. विहेको रातो सारी दिनुस वजै तीजलाई,

वरिलै भाइ आएको छ माइत जान्छु दुइ दिनलाई ।

२. लाउदिन रातो सारी यसै जान्छु माइती नी,

वरिलै आमा छोरा मिलि मलाई मार्ने किन नी ।

३. विहेमा दाइजो एक कौडी नी पाइएन,

वरिलै थांग्रे बाउकी छोरी अव हाम्लाई चाहिएन ।

४. मालिका शर्मा, दोघरे, दाङ ।

४. धनकी लोभी रै छन् सासू पापी रैछन् श्रीमान्,

वरिलै कस्तो हातको सिन्दुर पऱ्यो मेरो भगवान् ।

५. समाउ आमा जगल्टामा छर मट्टितेल जीउ भरि,

वरिलै कोर्छु सलाइ मार्छु जलाइ ढिलो नगरी ।

६. कस्तो दिनमा आयौ भाइ तीजमा दिदी लिनलाई,

वरिलै दाइजो भन्ने कलंकले मार्ने भो मलाई ।

७. गोडा ढोग्छु ए भिनाजु नमार्नुस दिदीलाई,

वरिलै खेत बेचेर दाइजो दिनुस् भन्छु बावालाई ।

८.खेत बेचेर दाइजो दिएनी मलाइ माया गर्दैन,

वरिलै मेरालागि भात खाने खेत बेच्नु पर्दैन ।

९. हातमा घडी दस तोला सुन मोटर साइकल चाहिन्छ,

वरिलै अनि मात्र यो घरमा बस्न पाइन्छ ।

१०. भनी दिन्छन धेरै दाइजो देखाउछन् तमासा,

वरिलै गरिव जीउलाई जीउँदै मार्ने कस्तो समस्या ।

११. मिल्यो भने दम्पत्तीमा कमाइन्थ्यो सम्पत्ति,

वरिलै दाइजो खोज्ने लोभी पोइको के फिर्थ्यो र मति ।

१२. भै गो दिदी आँसु पुछ आफ्नै जन्म घर जाऊ,

वरिलै मीठो तितो जे पाएन्छ बाँडी चुडी खाँऊ ।

१३. आउदिन तिम्रो घरमा पाइलो वेचेर,

वरिलै ल्याउदिन दाइजो वावुको खेत बेचेर ।[५]

---

५. तिली वली, पुरन्धारा, दाङ)

### ४.१.२.२ मालसिरी

शरद ऋतुको आगमन सँगै नेपाली जनजीवनमा खुसीको लहर आउँछ । हिन्दूहरूको महान चाड दसैँ पनि यही ऋतुमा पर्ने गर्दछ । यस समयमा मानिसमा कामको व्यस्तता पनि कमी भएको हुन्छ । यस समयलाई कार्य व्यस्तताबाट विश्राम लिएर खुशीमा रमाउने क्षणको रूपमा लिइन्छ । धर्म परायण नेपाली जीवन ईश्वर भक्ति तथा देवीस्तुतिको रूपमा मालसिरी गाउने प्रचलन रहेको छ । दाङ जिल्लाको यस क्षेत्रमा विशेष गरेर मन्दिरमा पूजा गर्ने अघिल्लो पुस्ताका व्यक्तिहरू समाज र जीवनको सहजताको निम्ति आर्शिवाद दिनुहोस भनी देवीको आराधना सहित मालसिरी गाउने प्रचलन रहेको छ । दसै आरम्भ भएपछि नवदुर्गाभित्र घरघरमा गएर पनि गाउने चलन छ । विभिन्न कोटहरूमा देवी देवताका मन्दिरहरूमा मालसिरी गाउने गर्दछन् । चैते दसैमा समेत मालसिरी गाउने प्रचलन छ ।

१) मालसिरी

दसैं नेपालीहरुको एक महत्वपूर्ण प्रमुख चाड हो । दसैको बेला आइमाईको जमात तथा गन्भर्वहरुले नौ दिनसम्म दुर्गा देवीको पूजा हुँदा मालसिरी गाउने चलन राप्ती अञ्चल अन्तरगत दाङ, जिल्लामा पनि छ । गीतमा दुर्गाको वर्णन गरिन्छ । त्यस समयमा गाइने गीतको नमुनाः

**पर्वगीतः मालसिरी**

चराचर जगतकी अधिष्ठात्री देवी

यो पीडा हटाऊ कौलाहल भगाऊ

सन्तान तिम्रा निकै पापी देखे ।

प्रपन्नताको देवी मनमा समाऊ

फेरी आए शुम्भनिशुम्भ जगत्मा

हा हा र हो हो गर्छन् जगतमा

सदबुद्धि देऊ हे दुर्गे भवानी

यो दुःख हटाउ छु तिम्रै चरणमा

नभक्ति नश्रदा नकर्मै कसैको

भयो धेरै हत्या जो गयो त्यसैको

हे देवमाता पुकार यो सुनिदेऊ

हे सर्वेश्वरी गर रक्षा सबैको

त्रिनेत्री देवीको जसले ध्यान गर्ला

जगतको यो सागर सजिलै त्यो तर्ला

बोलौं देवी दुर्गे ध्यान सबैले

भजौ देवमाता भनौ जय सबैले [६]

### ४.१.२.३ भैलो

कार्तिक कृष्ण औंसीका दिन देखि कार्तिक पूर्णिमा सम्म भैलो खेलेर मनाइने यो पर्व खुसीको पर्वका रूपमा लिइन्छ । तिहारको लक्ष्मी पूजाको दिनदेखि भैलो खेल्न सुरु गरिन्छ । विभिन्न समूह बनेर मादल, झ्याली, बाँसुरी लगायतका वाद्यवादनका साथमा घर घर गाउँदै हिड्नुलाई यस क्षेत्रमा भैलो खेल्नु भनिन्छ । भैलो एक किसिमको टुक्रे गीत हो । यसमा कथानक हुन पनि सक्छ नहुन पनि सक्छ । यो समूह गीत भएकोले एक्लै गाउन मिल्दैन, समूहमा एक जनाले टुक्का भट्याउने र बाँकीले स्वर मिलाएर भैलो वा भैली भन्ने गरिन्छ । यस क्षेत्रमा नारी

---

६. जीवनको गोरेटोमा भीमकान्त शर्मा, धैरेनी, दाङ (२०५८) ।

पुरुष दुवैले भैलो खेल्ने चलन छ । भैलो तिहारमा खेल्ने हुनाले दिदी बहिनीको हातको टिका र गलाभरि माला लगाई दिन रात भैलीको गीतवाट वलिराजाको सम्झना गर्दै मनाइने पर्व हो । भैलो खेल्दा मारुनी र पुर्सुङ्गे बन्ने र विभिन्न किसिमका गीत गाउने र नाचने गरिन्छ । भैलो भट्याइ सकेपछि रमाइलो गर्नका निम्ति चुट्के र ख्याली नाच नाचिन्छ । यस क्षेत्रमा प्रचलित भैली गीतको नमुना तल दिइएको छ ।

आहै भैलो भन संङ्गी हो - भैलो, आहै कहि संङ्गी - भैलो, आहै पूर्वका भैलो आहै कोही सङ्गी - भैलो, आहै पश्चिमका - भैलो, आहै केही संङ्गी - भैलो, आहै उत्तरका - भैलो, आहै कोही सङ्गी - भैलो, आहै दक्षिणका - भैलो, आहै जम्मा भई - भैलो, आहै आजका दिनमा - भैलो, आहै हसाउन - भैलो, आहै खेलाउन - भैलो, आहै आइमवरै - भैलो, आहै हजुरको - भैलो, आहै दुवारैमा - भैलो, आहै वर्षदिनमा - भैलो, आहै फेरीपनि - भैलो, आहै तिहारैमा - भैलो, आहै भैलो खेल्न आइम् वरै - भैलो, आहै सत्ययुगका - भैलो, आहै दानवीर - भैलो, आहै वलिराजाले - भैलो, आहै दान दिदा - भैलो, आहै दानवीरताले - भैलो, आहै गरदा - भैलो, आहै स्वर्गका - भैलो, आहै इन्द्रको - भैलो, आहै आसन नै - भैलो, आहै हल्लिन पुग्दा - भैलो, आहै देवताहरू - भैलो, आहै विष्णुकहाँ - भैलो, आहै विन्ती गर्छन् - भैलो, आहै वलिराजाको - भैलो, आहै दान घमण्डले - भैलो, आहै स्वर्गै काम्यो - भैलो, आहै धर्ति काम्यो - भैलो, आहै विष्णु भगवान - भैलो, आहै रक्षा गर्न - भैलो, आहै वामन रूप - भैलो, आहै लिएर - भैलो, आहै वलिराजाको - भैलो, आहै दरवारमा पुगी - भैलो, आहै भिक्षा मागे - भैलो, आहै वलिराजाले - भैलो, आहै दान दिदा - भैलो, आहै तीन पाऊ - भैलो, आहै जमिन मागे - भैलो, आहै वलिराजाले - भैलो, आहै संकल्प गरे - भैलो, आहै बामन रूप - भैलो, आहै विष्णुले - भैलो, आहै एकपाउ - भैलो, आहै जमिनमा - भैलो, आहै अर्को पाउ - भैलो, आहै आकाशैमा - भैलो, आहै तेस्रो पाउ - भैलो, आहै कहाँ राखौं - भैलो, आहै भनि सोध्दा - भैलो, आहै दानवीर वलि - भैलो, आहै शिर थापी दिए - भैलो, आहै शिर थाप्दा - भैलो, आहै पातलमा - भैलो, आहै भासिइ गए - भैलो, आहै

तिनै वलि - भैलो, आहै राजाको - भैलो, आहै सेवागर्न - भैलो, आहै विष्णु भगवान - भैलो, आहै तिहार पर्व - भैलो, आहैं मनाएर - भैलो, आहै अझै पनि - भैलो, आहै सेवा गर्न - भैलो, आहै आएका हुँदा - भैलो, आहै भैलो खेल्न - भैलो, आहै आएका हामी - भैलो, आहै हामी त्यसै - भैलो, आहै आएका होइनौ - भैलो, आहै वलिराजाले - भैलो, आहै पठाएर - भैलो, आहै आएका हौं - भैलो, आहै रमाइलो पर्व  भैलो, आहै बत्तीको चाड - भैलो, आहै काग पूजा - भैलो, आहै कुकुर पूजा - भैलो, आहै लक्ष्मी पूजा - भैलो, आहै गोवर्धन पूजा - भैलो, आहै भाइ पूजा - भैलो, आहै यो घरको - भैलो, आहै मालिकका - भैलो, आहै बतासीमा - भैलो, आहै परेवाजो - भैलो, आहै घुरकी रहुन् - भैलो, आहै तवेलामा - भैलो, आहै हात्ति र घोडा - भैलो, आहै थुरकि रहुन - भैलो, आहै यो घरमा - भैलो, आहै भोटको नुन - भैलो, आहै लंकाको सुन - भैलो, आहै मधेशको - भैलो, आहै तामा र कासो - भैलो, आहै भरि पूर्ण - भैलो, आहै होइन जाओस - भैलो, आहै यो घरको - भैलो, आहै बाबा आमा - भैलो, आहै बाँस झै नुगून् - भैलो, आहै काँस झै फुलून् - भैलो, आहै वर झैं - भैलो, आहै भैर जाउन - भैलो, आहै पिपल झैं - भैलो, आहै खपी जानु - भैलो, आहै यो घरमा - भैलो, आहै तीनै कन्या - भैलो, आहै पाँचै पुत्र - भैलो, आहै हाइ जाउन - भैलो, आहै अवत - भैलो, आहै हामी पनि - भैलो, आहै बिदा हुन्छौ - भैलो, आहै बाँचिम् भने - भैलो, आहै अर्को साल - भैलो, आहै यसै गरी - भैलो, आहै आउने छौ - भैलो

हा ऽ ऽ सीताजीको बगैंचामा थुगेसरी फूल फूल्यो[२]

सुन केसरी मृगले चुंडीमा चुंडी खाउ हो ऽ  चुँडीमा चुँडी खाऊ

हो लौन भाइ लछुमन वाण चलाऊ, धनुकी चलाऊ ।१।

हा ऽ ऽ कैशोमा गरी मारुला वनै हरिण हो ऽ हा लौन भाइ लछुमान वाण चलाऊ

धनुकी चलाऊ हो ऽ  लौन भाइ लछुमान धनुकी चलाऊ

सक्छौ भने लछुमन धनु तैयार, नैर सके लछुमन धनु सीयार

रामै लागे अछुत रामै लागे पछुत, लछुमन भैयाले धनु सीयार ।२।

हा ऽ ऽ सीताजीको बगैँचामा सयपत्री फूलफुल्यो[२]

सुनकेसरी ..............................................

.............................................................।३।

हा ऽ ऽ सीताजकिो बगैँचामा गुर्धौली फूल फुल्यो २

सुनकसरी मृगले ......................................

........................................................... ।४।

हा ऽ ऽ सीताजीको वगैचामा मखमली फूल फूल्यो २

सुनकेुरी ..................................................

........................................................... ।५।

हा ऽ ऽ सीताजीको वगैचामा हजारकिो फूल फूल्यो २

सुनकेसरी ....................................................

.................................................................।६। [७]

### ४.१.२.४ देउसी गीत

तिहार दिदी र वहिनी दाजु र भाइको प्रिय पर्व हो । यम पञ्चकको समयमा प्रकृतिका यावत प्राणीहरूको सहअस्तित्त्व र महत्त्वलाई स्वीकार गर्दै काग, कुकुर, गाई(लक्ष्मी), गोवर्धन र भाइ पूजाको रूपमा मनाइने यो पर्वमा दिदी वहिनीले आफ्नो दाजु र भाइलाई सप्तरङ्गी टीका, मखमली, गुर्धौली र दुवोको माला लगाई दिदै ढोकामा ओखर फोरेर दाजुभाइका शत्रुहरूको पराजय र आफ्ना दाजुभाइहरूको विजयको कामना गरिने यो पर्व चाडपर्व मध्ये रमाइलो र सर्वप्रिय पर्वको रूपमा समेत हेरिन्छ । दिदी वहिनी र दाजुभाइको सम्बन्ध अन्योन्याश्रित छ । जसको नमुनाको रूपमा तिहारलाई लिन सकिन्छ । रोजगार वा कुनै कार्यको क्रममा टाढा

७. भागीरथ भण्डारी, तुलसीपुर, दाङ ।

टाढा पुगेका दाजुभाइ र दिदीवहिनी एकै स्थानमा भेला भएर दुःखलाई विर्सिएर सुखलाई सम्झिएर मनाउने महत्त्वपूर्ण पर्व तिहार हो । दाङ जिल्लाको यस क्षेत्रमा दाजुभाइ भैलो खेल्दछन् भने दिदीबहिनीहरू मात्र देउसी खेल्ने गर्दछन् । यहाँको देउसीको विशेषता नै देउसीमा दिदीबहिनीहरू आफ्नो समूह वनाएर मादल, मजुरा वजाउदै लक्ष्मीपूजा गरिसकेपछि पूर्णिमाको समय सम्म खेलिने र गाइने रमाइलो पर्व तिहारमा घर घर डुल्दै घरमालिक र घर मालिक्नीले दिएको भेटी प्रसाद उपहार स्वरूप लिएर उंहाँहरूको उत्तरोत्तर प्रगतिको कामना सहित देउसी गाइने गरिन्छ ।

यो गीत भैलो गीतकै हाराहारी भएर युगौंदेखि नेपाली जीवनमा प्रसिद्व पर्वगीतका रूपमा चलिरहेको छ । देउसीको छुट्टै आख्यान पनि छ । जसमा दिदीले भाइलाई यमराजवाट वचाएको कुराको वर्णन छ । देउसी गीत पनि भैलो जस्तै एक जनाले भट्याउने र अरु समूहले देउसीरे भन्ने गरिन्छ । यस क्षेत्रमा गाइने देउसी गीत तल दिइएको छ ।

**पर्वगीत–दसैँगित**

चचहुई.............चचहुई.........सरर आहै आहै– ३

दसैँ आयो खाँउला पिउँला काहाँ पाउँला चोरी ल्याउँला हैन!

हैन किनी ल्याउँला

(आयो आयो दसैँ आयो सबैको मन खुसी छायो)३

(आयो)२(आयो दसैँ आयो)२

केटाः चमकम कसकसो मनसिङगे रोज्ने चल हो करिमा स्यावा.......

केटीः (गयो बर्षा हटयो बादल छयाङग आकाश भाको छ

चारैतिर उमंग र खुसी छाको छ ।–३

रातो टिका लगाउँला जमरानी सजाउँला–२

आयो–आयो दसैं आयो सबैको मनमा खुसी छायो–४

केटीः नवदुर्गा भवानीको पूजाआजा चलाउँला

सुगन्धको धूप अनि दियो जलाउँला । ३

शंख घण्टा बज्न थाले पूजा गर्छन हजुरबाले–२

आयो आयो दसैं आयो सबैको मनमा खुसी छायो–४

केटाः छमछम मनसिङे राजै चल हो रलीलै स्यावा.......

केटीः तराई पहाड हिमालमा खुसियाली छाका छ

प्रदेसी नि फर्किएर घरमा आको । २

तितो मिठो खानामा खाऔंला राम्रो–राम्रो नाना लाऔंला–२

(आयो आयो)२ दसै आयो सबैको मनमा खुसी छायो ।४

केटी : चारैतिर रङगी चङगी फूल फुल्न थालेछन् भमराले गीत

गाँउदै डुल्न थालेछन् । २

रमाइलो गाँउ हाम्रो स्वर्ग जस्तै ठाँउ राम्रो–२

(आयो आयो)२ दसैं आयो सबैको मनमा खुसी छायो ।४ [८]

डण्डपानी पाण्डे–शान्तिनगर दाङ

कोमल वली–तु.नुपा.टिकरी

**पर्वगीतः देउसिरे–भैलीरे**

(भिलमिली)२ के को भिलिमिली बत्तीको भिलिमिली आहा–१

(तिहारैमा देउसी र भैलो जता हेऱ्यौ उतै छ रमाइलो)

---

८. कोमल वली, तुलसी नगरपालिका, टीकरी दाङ, डण्डपानी पाण्डे, शान्तिनगर दाङ, चर्चित लोकगीत, भाग १ (२०६७), पृष्ठ ६९ ।

(झिलिमिली झ्याइँ झिलिमिली झ्याइँ)३

ए तिहारै आयो – देउसीरे

ए हो रमाइलो छायो – देउसीरे

ए देउसिरे गायो – देउसीरे

ए सेलरोटी खायो – देउसीरे

ए झिलीमिली बत्ती– देउसीरे

ए उज्यालो अति – देउसीरे

ए पाँचै दिन सम्म – देउसीरे

ए साथीभाइ जम्मा – देउसीरे

ए भन भन साथी – देउसीरे

ए राम्ररी भन – देउसीरे

स्वर मिलाइकन – देउसीरे

मादल घन्काऊ– देउसीरे

राम्ररी सबैको दैलो – देउसीरे

सबैको भैलो – देउसीरे

(आयो आयो तिहारै आयो

देउसी गायो मन हाम्रो रमायो )

ए हो फुलमा सजाई – भैली रे–२

ए हो जोर मादल बजाई– भैली रे–२

ए तिहारको रन्को – भैली रे–२

ए रहर मन्को – भैली रे–२

ए रमाइलो गरौँ – भैली रे–२

ए तिहारको बेला – भैली रे–२

ए सबजना भेला – भैली रे–२

भन साथी – देउसिरे

देउसिरे भन देउसीरे, राम्ररी भन देउसीरे स्वर मिलाइकन देउसीरे मादल घन्काऊ देउसीरे स्वर अलि घन्काऊ देउसीरे सबैको भैलो देउसीरे, देउसीरे भैलो देउसीरे

(सप्तरङगी टीका र माला

झिलीमिली घर हाम्रा उज्याला) ४ आहा आहा आहा

ए तिहारको पर्व – देउसिरे

कात्तिकको पाइलो – देउसिरे

खेलौँ है सबले – देउसिरे

मनको देलो – देउसिरे

ए हो तेस्रो दिन– देउसिरे

कुकुरको पूजा – देउसिरे

फुलमाला लगाई – देउसिरे

घुमाउँछन् गाँउ – देउसिरे

माल घन्काऊ – देउसिरे

(भाइ दिदी बहिनी मादल घन्काई रमाई टीका फुलमाला लगाई) ४

(झिलीमिली झिलिमिले के को झिलीमिली बत्तीको झिलिमिली) ३ [९]

---

८. कोमल वली, तुलसी नगरपालिका, टीकरी दाङ, डण्डपानी पाण्डे, शान्तिनगर दाङ, चर्चित लोकगीत, भाग १, (२०६७), पृष्ठ ६७ ।

यसरी भट्याइसकेपछि  गाउने गीत यहाँ प्रस्तुत छ ।

मखमली फूलको माला गाँसेर[२] आशै आशामा रहिरहयो,

तिहारै आयो आएनन् दाजी[२] फूलमाला ओइलायो ।

वावा र आमा स्वर्ग गए[२] मनमा पीर भैरह्यो,

तिहारै आयो आएनन् दाजी[२] मन मेरो रोइरह्यो । ।१।

थुंगेसरी फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,

तिहारै आयो .................. [२]..........................,

.................................................................

.............................................................। ।२।

हजारी फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,

तिहारै आयो ............................................. । ।३।

गुर्दौली फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,

तिहारै आयो ............................................... । ।४।

लालकोटी फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,

तिहारै आयो ................................................। ।५।

यस पालीलाई दिनुसहै विदा, अर्को साल तिहारमा भेटौला

फूलमाला गाँसेर लाउला निधारमा टिका नि लगाउला,

हजुरको इज्जत संभी हामी यहाँ आयौ,

सोचे भन्दा वढी आत्म सम्मान पायौ ।

यस पालिलाई ............................................ ।

हजुरले लगाएको सहयोगको ऋुण,

पक्कै पनि कर लाग्नेछ हामीलाई तिर्न ।

यस पालीलाई ............................................ ।[९]

### ४.१.२.५ देवाली (कुलपूजा)

हाम्रो हिन्दू संस्कार बमोजिम हामीलाई हाम्रा पूर्वजहरू प्रति कृतज्ञ वन्न सिकाएको छ । यसै कारणले आफ्नो जातीयता अनुसार देवाली पर्व अथवा कुलपूजा गर्ने परम्परा छ । केवल आफ्ना दाजुभाइ मात्र मिलेर मनाइने देवाली पर्व वास्तवमा सगोत्री बीचको आत्मीयपनको एउटा कसी हो भने दाजु भाइ वीचको एकताको गाँठो पनि हो । मर्दा पर्दा चाहिने दाजुभाइ भन्ने उखानको जीवन्तताको सुखद पक्ष देवाली पर्व वा आफ्ना पूर्वजहरूको सम्झनामा गरिने कुलपूजा हो । दाङ जिल्लाको यस क्षेत्रमा वसोवास गर्ने न्यौपाने, भण्डारी, वोहोरा तथा पन्थीहरूले मार्ग शुक्ल अष्टमीमा र वाँकी अरु थरको घिमिरे, खनाल, पोखेल, अधिकारी आदिले मार्ग शुक्ल पूर्णिमाका दिन कुलपूजा गर्छन् । कुनै जातिले प्रत्येक पर्ष र कसैले एक वर्ष दुई वर्ष विराएर देवाली पर्व मनाउँछन् । प्रायः देवाली गर्दा टाढा-टाढावाट दाजुभाइ आउने र बोकाको वली दिने चलन छ । देवालीमा कुल उत्रेर मच्याउदै रातभर काम्दै रमाइलो साथ कुलपूजा भट्टाउने गरिन्छ । भट्टाउने तरिका सवैका आ-आफ्नै हुन्छन् । यहाँ भण्डारीहरूको कुलपूजा भट्टाउने तरिका प्रस्तुत गरिएको छ ।

छत्रयाली, व्रम्हापुरी, भाञ्जै मेरा, भाज्जी मेरी, औशी तिथि, सोधनी भयो

पञ्चमी तिथि जागनै भयो, सप्तमी तिथि पूजै भयो, वडाई भयो,

अष्टमी तिथी, पूजै भयो, वडाई भयो, वडाई भयो,

छत्रयाली, व्रम्हारूपी हाँसी खुसी, फुरमान भई, खेलम वरै देवली वर्ष,

---

९. जनेचतना देउसी समूह, शान्तिनगर, दाङ ।

नाजीर केन्नी, खेल्छम् वरी, देवाली वर्ष, आउनै पऱ्यो

भाञ्जा मेरा, लहेर भाञ्जा, पुजनको पूजा, उजैनको पूजा, सुजनले माने,

हासी खुसी, आउनै पऱ्यो, भाञ्जा मेरा, लहरे भाञ्जा, वस्थी हाम्रो

रीजा गाउँमा, तेत्तिस कोटी, बस्नी भान्जी, देवाली वर्ष, आउनै पऱ्यो

धुनमुन, वालमुखी, माफ दिए

छत्रयाली, क्षेत्रपालको, निम्तो भयो

हाँसी खुसी, फुरमान भई, खेलम वरै, देवस्थलमा

जलथल, भाञ्जै मेरा, आउनै पऱ्यो, गोठेजान लिलाम भयो

खेती किसान, रक्षा गरे, अपुत्रीलाई, पुत्र दिए

असन्तोषलाई, सन्तोष दिए, वैमानीलाई, इमान दिए

अजानकी पूजा, सुजनले भने

सेती वरा, राती वरा, रक्षे गरे

इल्लरी तिल्लरी, वैनी मेरी, नौ वैनी, नवम वैनी

तेत्तिस कोटी, बस्ने वैनी, विन्दवासिनी

ब्रम्हारूपी, फुरमान भई, भेटभई, खेल्छम वरै, शिर चढी, काँध चढी

नाङ्गगीर, पुच्छर समाई, खेल्छन् वरै

हु हु हु हु ....... हट् हट् ............. [१०]

**देवाली कूलपूजा (न्यौपाने बन्धु)**

वर्षै र दिन

मंसिर मास

---

१०. शेषुराम भण्डारी, धामी तमाखे, तु.न.पा., दाङ)

अष्टमी तिथि

अठारै भाइ

जम्मा र भई

मष्टर देउता

पूजा र गरौँ

हुम्ला र जुम्ला

पाटेर गुम्चाल

निउरी र ढोग

निम्तो र भयो

अठारै रेखी

अठारै बाती

मष्ट र देउता

गाइको धूप

गाईको धार

पुर्खा देखि

चलेर आको

देवाली पुजा

**मन्दाल्नी र देवता, रुमाल्नी र देवता**

सिद्ध र देवता लक्ष्मी र देवी

कुल र बरा, कुल देवी/निम्तो र हाम्रो/ तारे र भीर, माले र सर्प

बाहन हाम्रो दारे दैत्य/

खण्डै र खण्ड पश्चिमै खण्ड, रिजा र बीजा

मूलै र ढोका रुपै र दुवार निम्तो र भयो

मष्ट र देवता, ज्ञानी र हौला, अज्ञानी हौला, माथै र परी शिरै र नुगाई निम्तो र तिम्लाई गर्दा

जानी नजानी हात र जोडी पाउ र परी न्युरी र ढोग्

गुरु र हाम्रा महीन्द्र गुरुले लाएको बाटो [११]

### ४.१.२.६ फागु गीत

फाल्गुण शुक्ल अष्टमीदेखि पूर्णिमा सम्म मनाइने पर्व जुन अविर र खुसीको पर्वका रूपमा लिने गरिन्छ । हिरण्यकश्यपुले आफ्नो छोरालाई ईश्वर भक्तिवाट विचलित गराउन अनेक प्रयास गर्दा पनि असफल भए पछि आफ्नै वहिनी होलीकाको काखमा राख्न लगाई जलाउन आगोमा पठाए । होलीकासँग एउटा यस्तो पछ्यौरा थियो जसले गर्दा उनलाई आगोले जलाउन सक्दैन थियो तर आगोमा हुम्मिइ सकेपछि हावाले पछ्यौरा उडाई प्रल्हादलाई ओढाई दियो । होलीका भस्म भइन भने प्रल्हादलाई केही भएन । होलीका भस्म भएको र प्रल्हादलाई केही नभएको हुँदा होलीकाको नामबाटै होली पर्व भनी मनाउन थालियो । यो आध्यात्मिक पक्ष हो । आत्मीय जनमा आफ्ना मन मिल्दा साथी र स्वजनहरूमाझमा अविरले खुसी बाँडेर धुमधाम सँग यो पर्व मनाइन्छ । अष्टमी देखि सुरु भएको यो पर्व पूर्णिमाको भोलिपल्ट दिन चिरदाह गरेर समाप्त हुन्छ । दाङ जिल्लाको यस क्षेत्रमा कही कही पूर्णिमाको दिन मेला लाग्दछ । उक्त दिन दुई समूहमा बाँडिएर चोटिला र रसिला हेरी/होली / फागुका गीतहरूले एक आपसमा जवाफ सवाल गरेको पाइन्छ । पञ्चै वाजाको साथमा रमाइला गीतहरू र अविर रंग लगाउने यस पर्वको मुख्य विशेषता हो । तराई लगायत दाङमा पनि यो पर्व पूर्णिमाको भोलिपल्ट धुमधामसँग होली खलेर मनाइन्छ ।

---

११. टोपलाल उपाध्याय, मूल धामी न्यौपाने बन्धु, तु.न.पा.४ दाङ ।

फाग– सामुहिक गीतका रुपमा दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा गाइने गीत

यसु गाँउको सुजीदाइले तुल्थो थाङनी
दाइन्या भया जिमीभुमि सुब्बा आडानी ।
गाइती लान्या गुवालैले काट्यो कावली
आइजौ लाल्मइ आडानीमा जोरौ बावली ।
मुखिएइका मिर्तबारी बास्या सुन भल्या
अबदेखि मायालुयाँ ! माया न भाल्या ।
रातो बल्ल रचन्याए कालो बल्ल बाउँ
गयाउ जोबन अलन्या भया पैसा हालेल्दाऊँ ।
लेखैको निगाँली दुख्लो खायो थारैले
आड्को मासु आडै मिल्यो मनका खारैले ।
यसु लेख पल्लापट्टि कारयो पटुवा
यति नाम्रो दुःख सैमा लायौ ठेटुवा ।
यसु लेख पल्लापट्टि पाज्यो असिनो
खैर गयो पानी बोक्यो लायौ मसिनो ।

स्रोतः नेपाली लोक साहित्यमा जनजीवन

१. शिरमा लाउने सिन्दूर दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ,
छैन मेरो शिरैमा सन्दुर, मत जान्न दाजु होली खेलन ।

२. नलै टिकीया दिन्छु मैले, हिडवैनी होली खेल्न जाउ,
छैन मेरो निलै टिकीया, मत जान्न दाजु होली खेलन ।

---

१२. जिवेन्द्र देव गिरी, एकता प्रकाशन (२०६७) पृष्ठ ९२ ।

३. कानै कुण्डली दिन्छु मैले, हिड वैनी होली खेल्न जाऊ ,

छैन मेरो कानै कुण्डली, मत जान्न दाजु होली खेलन ।

४. नाकमा लाउने नथीया दिन्छु, मैले, हिड वैनी होली खेल्न जाऊ,

छैन मेरो नाकै नथीया, मत जान्न दाजु होली खेलन ।

५. घाँटी लाउने डवेली दन्छु मैले, हिड वैनी होली खेल्न जाऊ,

छैन मेरो घाँटी हवेली, मत जान्न दाजु होली खेलन ।

६. हातै लगाउने वाला दिन्छु मैले, हिड वैनी होली खेल्न जाऊ,

छैन मेरो हातै वाला, मत जान्न दाजु होली खेलन ।

७. गोडी कलीया दिन्छु मैले, हिड वैनी होली खेल्न जाऊ,

छैन मेरो गोडी कोलिया, कसरी जाउँ दाजु होली खेलन ।

८. खुट्टै लाउने घुघरी दिन्छु मैले, हिड वैनी होली खेल्न जाऊ,

छैन मेरो खुट्टै घुघोरी, कसरी जाउ दाजु होली खेलन ।

९. गोडै लाउने पाउजु दिन्छु मैले, हिड बैनी होली खेल्न जाऊ,

छैन मेरो गोडै पाउजु, कसरी जाउ दाजै होली खेलन ।[१३]

### ४.१.३ संस्कार गीत

सोह्र संस्कारलाई आफ्नो पहिचान सम्झने हिन्दु धर्मावलम्बीहरूका प्रमुख स्रंस्कारका आफ्नै विशेषता छन् । धेरै पहिलेका मानिसहरूले सोह्र वटै संस्कारलाई प्रयोगमा ल्याउँथे भने आज भोलिको आधुनिकता, पाश्चात्य सभ्यताको प्रभाव र समयको रूपान्तरणले गर्दा सवै संस्कारहरू प्रचलनमा आएको पाइँदैन । तापनि

---

१३. टुकलाल पाण्डे, शान्तिनगर, दाङ ।

केही प्रमुख संस्कार जुन मानवीयजीवनसँग सन्निध्यताको सवल पाटोका रूपमा रहेका छन् तिनीहरूलाई मान्यता दिएकै पाइन्छ । यिनीहरू मेटिएर वा हराएर जाँदैनन् । लोकजीवनले विभिन्न संस्कारलाई अंगीकार गर्ने क्रममा संस्कारसँग आवद्ध भएर गाइने गीतहरू नै संस्कार सम्वन्धि लोकगीत हुन् ।

### ४.१.३.१ विवाह सिलोक

विवाह मानिसको महत्त्वपूर्ण संस्कार हो । सामाजिक परम्परा र सृष्टि क्रमलाई अगाडि लैजानका निम्ति एउटा संघारद्वारको प्रवेश विन्दुका रूपमा विवाहलाई लिने गरिन्छ । विवाह मानिसको जीवनको महत्त्वपूर्ण पक्ष पनि हो । विवाहमा वर वधूको सम्योग मिलाउनका निम्ति जव वर पक्ष वधूपक्षको घरमा गई विवाहको कुरा चलाउदा बधू पक्षवाट समस्या राखिने र वर पक्षबाट समाधान फुकाउनु पर्ने हुन्छ । समस्याको समाधान हुन सके विवाह किटान गरिने यो चलन अझै पनि दलित जनजाति तथा उच्च पहाडी वस्तीहरूमा प्रशस्त रूपमा रहेको छ भने अन्यमा यो चलन हराएर गएको छ । यसै सम्वन्धित गीत यहाँ प्रस्तुत गरिएको छ ।

राजनका कूलमा जन्म हुन गयो, विवाह नहुने भयो,

बिन्द्रा वनका मधुमालतीका, फूलमै जोवान त मेरो गयो,

कौना मर्दले निसाफ गरिदेला, कौना दैवले देला पति ?

केटी पक्ष - काँ काँ उब्जे हाप्ती - घोडा, काँ काँ उब्जे गधा-ऊँट,

काँ काँ उब्जे सारी-सुगा, काँ काँ उव्जे रजपुत ?

केटा पक्ष - माला मदेश उव्जे हात्ती-घोडा पर्वत उव्जे गधा-उँट,

टोड्का उब्जे सारी-सुगा, कोखीमा उव्जे रजपुत ?

केटी - क्या क्या खाबै हात्ती-घोडा क्या क्या खाँबै गधा ऊँट,

क्या क्या खाँबै सारी-सुगा, क्या कया खाँबै रजपुत ?

केटापक्ष - दानी पानी खाबै हात्ती-घोडा, दुवो पानी खाँबै गधा-उँट,

कीरा फट्याङग्रा खाँबै सारी-सुगा, दाल भात खाँबै रजपुत ।

केटीपक्ष - क्या क्या कामका हात्ती घोडा, क्या क्या कामका गधा ऊँट,

क्या क्या कामका सारी-सुगा, क्या क्या कामका रजपुत ?

केटापक्ष - चढ्ने काममा हात्ती घोडा, लदाउने कामका गधा-ऊँट,

देख्दै राम्रा सारी-सुगा, सृष्टि थाम्ने रजपुत ?

केटी पक्ष - क्या क्या ढुङ्गै उदिन भन्छन्, क्या क्या ढुङ्गै मुदिन भन्छन्,

क्या क्या ढुङ्गै शीला पूजा हुन्छन् क्या क्या ढुङ्गै भोजनम् ?

केटा पक्ष - खोली ढुङ्गाको उदिन भन्छन्, पखेरी ढुङ्गाको मुदिन भन्छन् ,

शालिग्राम ढुङ्गाको शीला पूजा हुन्छन्, नुनै ढुङ्गाको भोजनम् ।

यसरी केटी पक्षका प्रश्नको जवाफ केटा पक्षवाट प्राप्त भयो भने विवाह हुने पक्का गरिन्छ । आज भोली अड्का थाप्ने र फुकाउने चलन कमै मात्रामा पाइन्छ ।

त्यसै गरी विवाहमा दुलही पक्ष र दुलाहा पक्षका जन्तीहरू वीच पनि सवाल जवाफ गर्ने गर्दछन् । जन्तीहरू कत्तिको वुद्धिमता छन् भन्ने जान्नको लागि अनेक-प्रश्न सोध्ने गर्दछन् । यहाँ प्रचलत गीतको एक नमूना यस प्रकार छ ।

दुलही पक्ष - हरीया टपरीमा सेतो भात ।

अव हाल जन्ती हो भुसला हात ॥

जन्ती पक्ष - सुकेका टपरीमा भिनियाको भात ।

हाल हाल जन्ती हो सूनसरी हात ॥[१४]

---

१४. केदार गोराथोकी, तु.न.पा. ३, गणेशपुर, दाङ ।

### ४.१.३.२ रत्यौली/ज्यूँती

रत्यौलीगीत विवाहको समयमा दुलाहका घरमा महिलाहरू वसेर रमाइलो गर्ने सस्कारगीत हो । जन्ती दुलहीका घर तर्फ प्रस्थान गरे पछि गाँउ टोलका तथा आफन्त महिलाहरू जम्मा भएर रत्यौली गाउँछन् । महिलाले रमाइलो गर्न अनेक अभिनय गर्दछन् । महिला मात्र हुने हुँदा अश्लील बब्द प्रयोग गरेर गीत गाएको पनि पाइन्छ । रातमा गाइने भएर यस्ता गीतलाई रत्यौली भनिएको हो, तर आज भोलि दिनमा विवाह हुने र दिनमै रत्यौली गाउने चलतन पनि छ । रत्यौली खेल्दा केही महिलाले पुरुषका कपडा लगाएर जोगी जस्तो वन्ने र महिलालाई समाएर रति क्रिडाको अभिनय गर्दछन् । रत्यौलीमा विशेष गरेर पुरुषहरूको अनुपस्थितिमा आफ्नो मन भित्र गुम्सिएर रहेको काम वासनालाई अतिरञ्जित वनाई प्रस्तुत गरेर आत्म चाहना पुरा गर्ने महत्त्वपूर्ण अवसरको रूपमा नारीमनका भावहरू गीत वनेर अभिव्यक्ति भएको पाइन्छ । यस समयमा अनेक प्रकारका हास्यवङ्ग्यात्मक, श्रृङ्गारिक गीतहरूको साथ साथमा माया, प्रेम कल्पनामा सजिएका गीतहरू गाउने गरिन्छ । आजभोलि यसको चलन दाङ जिल्लामा धेरै हराएको छ ।

१. हामरै भैया विहे गर्न गए, चारै कुनामा बत्ती वालिदिए है अरे भैया बत्ति वालिदिए

पल्ला घरकी ठूली आमा, हामरै बत्ती वालदिऐ अरे भैया ...............................

तल्ला घरकी कान्छी आमा विहे गर्न गए म, राम्ररी ज्यूँती गाइदिए अरे भैया .....

लगनको टपरी, गोदानको गाई अरे भैया ..................................................

हामरी दुलही हातमा कलश लिएर, जग्गे बस्न आई अरे भैया ........................

हातमा कलश लिएर, प्रदक्षिणा गरिन अरे भैया ..........................................

फूलको माला पैर्‍याएर, कुर्चीमा वस्न आई अरे भैया .....................................

कुर्चीमा बसेर हातको औंठी खोसी अरे भैया ................................................

हातको औठी खोसेर, जग्गेतिर वसि अरे भैया .............................................

२) मकैमा लाए पुतली किरा , चामलमा लाइ घुन अरे भैया...........................

शिरीफूल लिएर विहे गर्न जाने, कसका बाला हुन अरे भैया..............................

शिरीफूल लिएर विहे गर्न जाने, हमारा भैया हुन अरे.......................................

हामारा बाला श्री कृष्ण जस्ता गए डोली भरेर अरे भैया .................................

हामारा बाला श्री कृष्ण लिउछन् भोलि डोली भरेर अरे भैया..............................

३) माना भरी सिन्दुर लैजाऊ मेरा भैया, रैच कति निर्धनी भन्लान् मेरा भैया

डब्वाभरी गहना लैजाऊ मेरा भैया, रैच कति

बाक्सा भरी कपडा लैजाऊ मेरा भैया,

४) शिरमा लाउने शिरफूललाई नलाइ राखिथे,

देउरानी बैनीले खोसी बरिलै ।

खोसे पनि खोस्न देउरानी केही फिक्कर छैन,

तल तल तेलको धारो माथि माथि खोली

छट दिदी कसेर लाउँछु भन्दै आउँछे भोलि ।

कानमा लाउने कुण्डली नलाइ राखिथे,

देउरानी बैनी.................................

५) लपलप लप्कनी खरबारीको खर

कस्तो होला जेठाजु, कस्तो होला घर ?

लप लप लरकनी खरबारीको खर,

दाजु जस्तो जेठाजु दरिबारे घर ।

मुरी धान कुटाउछन् यसै घरकाले,

व्यर्थै टाउको दुखाउँछन् वरपरकाले ।

बुहारी कजाउली यै चालाले

६) तिरीपासा खरर भैमा झरर

छोरी माग्ने कोलीया अगि सरर

कति जना दैछाके कस्तो ल्यायौ घर ।

पन्ध्र जना दैछाके दरिवारे घर,

खड्गारुको दाइजो राख सोलीमा

नरोइकन दुलाइ चढ  डोलीमा

पितलको शिरकोफूल कैसे गरी लाम,

नरोइकन डोलीमा के मजाले जाम ।

रोचेको दाइजो राख सोलीमा,

नरोइकन दुलाई चढ डोलीमा।

पितले टिकीया कसोरी लाम,

नरोइकन डोलीमा के मजाले जाम ।

पानी बोक्न सक्दिन झोरी खोलाको

शिरफूल कतिको तोलै तोलाको ।

हामरो भैया केटीको भोगी छ,

रातो डोली कालु गाई अगि छ ।

लगनको टोपरी गौदानको गाई, बाटामुनि बाटा माथि चरनी गाई

दान दिने बाबा आमा अँदली भर्ने भाइ ।[१५]

---

१५. बिमला महतारा, आदर्शनगर, दाङ ।

**४.१.३.३ खाँडा गीतः**

विवाहको कार्यक्रममा कन्यादान समाप्त हुन लाग्दा फलानाको छोरो र पलानाकी छोरीको विवाह भयो भनी केराको थामलाई खुकुरीले काटदै छिनाल्दै अख्बै गर्ने चलन बढी भएको र विवाहको पद्धति पनि पूणै रुपमा पालन नगर्ने चलन बढिरहेको छ । त्यसैले विवाहमा कन्यादान र सिन्दुर हाल्ने कामलाई मात्र बढी मान्यता दिइन्छ । छोटो समयमा विवाह सम्पन्न गर्नु पर्ने वाध्यता रहन्छ । त्यसकारण खाँडो लगाउने चलन धेरै मात्रामा लोप भएको छ ।

**४.१.३.४ मागल /माहाल**

मङ्गल शब्दको अपभ्रंश भएर मागल वा माहाल शब्द बनेको हो । हिन्दूहरूले आफ्ना हरेक शुभ कार्यमा मंगल गीत गाउने चलन छ । विवाहमा गाउने मंगल गीतलाई माहाल वा मागल भन्ने गरिन्छ । विवाहको अवसरमा कसार वटार्दा दुलाहा घरवाट दुलहीको घरतर्फ प्रस्थान गर्दा, जन्ती पर्छिने बेलामा, लगन लेख्दा, दुलाही अन्माउदा केटापक्ष र केटी पक्षको घरमा देवी देवता इष्टमित्र सगुन सवै सम्भेर गाइने संस्कारमूलगीत नै मागल वा माहाल गीत हुन् ।

हामरा भाइ विवाह भयो

कसारै वटारम्

कसारै वटारम्

ओ हो कसारै वटारम् ।

आकाशैबाट पातालैबाट

आएका दिदी र बहिनी

कसारै बटारम्

ओ हो कसारै बटारम् ।

हामारा भाइ विवाह भयो

कसारै बटारम्

ओ हो कसारै वटारम् ।१।

भलाए सगुनाय विना भाञ्जै विना दिदै रह्यो हुम जग्गे

बोलाऊ बोलाऊ मेरा बाबा मेरा भाञ्जा मेरै दिदै

भलाय सगुनाय निमन्त्रणा पठाऊ ।१।

बोलाउ बोलाउ मेरा बाला निमन्त्रणा पठाइदेऊ

हामारै दाजुभाइले जोग्गे बनाइदेऊ

तेत्तिस कोटी देवी देउता हामरै घरमा बोलाइदेऊ

कुल देवता सबैलाई सम्झी ध्वजा बानीदेऊ

लगनका कसार बनाइ चिउरा राखिदेऊ

दिदी बहिनी भाउजुले रोटी बनाइदेउ

लगनको लागि सागको मुठो दहीको ठेकी माथि राखिदेऊ

केराको धारीले कोको भरी देऊ ।२।

हामारा बाला श्रीकृष्णलाई अक्षता, माला लगाइदेऊ

मान्यगुन्य आफन्तले आशिष पनि देऊ

कलश भरी गंगाजल राखिदेऊ

गाग्री भरी पानी भरी बत्ती बालीदेऊ

हामरा बाला जान लागे दुलही लिन लाइ

डोले भैयाले डोली बोकी देऊ

पञ्चै बाजा, करनाल बाजा, ठोकी देऊ

हर्ष बढाइको खुशीमा बन्दुक पड्काइदेऊ ।३।

साँझ आउछन् हामरा बाला लक्ष्मी लिएर

भगुवानले आशिष देउन ।४।

दुलाहा दुलाही आइसके तगालै खोलीदेउ

चारैफेर टपरीमा बत्ती बाली आरती फालीदेऊ

आरती फालिदिए पछि भित्र भित्र लिऊ ।५।

### ४.१.४ बाह्रमासे गीत

बाह्रमासे अन्तर्गत आउने नेपाली लोकगीत जुनसुकै ऋतु महिनामा एकनाससँग प्रभावित भइरहेको देख्न सुन्न सकिन्छ । बाह्रमासे गीतहरू एक किसिमले सदाबहार दृक्षजस्ता हुन्छन् जुन कहिल्यै पनि बिलाउँदैनन् र हराउँदैनन् । यी गीतवाट लोकजीवनले समयलाई र त्यस अनुसारका क्रियाकलापलाई कसरी हेरेको छ भन्ने थाहा हुन्छ बाह्रमासे गीतमा हाँसो आँसु, सुख दुःख, माया प्रेम, विरह वेदना, आस्था, भक्ति, विश्वास, श्रदा आदि कुराहरू पाउन सकिन्छ । बाह्रमासे गीत जुन सुकै समयमा पनि गाउन सकिन्छ ।

#### ४.१.४.१ बाह्रमासा

बाह्रमासा त्यो गीत हो जहाँ बाह्रै महिनाको वर्णनमा ती महिनासँग ग्रामीण जनजीवनलाई विविध परिवेशसँग साक्षातकारको अभिव्यक्ति पाइन्छ । दाङ जिल्लाको यस क्षेत्रमा प्रचलित बाह्रमासा गीतमा एकातर्फ ईश्वर भक्ति तीर्थव्रतको महिमालाई जोडेर महिनासँग सम्बन्ध देखाइएको पाइन्छ भने अर्कोतर्फ विछोडिएका आफ्ना प्रेमी, श्रीमान् सँगको विछोडको पीडालाई अभिव्यक्त गरेको पाइन्छ ।

**बालगीतः**

दसैंको अवसरमा नेपाली समाज र यस क्षेत्रमा पनि बाल गीतहरु गाइएको पाइन्छ ।

दसैँ आयो

खाँउलापिउँला

कहाँ पाउँला

चोरी ल्याउँला

धत् पापी!! भिन्नै बसुँला । [१६]

अरु औँलाका इच्छा, जिज्ञासा र उद्देश्य बुझेर बूढी औँलाले नैतिक बाटो देखाउने काम यहाँ गरेको छ । यसले दशै का कारण नेपाली समाजमा उत्पन्न सङकेतको जीवन्त तस्बिर प्रस्तुत गरेको छ । आफ्नो समूहलाई नै छाडेर भए पनि नैतिक जीवन बिताउन एक्लिने सोच बूढी औँलाले ब्यक्त गरेको छ । त्यति मात्र नभएर सबैलाई पापीका रुपमा उसले आरोपित पनि गरेको छ । चोर्नु, घुस खानु, भ्रष्टाचार गर्नु, यौनाचार गर्नु हत्या बलात्कार गर्नु पाप हो भन्ने कुरा यहाँ व्यक्त भएको छ ।

नारीका बह पोखिएका

**बाह्रमासे गीत**

नेपाली लोकगीतमा नारीका बेदना छताछुल्ल पोखिएको पाइन्छ । तिनमा हजुरआमा, आमा, सासू, पत्नी, बुहारी, जेठानी, देवरानी, नन्द, भाउजु, छोरी, दिदी बहिनी कसैले पनि सुखको सास फेर्न नपाएका कुरा स्पष्ट रुपमा अभिव्यक्त भएको छ । यस क्षेत्रमा पनि प्रचलित केही यस्ता गीतहरु यहाँ उल्लेख गरिन्छ ।

१) छोरालाई स्कुल पढ्न पठाउने

छोरीलाई घाँस दाउरा कटाउने

१६. जीवेन्द्र गिरी, नेपाली लोकसाहित्यमा जनजीवन, एकता प्रकाशन (२०६७) पृ. ५७ ।

२) ए बाबा म छोरी हैन र

दाइलाई अंश मलाई क्यै छैन र?

३) दाइ तिमी अंशको धनी

बैनी म त धुरीकी बलेनी ।

४) छोरो जन्म्यो बाबु आमा पाल्नलाई

छोरी जन्मी पराइ घर खानलाई ।

५) घरमा हेला माइतीमा हेला

पानीसँगै राप्तीमा बगुँला

६) माइत जाँऊ सौतेनी आमा घरमा सौते सासु

मनमा नानाथरी रहर आँखाभरि आँसु

परदेशिएका पति र छोराका वियोगमा ब्यथामा पनि नारीहरु पिरोलिन सम्म पिरोलिएका पाइन्छन् । यसरी प्रदेश जानेहरु मध्ये कति पयका जिन्दगी उतै समाप्त भएका समाचार आइपुग्दछन् । त्यति खेर उनीहरु डाको छोडेर रुनु सिवाय अरु के गर्न सक्छन् र यस मार्मिक स्थितिलाई पनि नेपाली लोकगीतहरुका यत्रतत्र देख्न सकिन्छ ।

१) ढिकी जाँतो भेला र पात

रुँदै आमा गर्दी हुन् दिनरात

२) बाँचे भने फर्केला परानी

मरे भने बन्दुक सिरानी

३) पुरुषले दु:ख दिन्छन् नारी हामी सबलाई

कम्मर कसी लडनु पर्छ नारी मुक्ति पाउनलाई

४) के छ केटा पढाइमा तेरो मेरो सवाल

के कारणले गराउँछस् धनको कबल

सम्पत्ति नै चाहिन्छ त लैजा भैँसी तानेर

बसिँदैन सामन्तीलाई लोग्ने ठानेर [१७]

## शोक गीत

दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्र शान्तिनगर, बाघमारे, पुरन्धारा गा.वि.स. हुँदै भेरी अञ्चल अन्तर्गत सुर्खेत जिल्लाको सदरमुकामदेखि पूर्व खानीखोला काप्रीचौर, राकम काफलकोटसम्म गाइने प्रचलित लोकगीतहरुमध्ये राम्रै छन् की ? नामक शोक गीत पनि अत्यन्त लोकप्रिय रहेको पाइन्छ । संक्षेपमा काव्यको आनन्दनुभूति गराउन यो गीत सक्षम छ । भिनाजु र सालीका वार्तालापका रुपमा रहेका यस लोकगीतका पङ्क्तिहरु यस प्रकार छन् :

भिनाजुः लेखैका चुरेली साप औली दुला हान्की

गोठैकी गोठाली साली ! दिदी नाम्रै छन् कि?

सालीः दाइन्या हात बाँ सुरीए बाउँ हातले छेल्दी

हाम्री दिदी मरिकिन गङगजल सेल्दी ।

भिनाजु : हाट जान्या हटारुए कोकी माथि लास

काली चोली चिटाफुर्की कैका हात पारु?

साली : बैशाख कुटयैका चाँवल असार खेलाइदेऊ

काली चोली चिटा फुर्का गङगाजी सेलाइदऊ ।

भिनाजु : भैंसीको सिभोटया होइन निख्खर गाइको घिउन

काली चोली चिटा फुर्का बुल गङगाजीअ ।[१८]

---

१७. डा. जिवेन्द्र देव गिरी, नेपाली लोक साहित्यमा जनजीवन (२०६७) ।

१८. ऐजन् ।

**ऋतुकालिन कर्मगीत**

हातै तितो मुखै तितो चौ.रा बेलौरा

ऐस्लु खाइत्यौकी हिरामोती सरिलै

तिम्रो हाम्रो माया प्रीति सुनपानी चौप्यैको

आज साइत मधुवन चौंरा बेलौंरा

को छ र हाँसी दिने हिरा मोती सरिलै

हापुर खोलो उर्ली आयो ढाप्यो नि बगर

हाँसी-हाँसी माया लाउने दिल मेरो सगर

एक मुठी पालुङगी साग चौरा बेलौरा

नानीको पाहुर हीरामोती सरिलै

पहाड राम्रो गजुल लिवाङ दाङ राम्रो धैरेनी

झुम्के बास्सा भिरी हिडने साइको छ पैरनी

गाई त आए मोलमाल चौंरा बेलौरा

गाई किन बन्दिनौं हिरामोती सरिलै

बजाऊ-बजाऊ मादलयो खरी झरे झर्ला

लाको माया छोडने छैन जे परेनी पर्ला

हिज्यै लाको लौकपिमा चौंरा बेलौरा

न बिर्सनु होला हिरा मोती सरिलै

घोडामाथि काठी साइयुँ हात्ती माथि हौदा

प्राणै गैगा हाल्ने छैन कान्छी माथि सौला

माछी खेल्छ खोली तीरमा चौरां बेलौरा

छोडी दिउँला साइलाई हिरामोती सरिलै [१९]

**बाह्रमासे गीत– दोहोरी गीत**

केटा : फुल राम्रो चमेली, फल राम्रो स्याउ–२

फूल झैँ राम्री फल झैँ मिठो जोवन मलाई ल्याऊ

आहा! (झिम्काइदेऊ परेली–१ हाय! मेरी तीते करेली

(झिम्काइदेऊ )४ हाय मेरी तीतेकरेली

केटी : बाटैमा भेट भयो रैछौ काले काले–२

लुकीचोरी लाउन्न माया गाली गर्छन् बाले

आहा सलाम छ हजुर हाय मेरो झिल्के मजुर

(सलाम छ) ४ हाय ! मेरो झिल्के मजुर

केटाः मोहनी लाऊँ कि त (अंकुसीले तानु) – २

लुकी चोरी लाको माया बेग्लै हुन्छ सानु

आहा!(झिम्काइदेऊ परेली)४ (हाय मेरी तीते करेली)३

केटी : के पाउला खानलाई( यो फलको रस)२

अकासको फल टिप्नै गाह्रो आँखा गरी बस

आहा! (सलाम छ हजुर)२ हाय मेरो झिल्के मजुर

(सलाम छ हजुर) ४ हाय ! मेरो झिल्के मजुर

केटाः माकुराको जाल जस्तै मायाजाल बुन्छु

---

१९. पूर्ववत्, पृष्ठ ३५ ।

हेर्दा हेर्दै राधाजीको कृष्ण काले हुन्छु

आहा! (झिम्काइदेऊ परेली–२ हाय! मेरी तीते करेली

आहा! (झिम्काइदेऊ परेली )४ हाय मेरी तीतेकरेली

केटीः चाहे जति बजाऊ बाँसुरीको बाजा

तिमी जस्ता अल्लारेको रहर छैन होला

आहा! (सलाम छ हजुर)२ हाय मेरो झिल्के मजुर

आहा! (सलाम छ ) ४ हाय ! मेरो झिल्के मजुर[२०]

स्रोतः रामचन्द्र काफ्ले, जुनु रिजाल

चर्चित लोकगीत भाग–१

### ४.१.४.२ झ्याउरे/झाम्रे

नेपाली जीवनका उकाली आराली सँग सानिध्यता गाँस्न सफल एवं नेपालीपनको झझल्को दिने बाह्रमासेगीतहरू नै झ्याउरे गीतहरू हुन् । झ्याउरे नेपालको माटोमा रत्तिदै हुर्केको नेपाली लोकगीतको फाँटमा मुटुतुल्य बनेको गीत हो । झ्याउरेलाई झण्डै झण्डै लोकगीतकै पर्यायका रूपमा समेत लिने गरिन्छ । यस क्षेत्रमा झ्याउरेलाई झाम्रे पनि भन्ने गरिन्छ । आज भोलि भने आधुनिकताको प्रभावले गर्दा यसको चलन कम हुदैछ तथापि मौका परेको बेलामा दोहारी बस्ने अर्थात् झ्याउरे गाउने चलन छ ।

**झ्याउरे लोकगीत**

पानी मिठो फुलमा रानी भीर पाखा सिँढीको

बोली मिठो फुलमा रानी दङाली ठिटीको

---

२०. रामचन्द्र काफ्ले, जुनु रिजाल, चर्चित लोकगीत भाग १ (२०६७), पृष्ठ ३९ ।

राजीनामा फूलमा रानी देउन लेखेर

जाने भए फूलमा रानी नगर अबेर

लाम त माया फूलमा रानी राम्रो भेट भयो डाँडैमा

जान्छु भन फूलमा रानी यो मेरो साथैमा

तिम्रो माया फूलमा रानी दिनैमा साँचौला

जूनी जूनी फूलमा रानी हाँसेर बाँचौला

**झ्याउरे लोकगीत**

केटाः परदेस जान भनी आको, एउटा डोको पनि ल्याको

घरमा जहान कोही छैनन् बाबु र आमा पनि छैनन्

कुरा भन्नु साँचो छ

यौटी केटीको खाँचो छ

केटी : घाँसै काट्न भनी आको एउटा हँसिया पनि ल्याको

बाबु र आमा घरमै छन् एउटा केटा खोज्दैछन्

पानी खान गाई झऱ्यो

मलाई त तिमी नै मन पऱ्यो ।

केटा : त्यैतिन बास बसेथे सपनी राम्रो देखेथे

सपनी साँच्चै भैगयो राम्री केटी सित भेटभयो

अब त ज्यानलाई के छ र

लौ हिड नानी अलि पर

केटी : तन्नेरी केटा के गर्छौ अहिने किन भर पर्छौ

कुराकानी क्यै छैन बसा र उठी क्यै भैन

आटो र पिठो खानु छ

सब कुरा बुझी जानु छ ।

केटा : सम्पति पाजीको के खाँचो जान्छयौ कि जान्यौ भन साँचो

जाने भए हिंड छिटो बाँडेर (खाँउला आटो पिठो

पञ्चै बाजा गड्काउँला

मैच्याङलाई रानी बनाउँला

केटी : केटाको भर त हुँदैन फेरी बिहे गर्न मिल्दैन

मन पार च्याङबा बलियो नफेरी कुरा मोलियो

लौ लौ अब त गैजान्छु

तिम्रो जुठो ल्याऊ खान्छु

केटा र केटी : उपारी लेकमा बसौँला

माया र प्रीती गाँसौला

दुई दिने चाला सम्झेर

माया र प्रिती सम्झेर

जिन्दगी भरि हाँसौला

एउटै जिउ भई बाँचौला [२१]

### ४.१.४.३ गाइने गीत

गाइनेगीत गन्धर्व जातिहरूले गाउने गीत हो । सारंगी रेटेर सारंगीको धुन सँगै गाउँ गाउ डुलेर आफुले प्राप्त गरेका नविनतम सन्देश र जीवनमा गहिरो

---

२१. पूर्ववत्, पृष्ठ ३९ ।

छाप पारेका घटना क्रमहरूलाई गीतको माध्यमबाट अभिव्यक्तगर्नु गन्धर्वको मुख्य विशेषता हो । गन्धर्व जातिको मुख्य पेशा नै गीत गाएर जीवन जिउनु थियो । गीत गाएर प्राप्त गरेको अन्न र पैसाले जिवीको पार्जन गर्नुका साथ साथै विभिन्न घटना क्रमले पारेको प्रभावलाई घरघरमा सुनाई विरेचनको माध्यमवाट गायक र श्रोताले आनन्द प्राप्त गरेको पाइन्छ । यस क्षेत्रको रक्षाचौर, बनहरी, पञ्चकुलेतिर बसोबास गर्ने गन्धर्वहरू हाल आएर अन्य पेशा तर्फ लागेको पाइन्छ तापनि अघिल्लो पुस्ताका गन्धर्वहरू आफ्नो परम्परागत जीवन चर्यामा नै वाँधिएको देखिन्छ । गन्धर्वहरूले राष्ट्रिय एकताका निम्ति समेत गीतगाएर हिड्ने गर्दथे । लडाइमा छोरा मरेको जान्न भन्दा कर गर्‍यौ वावा जागिर खानलाई, कहिले जागीर छाडौ भा छ आमा मलाई कसो गरी वताउ प्यारी यो मनको विलौना, हाम्रो देश नेपालमा भइयो खेलौना । जाने वेलामा घरधुरीमा कालो कौवा करायो, आमा तिम्रो नाकको फुली कहाँ हरायो । हे आमा, कसरी बताउ र मनको पिर, मनैमा खटाएर छोराको विलौनाले आमा तिमी नरुनु, मेरो खवर बताउँदै निरास नहुनु चार बजे साइत मेरो जुनका साथमा हिडेथे, बटनैलीको पहिलो मोटर मैले भेटेथे । यात्रा मेरो कहाँ थियो कहाँ गए थाहा छैन, जागीरको बन्दोबस्त पनि भा छैन, हे बाबा मरुकी जीवनमा, सुख सन्तोष केही भएन यो मनमा, बटौलीको यात्रा मेरो कहाँ जाने थाहा छैन अहिले सम्म मेलो मेसो केही भा छैन, मनमा पीर परेकै थियो मनैमा के गर्ने, बटौलीमा भर्ती खुल्या छ रे भन्ने सुने, छाती नाप्यो जाचकीले उचाइ नाप्यो उसैले, यो त भर्ति हुने भयो भने कसैले हे दैव को होला बोलेको, सुने आमा भर्ती नि खुलेको भर्ति भएपुलिमा तालीम पनि सुरु भयो, राइफल गोली बोक्नु पर्दा कस्तो कस्तो भयो । छ मैनाको तालिम सकी सरुवानी गरायो, सरुवाको कागज आयो दाङ जिल्ला पुर्‍यो ।

**गाइने गीत**

कोई भाइले नाचन्या कोही भाइ खेलन्या

कोइ भाइले लाउनन् बरु खेल

अर्जुनली बजाउन्या भीमसेनै नाचन्या

सहदेवले लाउनन् बरु खेल

नल परालले घर छाउनन्

परनन् सुनैका बली

पर्वतको तामाताउली, भदेसैको कपरा

यिनु घर भरिपुर होइ

हामुकन दिएनन् वाद्या बाखरी होइ

देस देस बयान चलाऊँ

हाम्रकन दिएनन् लारु चिवरी होइ

ओटीडिल बसिकिन बाँरी चुरी खाँऊ

दइसई पतेनीमा पातीमा होला होइ

दइसई जमलामा दुबीमा होला होइ

दइसई यिनु घर होइ

ऋतु ऋतु बखतले गाँउला होइ

यिनु ऋतु खेलन आँऊ

पाँचै पूर्त जियनन् लाखै बरिस

यिनु ऋतु खेलन आँऊ

गाई भैसी जियनन् लाखै बरिस

यिनु ऋतु खेलन जाऊँ

धनदब जियला लाखै बरिस्

यिनुऋतु खेलन जाऊँ

ताउला गाग्रा जियनन् लाखै बरिस

यिनु ऋतु खेलन जाऊँ

आङनचर्ती जियनन् लाखै बरिस

यिनु ऋतु खेलन जाऊँ

खेल्न्या भान्छ जियनन् लाखै बरिस

यिनु ऋतु खेलन जाऊँ [२२]

### ४.१.४.४ भजन-कीर्तन

जीवनको रहस्य र मानसिक शान्ति तथा सान्त्वनाका निम्ति मान्छे अदृस्य शक्तिमा विश्वास गर्न विवस हुन्छ । अझ हिन्दु धर्मका अनुयायीहरू देवीदेवताको आराधना भजन किर्तन गरेर धर्म सुधारका निम्ति निरन्तर समर्पित भएको पाइन्छ । पूजा आजाका क्रममा ईश्वरको गुणगान गर्दै भक्तिभाव देखाएको पाइन्छ । ज्ञानमार्ग भन्दा भक्तिमार्ग धर्म जोगाउन सहज छ भन्ने विश्वासमा भजन कीर्तनले महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको देखिन्छ । विभिन्न मन्दिरहरूमा भजन मण्डलीद्वारा गीत गाउने देखि लिएर छैठी, पूजा, सप्ताह, सत्यनारायण पूजा, लक्ष्मीवती, एकादशी तथा चौमासे ब्रतमा निरन्तर भजन कीर्तन भएको पाइन्छ । विषेश गरेर भजनमण्डलीद्वारा गाइने गीत नै भजन कीर्तनको रूपमा चिनिच्छन् । भजनकीर्तनमा देवी देवता प्रति श्रद्धा व्यक्त गर्ने र भगवानको जीवनलीलाको बारेमा वर्णन गरिन्छ ।

**भजन–कीर्तन**

ए दिन बन्धु दु:ख हर्ता तिमी नै सबका हर्ता कर्ता

ए दिन बन्धु दु:ख हर्ता तिमी नै सबको हर्ता कर्ता

---

२२. रेशम गन्धर्व सुर्खेत, हाल तुलसीपुर–२ दाङ ।

घाम छायाको यो मानव चोला

रिस रागको यो कालो झोला

रङ्गी विरङ्गी चाल अनेकौ

हरण गर हे हरि बृजवाला

ए दीन बन्धु दुःख हर्ता तिमी नै सबका हर्ता कर्ता

ए दीन बन्धु दुःख हर्ता तिमी नै सबका हर्ता कर्ता

दुःख सुखको यो भुवँरीमा

सानो ठूलो दुर नगीचमा

समतल ल्याऊ हृदय निचोरी

बिन्ती म गर्छु यी कर जोडी

पार लगाऊ जगवाला

ए दीन बन्धु दुःख हर्ता तिमी नै सबका हर्ता कर्ता

ए दीन बन्धु दुःख हर्ता तिमी नै सबका हर्ता कर्ता

जीवन वनको एक कुनामा

रोइरहेछन् नयन यी सारा

दर्शन देऊ आज मलाई

हे दीन बन्धु दुःख सहारा

ए दीन बन्धु दुःख हर्ता तिमी नै सबका हर्ता कर्ता

ए दीन बन्धु दुःख हर्ता तिमी नै सबका हर्ता कर्ता [२३]

---

२३. भीमकान्त शर्मा, दाङ ।

**आरती**

जय शिव औँकारा ॐ जय शिव ओंम्कारा ।

ब्रहम विष्णु , सदाशिव अर्ध त्यागी धारा । ओउम् जय शिव....

एकानन चत्तुरानन पँचानन राजे ।

हंसासन गरुडासन वृषवाहन साजे । ओउम् जय शिव........

दो भुज चार भुज चत्तुर्भुज दस भुज असि सोहे !

त्रिगुण रुप निराख्ते त्रिभुवन जन मोहे ! ओउम् जय शिव.........

अक्षमाला वनमाला मुण्डमाला धारी ।

त्रिपुरारी कंसारी कर माला धारी । ओउम् जय शिव.......

करको मध्य कमण्डलु चक्र त्रिशुल धारी ।

सुखकारी दुःख हारी जगपालन कारी । ओउम् जय शिव........

ब्रहम विष्णु सदाशिव जानत अविवेका ।

प्रणवाक्षरमा शोभित यी तीनै एका । ओउम् जय शिव......

लक्ष्मी वा सावित्री पार्वती सङमा ।

पार्वती अर्घाङगी शिवलहरी गंगा । ओउम् जय शिव........

जटामा गङगा बहन्छ गलामा मुण्डनमाला ।

शेषनाग लिपटावत ओठला मृगमाला । ओउम् जय शिव.......

कौशीमा विराजमान् विश्वनाथ नदी ब्रहम चारी ।

नित्य उठी दर्शन पाएमा महिमा अतिभारी । ओउम् जय शिव.....

त्रिगुणस्वामीको आरती जो कोही नर गाए ।

बहुत शिवानन्द स्वामी सुख सम्पति पाए । ओउम् जय शिव.......[२४]

**रामायण**

हाऽ कै एका दिनमा भन्छन् , कै एका समयमा

शिव पार्वती कैलासमा बसेको हरि

हा ऽदुनुहात जोडी प्रभु बिन्ती गर्छिन् पार्वती

उनको बिन्ती सुनेर प्रभु वोल्न र लाए भोलानाथ हरि

हा ऽके को बिन्ती भन है भन पार्वती हरि

हाऽ सुन्नस् लाग्यो मन हरि हरि बुझ्नस् लाग्यो रामायण

को हुन् स्वामी हजुरले बताउनु पर्‍यो बाल्मीकी हरि

हाऽ धेरै भन्न केही जान्दिन संक्षेपमा मैले भन्दछु

दैवको इच्छा प्रभुको माया सुनीलेउ महारानी हरि

हाऽ अयोध्यामा दशरथ राजाका तीन बैनी रानी

तीनवटै रानीबाट सन्तान भएनन् एक पनि हरि

हा ऽदशरथ राजा साह्रै पिरमा परेका

एक दिन दशरथ राजा सभामा गएका हरि

हाऽबैकुण्ठका भगवानले त्यै बेला थाहा पाए

विष्णु भगवान् छल गर्न राजाका घरमा आए हरि

हाऽ पीताम्वर बस्त्र पैह्री काँधमा धोती भिरेर

चीमी चिमी चिम्टा बजाउदै एक हातमा कमण्डलु लिएर हरि

---

२४. मुक्ति प्रसाद पोखेल, हलवार–४ दाङ ।

हा ऽआलोक जगाए दरबारमा वरिपरि घुमेर
भित्रवाट रानीले भिक्षा र दान लिएर हरि
हा ऽजेठी रानी कौशिल्याले हिरा र मोती लिइन्
माहिली रानी कैकेयीले धन र द्रव्य लिइन् हरि
हाऽ कान्छी रानी सुमित्राले सुनका थालमा अन्न लिएर
तीन बैनी रानीले  प्रभु भिक्षा दान लिएर हरि
हाऽ तिम्रा दरबारमा बालक पनि खेल्दैनन्
हरि हरि तिमरा अयोध्यामा लाली बाच्छी रम्दैन हरि
हा ऽछोरा तिम्रा कति छन् तो रानी छोरी कति छन् हरि
हाऽ छोरा पनि छैनन् हाममा छोरी पनि छर्दै छैनन् हरि
हाऽ त्यसो भए रानी तिमीले दिएको भिक्षा लिदैन् हरि
हा ऽलिनु पर्‍यो महाराजै हामीले दिएको भिक्षे दान, हरि
हाऽ अपुत्रीले दिएको रानी जोगीले भिक्षे लिदैन्
अपुत्रीलाई देखेर रानी साइत पनि पर्दैन
अपुत्रीले दिएको रानी पितृले पनि खाँदैनन् हरि
हा ऽयतिमा कुरा भनेर प्रभु अन्तर्ध्यान भएर
साँझ पख सभाबाट राजा दरबार आएर हरि
हाऽ पानसमा बत्ती बलेको छैन बलेको छैन बिजुली
के छनी संसारमा सम्झेर ल्याउँदा खेरी हरि
हाऽ आज केन दरबार अध्याँरो
रानी कौशल्या आज केन दरबार अध्यारो

रानी कैकयी आज .....................

रानी सुमित्रा आज .....................

हा ऽमुख तिम्रो मलिलो केन मनिलो मुख केनर

मुटुमा गाँठो पारेर भन्छिन् आँखामा आँसु झारेर हरि

हाऽ एकुमा फुस्रो जोगी आएर आलोक जगाउँदा

तीन र बैनी रानीले भिक्षे दान दिँदाता हरि

हा ऽलिदैन मैले भिक्षेदान अपुत्रीले दिएको

त्यति र वचन बोलेर जोगी अन्तरध्यान् भएको हरि

हाऽ दशरथराजालाई पीर पर्दा मनमा

कसले देला अर्ती बुद्धी कसले देला ज्ञान हरि

हाऽ सोच्न र लागे दशरथले साह्रै मन ठहराई

आफ्ना गुरु विशिष्ट कहाँ गए भन्न लाइ हरि

हा ऽउपदेश मलाई बताउनु पर्‍यो मेरा गुरुज्यू

सन्तान मलाई छन् की छैनन् बताइदिनुस् गुरु ज्यू हरि

हा ऽ उभो हेर्छन् निर्णय सिन्धु, उँदोकोर्छन सिलौटो

के उपदेश दिक्तो राजा छैनन् तिमीलाई सन्तान

हा ऽ उपदेश मलाई बताउनु पर्‍यो मेरा गुरुज्यू

सहरे ज्यूमा गएर राजा तपस्या गर तिमीले हरि

हा ऽसुनकलसे गागरीमा साइत सार्दिउ रानीले

सुनको बैशाकी लौरी  साइत सार्दिउ रानीले हरि

हाऽ मता जान्छु सहेज्यूमा ध्यान गर्नलाई भनेर

केको ध्यान गर्नु हुन्छ राजा, रानीले प्रश्न गरेर हरि

हा ऽसन्तान हामीलाई भएनन् रानी ध्यान गर्छु भनेर

जाँदामा जाँदा गएर राजा ऋषिको आश्रम पुगेर हरि

हा ऽविश्वामित्र सँग गइ परिक्रमा गरेर

परिक्रमा गरे पछि दण्डवत गरेर हरि

हाऽ कोहौ तिमी भनभन को हो तिमी भनेर हरि

हा ऽअयोध्यापुरीको दशरथ राजा मै हुँ भनेर

के कामले आयौ दशरथ राजा के भयो तिमीलाई भनेर हरि

हा ऽसन्तान मलाई दिनु पर्‍यो हरि हरि सन्तान मलाइ दिनु पर्‍यो

मेरो गुरुज्यू सन्तान मलाई दिनु पर्‍यो हरि

हा ऽअपुत्रीलाई देखेर नुहाउनु पर्‍यो भनेर

विश्वभित्र ऋषि प्रभु गंगाजीमा गएर हरि

हा ऽगंगाजीमा गएर प्रभु नुहाइसकी आउँछन्

सातफेर सम्म दशरथले ढोग्छन् सातै फेर नुहाउँछन् हरि

हाऽ मैले दिन हुने उपदेश दिन्छु तिमीलाई भनेर

फुलबारीबाट जोर्ते आँप टिपी ल्याऊ भनेर हरि

हा ऽझोलीबाट जडीबुटी ऋषिले निकालेर

जडीबुटी निकालेर दशरथलाई दिएर हरि

हाऽ त्यो जडिबुटी घोटी पिसी औषधी मिसाए

तीन भाग लगाई दुई भाग रानी एक भाग तिमी खाए हरि

हाऽ त्यति ज्ञान पाए पछि राजा त दरबार गएर

औषधी घोटीपिसी तीन भाग लाएर हरि

हा ऽराजाले खाए एक भाग दुई भाग दिए रानीलाई

कान्छी रानी सुमित्रा त पानी लिन गएकी हरि

हाऽ दुई भागबाट निकालेर तीन भाग लगाई

तीन बैनी रानीले औषधी बुटी खाएर हरि

हाऽ त्यसै र बेला मौकामा हरे रानीलाई गर्भ रहयो

एक मैना दुइ मैना गर्दै दसमास पुरा भो हरि

हाऽ दशमास सुरु भयो जन्मीन लाए बाला

यशोदा भन्ने सुडेनी पनि आइ पुगिन त्यै बेला हरि

हा ऽकौशिल्या र कैकेहीलाई एक एक बाला जन्मिए

कान्छी रानी सुमित्रालाई दुई बाला जन्मिए हरि

हा ऽप्रजा र फौजले समेत थाहा पाए त्यै बेला है

सुन कलसको झारीका जलले नुहाउन लाए बालालाइ हरि

हाऽ सुन दान द्रव्यदान असंख्य दान गरेर

त्यसै बेला अविर र पुष्पवृष्टि गरेर हरि

हाऽ सबै जना ज्ञान कीर्तन भजन गाउन लाए

नौमती बाजा वज्नै लागे करनाल पनि वज्न लाए हरि

जेठा राम साइला भरत जेठी र माइलीका भए

कान्छीका साइला लक्ष्मण, सत्रुघन कान्छा भए हरि

हा ऽअयोध्या पुरीमा जन्मत भयो रामका, मन हर्ष भयो दशरथ राजाको हरि

अयोध्या पुरीमा जन्मत भयो रामको हरि

---

२५. मुक्तिराम भण्डारी, हलवार ३, दाङ ।

### ४.१.४.५ मारुनी

मारुनी नृत्यगीत लोकजीवनमा प्रचलित चर्चित गीतको रूपमा लिन सकिन्छ । मारुनी नृत्यमा पुरुषलाई नारी साजसज्जामा सजाइएको हुन्छ । मारुनीगीत गाउँदा बाँसुरी, भ्याली, मुरली जस्ता वाजाहरूले मारुनीगीतलाई विशेष आकर्षण प्रदान गरेको पाइन्छ । तिहारमा अत्यन्तै रमाइलो साथ गाइने मारुनी गीत गाउँ घरमा पूजा आजा समाप्तिको दिन, छैठी आदि कर्महरू गर्दा रात भरी धुमधाम सँग नाच्ने र गाउने चलन छ। यो गीत बाह्रमासेगीत हो भने ईश्वर भक्ति, जीवन गाथाका अनुभूतिलाई मारुनीगीतमा सुन्दर किसिमले अभिव्यक्तगरेको पाइन्छ। मारुनी गीत अन्तर्गत नै सोरठी, ख्याली, चुड्का जस्ता गीतलाई समावेश गरेर गाउने चलन छ।

पूर्वैको मारुनी, पश्चिमको पुरसुङ्गे नाचीदेउन मारुनी आँगनीमा छमछम
हाऽ शिरै लाउने शिरिफूल भिकी राख, अव देखि मारुनै मरिदैको भेष
हा ऽजहिले जाम्ला पूर्वको देश उहिले लिम्ला भरिदको (मर्द) भेष १
हा ऽनिलै लाउने टिकीया भिकिराख, अब देखि मारुनै मरिदको भेष
हाऽ जहिले जाम्ला पूर्वको देश.......................................................३
हाऽ कानै लाउने कुण्डली भिकिराख............................................
जहिले .......................................................................................४
हाऽ नाकै लाउने नथिया भिकिराख ...............................................
जहिले .......................................................................................५
हाऽ गलै हमेली भिकिराख ..........................................................
जहिले .......................................................................................६
हाऽ जीउ चोलीया भिकिराख ..................................................
जहिले .......................................................................................७

हा ऽकम्मर पटुकी भिकिराख.........................................................................

जहिले ..........................................................................................८

हाऽ काछलाने घाँघरु भिकिराख ..............................................................

जहिले ..........................................................................................९

हाऽ खुट्टै कलीया भिकिराख ....................................................................

जहिले ..........................................................................................१०[२६]

**सोरठी**

सोरठी(लोक नाट्य) मूलतः गण्डकी प्रवेशको गुरुङ्ग मगर समाजमा प्रचलित छ । भारततिर पनि यसको प्रचलन पाइन्छ । यसलाई सोरठ र सोरठा पनि भन्ने गरिन्छ । अहिले यसको लोक प्रियता ज्यादै बढेको छ । नेपालको मेची देखी महाकालीसम्म र यस क्षेत्र दाङ जिल्लामा खास गरी उत्तरी भेगका गाँउ तिर तथा सैनिक शिविरमा यसको प्रचलन छ । नेपालमा प्रचलित सोरठीमा जैसिङ्ग राजा हैमली रानी तथा उनीहरुको छोरी सुन रुपा र मन्त्री सुमन्त मुख्य पात्रका रुपमा रहेका छन् । सौतेनी आमाहरुका जालमा परेर नदीमा गाइएकी बालिकालाई हुर्काउने कुमालेको पनि यसमा विशिष्ट भूमिका छ । आफ्नै छोरी सुन रुपालाई नचिनी विवाह गर्न खोज्ने राजाले सुनरुपाका मुखबाट सुनेको यो गीत अत्यन्त मार्मिक छ ।

बाबाको गहना सबै चेली लाउँछन्

हामी पनि लावेला

बाबाको लुगा सबैचेली लाउँछन्

हामी पनि लावेला

बाबाको हातको सिन्दुर

---

२६. देवबहादुर थापा, हलबार ८, दाङ ।

कौने चेली लाउँदैनन्

हमु चेली पनि लाउँदैन

प्रारम्भमा सोरठी रागको तालले फन्का मारेपछि पुसुङगेको आगमन र गुरुबाउद्वारा गीतको प्रारम्भसँगै मारुनी नाच्न थाल्छन् । नेपाली समाजको एक कालखण्डका कहालीलाग्दा स्वरहरु यस्ता छन् ।

तीनै र फेरा घुमीमा घुमी

अम्वावती रानी सोलामा चढिन्

उठउठ पाँचै लोक उठउठ नरैलोक

घोकाइ भरिदे.............

अगिको अगेर्नी पछिको पदेर्नी

माजैको गरियाले पानी खान देऊ मलाई

बनबासे अगेरीलाई पानी खान देऊ ।

हामु त हुय नि चमारैकी छोरी

कैसै पियैली पानी?

हामु त हुइ नि चमारेकी छोरी

हामुले पियैला पानी

पानी खान देऊ मलाई बनबासी !

पानी खान देऊ

जो मर्द असी मनका लोहा चिउरा बुकाउँला

उसैकहाँ हामी सीता जाना

ओ गोसइँ ! नत्र कसैथी नजाना ।

स्रोतः नेपाली लोक साहित्यमा जनजीवन

---

२७. पूर्ववत्, पृष्ठ १५७ ।

**बालुन**

बालुन नाम हिन्दीको पति बुझाउने 'बालम' शब्दबाट बनेको हो भन्ने कसैकसैको भनाइ छ । नेपाली लोक साहित्यका मर्मज्ञ कृष्णप्रसाद पराजुलीले भने बाल/बाला+अयन=बालन, बालुन भएको तर्क प्रस्तुत गरेका छन् । यो नेपालको विभिन्न भागमा प्रचलित छ । यस्तै यस दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा पनि प्रचलित छ । यसमा सेतासेता दौरा सुरुवाल लाएर कम्मरमा पटुका बाँधेका, शिरमा फेटा गुँथेका नर्तक नर्तकीका चारचार जनाको दुई हार हुन्छन् । त्यसमा पनि जसे, पाते, हाँसे, रुन्चे, लहसे भनिने हास्यकार पनि समाविष्ट हुन्छन् । गीतको प्रारम्भपछि बालुने भाइहरु भजनिया मण्डलीका गीत र खैंजडी मुजुराका तालमा शिर झुकाउँदै र थर्काउँदै नृत्यप्रदर्शन गर्दछन् ।

होहो तिम्रै सरनमा खेल्न आयौ

आज्ञादेऊ भरतीमाता

हो हो सत्यको कीर्ति गणपति

लम्बोर विद्याता

घरकी घरबेटी!

बाहिरकै किर्तन लायौ राम!

निस्कँदाता निस्कँदा हौ बालुने भाइ हो!

हाम्रो हात दिनु खानु कुछ नाहि

जान्छौ मथुरा राधा जान्छौ मथुरा

पापी कंस मार्नलाई जान्छौ मथुरा

हुन्छ पाल्नु होस् हुन्छ पाल्नुहोस्

पापी कंस मारेर झट्टै फिर्नुहोस् ।[२८]

---

२८. खोपेन्द्र सिउजाली, पुरन्धारा २, दाङ ।

### ४.१.४.६ सालैजो

सालैजो दाङ जिल्लाको यस क्षेत्रमा अत्यन्त चर्चित लोकगीत हो । सालै जो त्यो भाका हो जसले गीत मैं नाम लिइसकेको हुन्छ । यो बाह्रमासे गीत अन्तर्गत पर्दछ जुन समयमा जहाँ पनि गाउन सकिन्छ । बनपाखा, घाँस दाउरा जाँदा, गोठालो जाँदा मेलापात आदिमा बसिवियालोको क्षणमा यो गीत गाउने गरिन्छ । एउटा गायकले आफ्ना भावना पोखेको बेला अर्को गायकले पनि यो गीत छोप्दछन् । यो भाका सामूहिक रूपमा गाउदा पुरुष र स्त्री भएर मादलको तालमा गाइन्छ । यसरी आफ्नो मनका वेदनाहरू पोख्ने गरिन्छ । सालैजोगीत टुक्का रहित वा टुक्का सहितका लामा छोटा दोहोरी वा एकोहोरी दुवै खालका हुन्छन् ।

**सालेजो**

के राम्रो गौथली रिङछ बादल भुनि

रिङछ भने रिङन देऊ सालैजो वनकी पियारीलाई

शिरमा लाउने शिरै फूल म किनी ल्याइदिउँला

मोहनी मन्तर लाउने गीत गाइ दिउँला सालैजो मनकी पियारीलाई ।

क राम्रो गौथली............. २

लाली गुराँस फुलेसरी फकको जीवन

राजीनामा गरिदिएँ यो मन सालैजो मनकी पियारीलाई

के राम्रो गौथली..............२

पानी पऱ्यो तरतरी परेन असिना

जालि रुमाल दिएँ मैले पुछन पसिना सालैजो मनकी पियारीलाई

के राम्रो गौथली....................२

**दोहोरी सालैजो**

केटा : हे सल्लेरी बनमा सालैजो जोडी ढुकुर बासेको

केटी : ह–ह सालैजो जोडी ढुकुर बसेको

केटा : ह–ह औँसीमा जुन लागे झैँ हुन्छ सालैजो मायलुले हाँसेको

केटीः ह–ह ए है सालैजो मायालु हाँसेको

केटा : ह पिपलु छाया हैन र माया सालैजो मायालुले हाँसेको

केटी : ह–ह ए हो माया मायालुले हाँसेको

केटा : (ओठ टोकी मुसुक्क हाँस्नाले)३

केटा र केटी :( छायो मलाई मायाको बास्नाले )४

केटा : ह–ह यतिमा राम्रो सुपारी दाना ह–ह सालैजो काटी खाउकी पोलेर

केटी : ह–ह ऐ है आ माया काटी खाउली पोलेर–२

केटा : नलाउनी माया लाइसकेपछि सालैजो नजाऊ है छोडेर

केटी : ह–ह ए है ओ माया नजाउ है छोडेर–२

केटा : हा–हा पिपलु छाया हैन र माया सालैजो नजाऊ है छोडेर

केटी : ह–ह ए है आ नजाऊ है छोडेर

केटा : (ह–ह त्यो मुटुमा विछोडको छाप लाउँला)

छोडी गए मायाको पाप लाउला) २

केटा र केटी : (त्यो मुटुमा विछोडको छाप लाउला

छोडी गए मायाको पाल लाउला )३

केटा : उर्लेर आयो राप्ती नदी सालैजो तरन सकिन ।

लाएको माया झल्झली हुन्छ सालैजो विर्सन सकिन ।

केटी : पीरन मान सालैजो भेटौला तुलसीपुर बजार ।

लाएको माया बिर्सने छैन सालैजो दाङ्गको बजार

**सालेजो**

के राम्रो गौथली रिङछ बादल भुनि

रिङछ भने रिङन देऊ सालैजो वनकी पियारीलाई

शिरमा लाउने शिरै फूल म किनी ल्याइदिउँला

मोहनी मन्तर लाउने गीत गाइ दिउँला सालैजो मनकी पियारीलाई ।

क राम्रो गौथली............ २

लाली गुराँस फुलेसरी फक्रको जीवन

राजीनामा गरिदिएँ यो मन सालैजो मनकी पियारीलाई

के राम्रो गौथली.............२

पानी पऱ्यो तरतरी परेन असिना

जालि रुमाल दिएँ मैले पुछ्न पसिना सालैजो मनकी पियारीलाई

के राम्रो गौथली...................२

**दोहोरी सालैजो**

केटा : हे सल्लेरी बनमा सालैजो जोडी ढुकुर बासेको

केटी : ह–ह सालैजो जोडी ढुकुर बसेको

केटा : ह–ह औँसीमा जुन लागे झैँ हुन्छ सालैजो मायलुले हाँसेको

केटीः ह–ह ए है सालैजो मायालु हाँसेको

केटा : ह पिपलु छाया हैन र माया सालैजो मायालुले हाँसेको

केटी : ह–ह ए हो माया मायालुले हाँसेको

केटा : (ओठ टोकी मुसुक्क हाँस्नाले)३

केटा र केटी :( छायो मलाई मायाको बास्नाले )४

केटा : ह–ह यतिमा राम्रो सुपारी दाना ह–ह सालैजो काटी खाउकी पोलेर

केटी : ह–ह ऐ है आ माया काटी खाउली पोलेर–२

केटा : नलाउनी माया लाइसकेपछि सालैजो नजाऊ है छोडेर

केटी : ह–ह ए है ओ माया नजाउ है छोडेर–२

केटा : हा–हा पिपलु छाया हैन र माया सालैजो नजाऊ है छोडेर

केटी : ह–ह ए है आ नजाऊ है छोडेर

केटा : (ह–ह त्यो मुटुमा विछोडको छाप लाउँला)

छोडी गए मायाको पाप लाउला) २

केटा र केटी : (त्यो मुटुमा विछोडको छाप लाउला

छोडी गए मायाको पाल लाउला )३

केटा : उर्लेर आयो राप्ती नदी सालैजो तरन सकिन ।

लाएको माया झल्झली हुन्छ सालैजो विर्सन सकिन ।

केटी : पीरन मान सालैजो भेटौला तुलसीपुर बजार ।

लाएको माया बिर्सने छैन सालैजो दाङ्गको बजार[२९]

### ४.२ दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन र विश्लेषण

### ४.२.१ विषयवस्तु

लोकजीवनमा व्याप्त कुनै पनि विषयलाई लोकगीतले मात्र समेट्न सक्छ । यहाँ

---

२९. चर्चित लोकगीत सङ्ग्रह भाग १ (२०६७), पृष्ठ २५ ।

प्रचलित लोकगीतका विषयवस्तुको श्रोत यसै ठाउँको समाज हो । मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धित अन्य पक्षलाई लोकगायकहरूले गीतका माध्यमले व्यक्त गर्दछन् । गीत अनुसार विषयवस्तुको श्रोत पनि फरक फरक हुनसक्दछ । सांस्कृतिक पर्वमा गाइने गीत र मनोरञ्जन दिनका लागि गाइने गीतमा फरक पाउन सकिन्छ । झ्याउरे घाँसे गीतमा मुख्यरूपमा प्रणय प्रेमको विषयवस्तु हुन्छ र यसैमा अन्य विषयवस्तुको रूपमा गरिबी, लाहुरेजीवन, अशिक्षा नारीवर्गमाथि गरिने भेदभाव आदि आउँछन् । यसरी यस क्षेत्रका लोकगीतमा सामाजिक, आर्थिक, सास्कृतिक, नारीजीवन आदिलाई विषयवस्तुका रूपमा लिइ लोकगायकले आफ्ना अनुभूतिका भावनालाई विभिन्न उद्‌गारमा प्रस्तुत गरेका हुन्छन् । यहाँका प्रचलित लोकगीतका विषयवस्तुलाई खास पक्षमा रेखाङ्कन गरी निम्न उपशीर्षकमा देखाइएको छ ।

### ४.२.१.१ आर्थिक जीवनको चित्रण

मानवीय आवश्यकताहरू असीमित हुन्छन् र ती असीमित आवश्यकता पूरा गर्ने श्रोत र साधन सीमित छ । सीमित साधन र श्रोतवाट असीमित आवश्यकताहरू प्राथमिकताको आधारमा परिपूर्ति गर्ने गरिन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने समाजको जीवनबृत अर्थोपार्जनको घेरावरिपरि घुमिरहेको हुन्छ । आर्थिक उपार्जनका निम्ति कुनै न कुनै पेसासँग आबद्ध नै हुनुपर्दछ । आर्थिकरूपले सम्पन्न हुन नसकेका ग्रामीण जनजीवनको मुख्य पेसा कृषि र रोजगारीका निम्ति विदेशिनु आफैमा पनि बाध्यता हो ।

**विदेशिएका पति र छोराका वियोगमा यस क्षेत्रमा गाइने नारीको बह पोखिएको गीत :**

ढीकी जाँतो मेला र पात

रुँदै आमा गर्दी हुन् दिन रात

बाँचे भने फर्केला परानी

मरे भने बन्दुक सिरानी

मायाको उचाइलाई धनी र गरिबको पर्खालले छेक्न नसक्ने हुँदा लोकगीतमा यसरी गीत अधिव्यक्त भएको पाइन्छ ।

नाची देऊ न रन पुतलै हेरी देऊ न वैरागीको नाँच–२

घोराहीको बजारैमा सस्तो रै छ मासु

साइ पिरती संझी ल्याउँदा निक्ली आउँछ आँसु ।

नाची देऊन..................................

दिउँसैमा बाघ लाग्ने पल्लो केराघारी

कुम्मा हाली हाँस्दै लान्छु काली गङगा पारी

नाची देऊन.................................

हाम्रो समाजमा माइतीबाट दाइजो ल्याउन नसक्दा कतै कतै नारीलाई दुःख दिने घरबाट निकाल्ने गरेको पाइन्छ ।

मेरा माइती यस्ता भन्छेस् फुर्तीमात्र लाउँछेस्

माइतीबाट क्यै ल्याउँदिनस् रित्तै फर्की आउँछेस् ।

दाइजो पनि क्यै दिएनन् रित्तै हात खाली

गरिबकी छोरी रै छ बस्न कहाँ पाउली ।

यस्तै गरी दाङ जिल्लाको यस क्षेत्रमा लोकगीतमा गरिबीको दुःख पोखिएको हुन्छ भने अर्कोतर्फ सम्पन्न आर्थिक स्थितिको कल्पना गरिएको हुन्छ । तिहारमा भैलो र देउसी खेल्दा दिइने आसिक यस्तो छः–

यस घरमा–भैलो

धनसम्पत्ति –भैलो

भरिपूर्ण –भैलो

होइ र जाओस् –भैलो

यसु घरका –भैलो

जेठा छोरा –भैलो

डाक्टर साहेब –भैलो

होइ र जाऊन –भैलो

माइला छोरा –भैलो

इन्जिनियर –भैलो

होइ र जाऊन –भैलो

कान्छा छोरा –भैलो

बाबु आमाको –भैलो

पालन पोषण–भैलो

गर्ने होऊन –भैलो

ढुङगा हुँदा –भैलो

धनै फलोस –भैलो

माटो हुँदा –भैलो

अन्न फलोस –भैलो

भरिपूर्ण –भैलो

भै र आओस् –भैलो[३०]

प्रेमीले प्रमिकाका इच्छा पूरा गरिदिन गरेका क्रियाकलापको सुन्दर चित्रण यस गीतमा पाइन्छ ।

---

३०. भागीरथ भण्डारी, तु.न.पा. ४, दाङ ।

तुलसीपुर पल्लो पट्टि पातुखोला पुल ।

ल्याइदिउँला तीन तोलाको शिरमा सिरफूल ।

विवाहको समयमा लगिएका गहनाले केटा पक्षको आर्थिक हैसियतको मूल्याङ्कन गरिने हुँदा जसरी भए पनि इज्जत राख्नु पर्ने वाध्यता र मात्र गरे अनुसार गहना लैजाने चलन रहेको छ ।

हेर भाइ हो गहनापात इज्जतको कुरा

तीन तोलाको सुनको सिक्री हात्मा सुनका चुरा

यसरी वर्तमान समयमा समाजमा अर्थको ज्यादै महत्व छ तापनि सबै थोक पैसा(अर्थ) मात्र होइन समाजको अन्य पक्षलाई पनि महत्वपूर्ण पाटाका रुपमा हेर्नु पर्छ भन्ने मान्यताले पनि ठाँउठाँउमा मान्यता पाएको छ ।

**४.२.१.२ सामाजिक चित्रण**

लोकगीत समाजकै उपज हो । मानिस जहाँ बस्छ त्यहाँ उसको समाज हुन्छ । समाजभित्र यसका धर्म, साँस्कृति, रहनसहन रीतिरिवाज हुन्छन् त्यस्तै दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा पनि लोकगीतको रन्को सामाजिक जीवनको चित्रणमा सुन्न पाइन्छ । गीतले समाजको हरेक पक्षको चित्रण गरेको हुन्छ । यहाँका अधिकाँश मानिसहरु कृषि पेसामा संलग्न छन् । लोकगीतमा सामाजिक जीवनका विविध पक्षको प्रष्फुटन हुने हुँदा आफन्त पराइ, शत्रु मित्रु टाढा नजिकको कर्ममा भर पर्ने लोकगीत समाजको मनमा बढेको पीडालाई यसरी व्यक्त गर्छन ।

छोरालाई स्कुल पठाउने

छोरीलाई घाँस दाउरा कटाउने

कुनै कुनै स्थानमा बहु विवाहका कारण पनि बाँच्दा बाँचदै पनि मरिरहे जस्तै देखिन्छन् । चिन्ताको आगोले जलाइरहेको हुन्छ । आफ्नो पीडालाई यसरी व्यक्त गरेको पाइन्छ ।

माइत जाऊँ सोतेनी आमा घरमा सौते पोइ

दिन काटन धौऱ्यो भयो रात दिन रोई

माया र प्रेमका भावहरु पनि गीतमा व्यक्त भएको पाइन्छ ।

सञ्चैं छ भन्दिनु आमालाई फाटेको जामालाई

हे आमा दूधैको भारले

पाइन बाटो आँसुले धाराले

यस्तै कतै कतै छोरालाई खर्च गरेर पढाउने र छोरीलाई पढाउन महत्व नदिने अवस्था पनि देखिन्छ । छोरीले यसरी व्यक्त गर्दछन् ।

हे आमा बाबा भाइलाई भने बोर्डिङमा पढाउने

म छोरी लाई दाउरा घाँस कटाउने

माइत हेला घरको हेला

सानै मानै घरको झमेला

मानिसको जीवनमा बैंसमा माया प्रीति लगाउने समय हो । यस समयमा मायाप्रेम नगाँसेमा जीवन व्यर्थ हुन्छ भन्ने भनाइ छ ।

लाऊ माया लाउनेले

नलाऊ माया छोडेर जानेले

लाऊ माया रसैको

डरकर नमानी कसैको

लाली गुँरास टप्प टिपी साइ माया लाई दिउँला

दिलको माया मन्तरेर सिउँदो रङगाइदिउँला

यस्तै यस्तै गीतहरुको मिश्रणले समाजिक जनजीवनलाई लोकगीतमा चित्रण गरेको पाइन्छ ।

### ४.२.१.३ नारी जिवनको चित्रण

हाम्रो नेपाली समाज पुरुष प्रधान भएकाले प्रायशः नारीलाई दबाएर राख्ने गरिन्छ । ग्रामीण क्षेत्रमा नारी धेरै जसो पछाडि परेको देखिन्छ भने सहरी शिक्षित समुदायतिर आफ्नो हकहितका लागि नारीहरु अगाडि बढेको देखिन्छ ।

पुरुष प्रधान समाजका कारणले नारीको जीवन वेदनाले भरिएको पाइन्छ । छोरो जन्मदा खुसी मनाउने तर छोरी जन्मदा दुःखको अनुभव गर्ने हाम्रो समाजले नारीमाथि अन्याय गरेको छ । नारीको मन विरहको पोखरीमा डुबेको देखिन्छ । यस्तै परिवेशका विरहका गीतको छालले नारीको मनलाई केही शान्त पारेको देखिन्छ । यस्तै परिवेशका केही लोकगीतहरु :

लेक फुल्यो गुराँस त बेसी फुल्यो टुनी

जन्मै दिनमा हेपिएको यो छोरीको जुनी

नशिरमा रातो टिका न नारीमा चुरा

मेरा वैराग निको पार्ने फलामैका चुरा

घरभरिको सम्पत्तिले के भयो र बुबा

सोह्र बर्षे उमेरमा लाएँ सेता लुगा

पशुजस्तै होइनौ हामी संसारलाई चिनाऊँ

नारी बधन चुँडालेर नयाँ संसार बनाऊ

तुलसीपुर बजारैमा सुकाधानी मासु

हामी पनि छोरी नै हौ वचन नलाऊ सासू

सातभाइ छोरा पनि यो घरमा अटाउने

म एउटी छोरीलाई नौ डाँडा कटाउने [३१]

### ४.२.१.४ साँस्कृतिक जीवनको चित्रणः

मानिस सामाजिक प्राणी भएकाले उसले समाजबाट धेरै कुराहरु सिक्दछ । तीनै समाजमा सिकेका व्यवहारलाई सँस्कृति भनिन्छ । आ–आफ्ना पेसका आ–आफ्नै बोली चाली भेषभुषा हुने भएकाले लोक समाजको अभिव्यक्ति त्यसमा प्रकट भएको पाइन्छ । जातिका आ–आफ्नै परम्परा हुन्छन् । नेपाली समाजमा जस्तै दाङ जिल्लाको यस क्षेत्रमा पनि विभिन्न संस्कार, चाडपर्व, पूजाआजा आदिमा आधारित भएर गीत गाएको पाइन्छ । ती लोकगीतहरुमा जन्मेदेखि मृत्युसम्मका परम्परा संस्कार अभिव्यक्ति भएका हुन्छन् । तीजको बेलामा, दसैंमा, तिहार आदि पर्वहरुमा गाइने लोकगीतका नमूनाहरु निम्न छन् :

तीजको रहर आयो बरिलै

तीजको रहर आयो बरिलै

बर्षै दिनको तीजमा भैया लिन आएका

घरमा कोही थिएनन जान पाइन बरिलै ।

अहिलेको तीजमा जानलाई

आमाले पाको खीर खानलाई

यस्तै विजया दशमी पर्वमा पनि मनोरञ्जन र सँस्कृतिको महत्व झल्केका गीतहरु यत्र तत्र सुन्न पाइन्छ । सुख समृद्धिका लागि देवी वा भागवान सँग प्रार्थना गर्दै स्तुति गाएको पाइन्छ ।

---

३१. स्नेहा शर्मा, तुलसीपुर, दाङ ।

सद्बुद्धि देऊ है दुर्गे भवानी

यो दुःख हटाऊ हु तिम्रै चरणमा

बोलौ देवी दुर्गे गरौँ ध्यान सबैले

भजौँ देवमाता भनौ जय सबैले

तिहारमा देउसी र भैलौ गीतहरुले यस क्षेत्रका प्रचलित संस्कृतिलाई झल्काउने गर्दछन् ।

भनभन भाइहो –देउसिरे

स्वरमिलाइकन –देउसिरे

तालमिलाइकन –देउसिरे

छमछम गरी –देउसिरे

नाच भाइ हो –देउसिरे

बर्षै दिनको –देउसिरे

तिहारमा –देउसिरे

आयौँ हामी –देउसिरे

गाईलाई पूजा–देउसिरे

भाइलाई पूजा –देउसिरे

गोर –देउसिरे

आफ्ना भाइका –देउसिरे

शत्रु वैरी –देउसिरे

नास होऊन् भनी –देउसिरे

बहिनीले –देउसिरे

ओखर फोरी –देउसिरे

फलको माला–देउसिरे

लगाए –देउसिरे [३२]

### ४.२.१.५ प्रकृतिको चित्रण

नेपाली जनमानसमा अनुमूत गरिएका कुराहरुलाई लोक गायकहरुले प्रकृतिसँग मितेरी लगाउँदै टिपेका हुन्छन् । विभिन्न महिना, ऋतुहरुमा देखिने प्राकृतिक दृश्यलाई लोकगीतमा वर्णन गरिएको पाइन्छ । शरद ऋतुमा देखिने धानका फाँटहरु जुनको टहटह असारे झरी, बसन्तमा बहने सुगन्धित हावा, शिशिरको जाडो आदिको लोकगीतमा वर्णन गरिएको हुन्छ । पकृतिमा रम्ने चराको चिरबिर, मयुरको नाचको पनि चर्चा गरिएको हुन्छ । पहिलो पङ्मिा प्रवृतिको चित्रण र दोस्रो पङ्तिमा सारभूत कुरालाई अर्थतात्विक ढङगले वर्णन गरिएको पाइन्छ । दाङ जिल्लाको देउखुरी फाँट बाहेक दाङ उपत्यका भित्रका समथल स्थान, खास गरी सडकदेखि उत्तरपट्टिका क्षेत्रमा भएका वनजंगल भिरपाखा उकाली ओराली नदीनाला मनोरम स्थानहरुको वर्णन यसरी गरेको पाइन्छ ।

दाङ छिरीको तल्लोपट्टि मयूरको कल्की

मनमा पिर के छ के छ ! नाच्न लाछु ढलकी ।

बबई खोला घुमी आयो कालीमाटी छेऊँ

मन मेरो अर्कै भयो जाले रुमाल लेऊ

घरमुनिको रुखमुनि न्याउली चरी गाँउदा

एक्लै पनि रुन्छु प्यारा तिम्रो झल्को आँउदा

---

३२. विमला महतारा, तु.न.पा., दाङ ।

मुलकोटको लालीगुराँस टप्प टिपी लाउँला

माया तिमी पर्खी बसे सात् बजे म आउँला [३३]

### ४.२.२ लय (भाका)

लोकगीतमा स्वरको आरोह अवरोह हुन्छ, त्यसैलाई भाका भनिन्छ । एउटै गीत पनि विभिन्न लय र भाकामा गाउन सकिन्छ । गाउने तरिका आ–आफ्नै हुन्छन् । लोकगीतमा प्रायशः अन्त्यनुप्रास मिलाइएको त्यसै द्धारा लोकगीतलाई लयात्मकता प्रदान गरेको हुन्छ । लोकगीतमा लय द्धारा नै मिठास भरिएको हुन्छ । लयका हिसाबले गीत द्रुत लय र बिलाम्वित लयका हुन्छन् ।

**द्रुतलय**

सरर सर्किने माया

फरर फर्किने पिरती

त्यो खोलापारि सल्लेरी बनमा बाघ मार्‍यो गुनाले

भेट भयो सङ्गी, यो रानी बनमा राखेको हुनाले

### ४.२.२.१ भाव

लोकगीतमा भाव पनि महत्वपूर्ण कुरा हो । कविताको जस्तै भाव यसले पनि बोकेको हुन्छ । मानिसले आफ्नो जीवनमा देखेका भोगेका कुरा, अनुभूति लोकगीतमा अभिव्यक्त गरेका हुन्छन् । दुःख सुख, हाँसो आँसु, मिलन बिछोड, अनेकौ भाव र विचारहरु लोकगीतमा पाइन्छ । लोकगीतको एउटै पङ्तिले पनि जीवनको सच्चा अभिव्यञ्जना व्यक्त गरेको हुन्छ ।

---

३३. सरस्वती शर्मा, तु.न.पा., दाङ ।

दुःखी रै छ संसारमा मानिसको चोला

कोही रुन्छन् गरिबिले कोही हुन्छन् हेला

मानवचेतनाका अनुभूतिहरुलाई समेटेर मानव जीवनको चित्रण लोकगीतमा गरिएको हुन्छ । जीवन जगत्का कुनै न कुनै एक क्षेत्रमा रहेर कलात्मक ढङ्गले प्रस्तुत गर्नु गीतकारको सिर्जनाको चुरो हो । यसैलाई नै भावका रुपमा लिन सकिन्छ ।

दुई खोली तर न –२

नानी दुई खोली तर न

बाटो पऱ्यो उकालो त नौलो पऱ्यो गाँउ

त्यै परको छेउँमा बसी माया प्रीति लाऊँ

पानी पऱ्यो रिमिझिमी बढन लाग्यो खोला

त्यति राम्री मायालुको माया कस्तो होला

दुई खोली तर न, नानी दुई खोली तर न

सरस सहज र सुकोमल भाषा लोकगीतको बाहिरी पक्ष मान्न सकिन्छ त्यस्तै भाव वा मर्म यसको आत्मा मानिन्छ । आन्तरिक र वाह्य भाव र अनुभूतिलाई सालीन र शिष्ट रुपमा लोकजीवनका उकाली ओराली, सुख दुःख भावहरु लोकगीतमा  हुन्छन् । यी भाव नै लोकगीतका प्राण हुन् ।

### ४.२.२.२ अन्य तत्व घटक

हुन त लोकगीत आफैमा मौखिक विद्या हो तर पनि कतिप्य विद्यासँग यसको नजिकको सम्बन्ध रहेको हुन्छ । स्वतस्फूर्त रुपमा उत्पन्न हुने भावको सहज प्रस्तुति नै लोकगीत हो । लोकगीत बढी सरल र सहज हुन्छ किनकी सर्वसाधारणबाट यो सिर्जना भएको हुन्छ । यसमा पाइने काव्यतत्वहरु योजनाबद्ध नभएर स्वतः आएका हुन् । स्वतस्फुर्त रुपमा सिर्जना भएको भए पनि यसमा

सौन्दर्य पक्षको स्थान महत्वपूर्ण हुन्छा अतः लोकगीतमा रसानुभूति, अलङकार आदिलाई नियाल्नु पर्ने हुन्छ ।

## ४.२.३ रसानुभूति

काव्यहरु पढदा सुन्दा, अभिनय गर्दा मानव हृदयमा एक किसिमको आनन्दको अनुभुति आउँछ, त्यही नै रस हो । साहित्यमा हृदयलाई आल्लादित पार्ने आस्वाद्य सारतत्वलाई रसको संज्ञा दिएको छ । पूर्वीय साहित्यमा धेरै विद्वानहरुले रसका बारेमा चर्चा गरेका छन् । आनन्दवर्द्धन रसलाई काव्यको आत्मा भनेका छन् ।[३४] पूर्वीय साहित्यशास्त्री भरतमुनिले रसलाई काव्यको आत्माका रुपमा स्वीकार गरी विना कुनै भावको प्रवर्तन हुँदैन भनेको पाइन्छ । [३५] विश्वनाथले रसात्मक वाक्यम भनेर रसात्मक वाक्य नै काव्य हो भनेका छन् ।[३६] अभिनभ गुप्तले रसले नै काव्यमा जीवन आउने कुरा राखेका छन् । हामीले खाने कुरामा जसरी टर्रो पिरो गुलियो अमिलो तितो नुनिलो रसको अनुभव गर्दछौं । साहित्यमा पनि त्यस्तै शृङगार, हास्य वीर शान्त करुण आदि रसको अनुभूति हुने गर्दछ । काव्य शास्त्रको अनुसार लोकगीतमा पनि रस निष्पत्ति जिवनका अनुरुप हुने गर्दछ । गायकको गीत सुनेर पनि स्रोताले गायकको मनोदशाको अनुभव गर्न सक्छ । लोक गायकका स्वरमा पनि रसलाई उद्दीपन गर्ने शक्ति हुन्छ । लोकगीतले स्रोतालाई रुवाउन हँसाउन सक्छ । यसरी हेर्दा लोकजीवनको नजिकमा रहेको लोकगीतैले मानिसको हृदयमा रति, शोक उत्साह क्रोध आदि स्थायी भाव उत्पन्न गराउँछ भने तिनलाई उद्दीप्त गराउने विभाव, अनुभाव, सञ्चारीभाव  अभिव्यक्त भएर गीतमा रसको स्वरुप आँउदछ । खास गरेर लोकगीतका क्षेत्रका शृङगार करुण, वीर, हास्य, शान्त रसको प्रधान्ता रहेको हुन्छ ।

---

३४. आनन्दवर्द्धन, ध्वन्यालोक ।

३५. भरतमुनि नाट्यशास्त्र ।

३६. विश्वनाथ साहित्यदर्पण ।

### ४.२.३.१ करुण रस

शोक स्थायी भाव हुने रस करुण रस हो । मानवीय चाहनामा आघात उत्पन्न हुँदा मानिसका मनमा चोट लाग्दछ, त्यसैलाई करुण रसबाट अभिव्यक्त गरिन्छ । धेरै जसो लोकगीतमा करुण रसकै प्रधानता रहेको पाइन्छ । आफ्ना प्रियजनको वियोग हुँदा मनमा पीर पर्छ, लोकगीतहरुमा मुटु चुडाउने करुण भाव पोखिएका हुन्छन् । प्रेममा बिछोड जीवनका निराशा पोखिएका लोकगीत सुन्दा मनै पग्लने र आँखा रसाउने गर्छन् । यस्ता गीतहरु नै करुण रस उत्पन्न गराउने प्रशस्त लोकगीतहरु पाइन्छन् :

पन्ध्रवर्षे उमेरमा मेरो बिहे भाको
सोह्र वर्षे उमेरमा लोग्ने प्रदेस गाको ।
लडाइको मैदानमा उसको मृत्यु भयो ।
छोडी गयो पियारा है मेरो जीवन गयो ।
तिमीलाई सम्झी म कता हराउँछु
वैरागी मन म रुन्छु कराउँछु
आँसु मेरो यो गहभरि भो...........
वाध्यताले विछोड भए नि झल्को रह्यो जुनी भरिको ।

### ४.२.३.२ हास्य रस

लोकगीतमा हास्य रसको प्रधानता नपाइए पनि कतै कतै समाजमा रहेका विकृति विसङगति प्रति प्रहार गर्दा हास्ने प्रचलन पनि पाइन्छ । मानिसका पीडालाई भुलालएर आनन्दको अनुभुति हास्य रसले गराउँछ । हाँसो स्थायी भाव हुने हास्य रस उत्पन्न गराउने यस क्षेत्रमा प्रचलित केही लोकगीतहरु यस्ता छन् ।

है श्रीमती नै उस्तै परी कलाई पार्नु गाल

भन्न पनि के भन्ने हो लाज मर्दो चाल

बुढेसकालमा टिसर्टसँग पाइन्टलार हिंडी

त्यही देखेर छोरी ले नि मिनिष्कट किनी

हे कहिले कपाल अघि सार्छेस् कहिले पछि सार्छेस्

कहिले भने सिधा हुन्छ कहिले झुम्रो पार्छेस्

कपाल कोरी अघिल्तिर रातो हो कि मैलो

त्यही देखेर छोरी को नि पुरै कपाल खैरो

**४.२.३.३ शृङगार रस**

रति स्थायी भाव भएको रस शृङगार रस हो । यस रसमा नायक र नायिका एक अर्कामा अनुरागमा बाँधिएका हुन्छन् । त्यस्ता गीतहरुमा शृङगार रस हुन्छ । रति रागात्मक प्रस्फुटन यस रसमा हुन्छ । सौन्दर्य बोधक रुपमा गरिने रुप रस शब्द स्पर्शको विषयक शृङगारको रुपमा आँउछन् । रुप, रङ, सुन्दरतामा मोहित नहुने लोक जीवन नै छैन् । मिलन र विछोड दुबैमा शृङगार रसको स्थान रहन्छ । दाङ जिल्लाको यस क्षेत्रमा संयोग शृङगार र विप्रलम्भ शृङगारका दुबै भेद पाइन्छ ।

**क) संयोग शृङगार**

एकलै थियौ मायालु त्यो तिम्रो कोठैमा

कसरी बिर्सु मायालु टोकेको ओठैमा

एकान्तमा थियौँ दुबै रात थियो सुनसान

गालामा टोके मायालुले म लोटे शयनमा

प्रियको काख मायालु बिर्सन सक्दिन

त्यस पछि के भयो म भन्न सक्दिन

**ख) विप्रलम्भ शृङगार**

माया तिम्रो यादले सतायो

भारी भयो जिउ मेरो सुकायो

छाति पोल्छ आगोको रापले

मन रुन्छ तिम्रो मायाको तापले

टाढा गयौ चोट ठुलो पज्यो नि

दिन भन्दा रात लामो भयो नि

हावा चल्यो चैतको मासले

बाँचेको छु त्यो तिम्रो आशले

### ४.२.३.४ वीर रस

विर रसमा उत्साह स्थायी भाव हुन्छ । हाम्रो समाजमा परम्परादेखि युद्ध वीरता साहसले भरिएका गीतहरु सुनाइन्छन् । ती लोकगीत नै वीर रसयुक्त लोकगीत हुन् । शत्रुलाई चुनौती दिने आफ्नै पुरुषको प्रदर्शन गर्ने अवस्थामा उत्साह र फुर्ती जागेर आउँछ यस बाट वीर रसको उदय हुन्छ । योद्धाहरुको आकृति भेषभुषा साहस आदिको वा युद्धको वर्णन हुँदा वीर रस प्रभावित हुन्छ । यस क्षेत्रमा गाइने वीर रस प्रधान केही लोकगीतहरु यस्ता छन्

मेरा बाबा पल्टनमा तोप गोली बोकी

शत्रुलाई तर्साउँछन् राइफल बोकी

पोर साल लडाइमा शत्रु धेरै मारे

त्यसैले त यस साल लेस नायक भए

नेपालीको वीरताले हारे शत्रु वैरी

हाम्रा बुबा बलिया छन् मार्छन शत्रु वैरी

### ४.२.३.५ शान्त रस

यो संसार अनित्य र क्षणभङगुर छ । यही अनित्य संसारको क्षणभङगुरताबाट मानिसको मनमा वैराग्य उत्पन्न हुन्छ । यही चित्तवृत्ति गराउने भाव नै शान्त रस हो । हाम्रो समाजमा प्रचलित लोकगीतमा शान्त रसले ठूलो भूमिका खेलेको हुन्छ । ईश्वरको आराधना भागवत भजन रामापण कृष्णलिला आदिका धार्मिक श्लोकमा शान्त रसको प्रयोग देखिन्छ । दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा प्रचलित लोकगीतमा पनि शान्त रस पाइन्छ ।

किन चाहियो घरबार किन चाहियो दरबार–२
ईश्वरको भक्ति गरौं बृद्धाश्रममा बसी
बद्री शोभा स्वर्ग गए हृदयमा पसी
किन चाहियो घरबार किन चाहियो दरबार २
दुःख सुखमा साथ दिने ईश्वर हुन भाइ
तुलसीपुरमा आई बसौँ भक्तिगीत गाई
किन चाहियो घरबार किन चाहियो दरबार

### ४.२.४ अलङकार विन्यास

मानिसलाई गहनाले शोभा दिएझैं साहित्यलाई अलङकारले शोभा दिन्छ । साहित्यिक कृतिलाई सुन्दर बनाउन अलङकारको प्रयोग गर्छन्, स्रष्टाले । लोकगीतका स्रष्टा र लोक गायकहरु सम्पूर्ण शिक्षित तथा बौद्धिक नहुने हूँदा कवितामा जस्तै अलङकारिक योजना पाइँदैन । लोकगीतमा स्वतस्फूर्त र सहज रुपमा अलङकारका दुई भेद हुन्छन् । यस क्षेत्रमा प्रचलित लोकगीतहरुमा यी दुवै शब्दलाङकार र अर्थालङकारको प्रयोग पाइन्छ । शब्दालङकारले साङ्गीतिक माधुर्यता बढाउँछ भने अर्थालङकारले बिम्बको प्रस्तुतिद्वारा भावलाई दर्शाउँछ ।

### ४.२.४.१ शब्दालङ्कार

शब्दका माध्यमले काव्यलाई अलङ्कृत पार्ने अलङ्कार शब्दालङ्कार हो । काव्यमा शब्दको विशेष प्रयोगद्धारा उत्पन्न हुने वैचित्र्य चमत्कार वा सौन्दर्यशोभालाई शब्दलाङ्कार भनिन्छ । यसका अनेक भेद भए पनि यस क्षेत्रमा प्रचलित लोकगीतहरुमा अनुप्रास र श्लेष अलङ्कारको मात्र चर्चा गरिएको छ ।

क) यस क्षेत्रमा प्रचलित धेरै जसो लोकगीतहरुमा प्रायः अनयानुप्रास मिलेको पाइन्छ भने कतैकतै आदि र मध्य अनुप्रासको पनि संयोजन भएको देखिन्छ । सरल, सहज र स्वतर्स्फूत रुपमा आउने चमत्कार जसले लोकगीतको शोभा बढाएको हुन्छ ।

गाई चऱ्यो राजैको वनमा म भुले मालती फुलैमा २

दुई दिनको घाम छायाँ संसारको रित

मनको दुःख मन्मै रन्छ भन्नु पो को सित

गाई चऱ्यो...................................

नाच्ने खेल्ने संसारमा सधै दुःखै दुःख

संसारलाई छोडी गए बल्ल होला सुख

गाई चऱ्यो.................................

घर छोडी बाहिर बस्ने प्रदेशीको जुनी

रोईरोई बस्नु पर्ने आकाश तारा गनी

मनको दुःख धोइदिने मेरो कोही भैन

धन्य ईश्वर अब मलाई बाँच्नै मन छैन

गाई चऱ्यो.....................................

**ख) श्लेष**

श्लेष अलङकारमा एउटै श्लीष्ट पदबाट अनेक अर्थ निस्कने गर्छ यसमा कही सिङगो शब्दबाट अनेक अर्थ निस्कन्छ र कही शब्दको एक भागबाट अर्थ निस्कन्छ । यस क्षेत्रमा प्रचलित केही लोकगीतहरुमा पनि श्लेष अलङकार प्रयोग भएको पाइन्छ ।

मायालु पीरती गाँसौ देवचुली र वरचुली मै बसौं

भदौ रे घाम लाग्यो पारि डाँडा माथि

बिहानको खबर हो सुन साथी

**४.२.४.२ अर्थालङकार**

शब्दहरुको विशेष प्रयोग माथि नभएर अर्थ माथि आश्रित हुने अलङकारलाई अर्थालङकार भनिन्छ । यसमा व्युत्पत्तिद्वारा अर्थलाई विभूषित तुल्याउने गरिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा निम्न अर्थालङकार पाइन्छ ।

क) उपमा

उपमाको शाब्दिक अर्थ नजिकै राखेर त्यसमा समानता देखाउनु हो । उपभेय र उपमानकमा बीच रुप, गुण, क्रिया आदिको समानता देखाएमा उपमा अलङकार हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरुमा उपमा अलङकारको प्रशस्त प्रयोग भएको पाइन्छ ।

यो मन यो उडेको चङगा झैं

गयौं प्यारी बहेको गङगा झैं

यस्तै रै छ माया सयौं दिनको चर्को घाम एक दिन सितल छाँया– ३

तिमी थियौ पूर्णेको जुन झै

म त भएँ सुकेको फुल झै

यस्तै रैछ.......................

**ख) रुपक**

उपमेय र उपमान्को निषेध रहित आरोपलाई रुपक अलङकार भनिन्छ । रुपको आरोप गर्नु रुपक हो । रुपक अलङकारमा एउटा पदार्थमा अन्य पदार्थको आरोप लगाएर दुवैमा एक रुपता स्थापना गरिन्छ । उपमेयमा उपमाको आरोप नै रुपक हो । यस क्षेत्रका लोकगीतहरुमा पनि रुपक अलङकारको प्रयोग भएको पाइन्छ ।

कहिले होला भेट जुनको र घामको सीताको र रामको
दाङ हैन देउखुरीमा देखिने माया यिनै हुन्
मेरी माया संसारमा पूर्णिमाकी जुन हुन्

## ४.२.५ भाषाशैली

सार्थक मनका भाव वा विचारलाई अरु छेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूहलाई भाषा भनिन्छ । भाषाले भावलाई गतिशील जीवन्त बनाउने काम गर्दछ । भाषिक अभिव्यक्तिमा शैली भन्नाले प्रस्तुत ढाँचा वा तरिका भन्ने बुझिन्छ । भाषा कृतिम वा बनावटी नभएर सहज स्वाभाविक ढंगको देखिन्छ। व्याकरणिक नियम भन्दा लोक हृदयसित बढी सामीप्यता भएको भाषा शैलीनै यहाँका लोकगीतमा प्रयोग भएको पाइन्छ । लोकगीतमा जस्तो भाषा प्रयोग हुन्छ, त्यो त्यहीं समाजको उपज हो । यस क्षेत्रको लोकगीतको भाषा शब्द शक्तिका हिसावले अभिधा शब्दशक्ति देखिन्छ । एक दुइ ठाउँमा भने लक्षणा र व्यञ्जना शक्तिको पनि प्रयोग पाइन्छ । यस क्षेत्रमा गाइने गीतमा मालसिरी, खाँडो आदिमा संस्कृत र हिन्दी शब्दको प्रयोग बढी भएको पाइन्छ । जनजीवनमा बढि प्रचलनमा आएका स्कुल, डाक्टर, अटोमेटिक आदि शब्दहरू अंग्रेजीबाट आएको देखिन्छ ।

# परिच्छेद – पाँच
# उपसंहार

लोकसाहित्यको प्रमुख विधाको रूपमा परिचित लोकगीतको अध्ययन क्रममा 'दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन' मा यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचयदेखि समस्या, उद्देश्य, औचित्य, सीमांकन, शोधविधि, रूपरेखाको सामान्य परिचय दिइएको छ । 'यस शोधपत्रको परिच्छेद दुईमा दाङ जिल्लाको सामान्य परिचय दिने क्रममा दाङ जिल्लाको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक स्थिति, सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक परम्परा, चाडपर्व, रहनसहन, पेशा आदिको बारेमा जानकारी दिने प्रयास दिइएको छ ।

परिच्छेद तीनमा लोकगीतको सैद्धान्तिक परिचय दिने क्रममा लोक साहित्य र नेपाली लोकगीतको परिभाषा दिइएको छ । लोकगीतको ऐतिहासिकता, लोकगीतको स्वरूप, विशेषेता, महत्त्व, वर्गीकरण र नेपाली लोकगीतको अध्ययन परम्परा आदिको चर्चा गरिएको छ । यस शोधपत्रको परिच्छेद चारमा दाङ जिल्लाको पश्चिमेत्तर क्षेत्र नं. ५ का ८ गा.वि.स. र तुलसीपुर न.पा. का ५ वडाका लोकगीतको संङ्कलन र वर्गीकरण गरिएको छ । हावापानीमा आउने परिवर्तन र त्यसले दाङको पश्चिमोत्तर क्षेत्रमा पारेको प्रभावलाई ऋतुकालीन कर्म गीतमा समेटिएको छ । सामाजिक तथा धार्मिक महत्त्वलाई बोकेर लोकजीवनको प्रचलनमा रहेको चाडपर्वमा गाइने गीतलाई पर्व गीतमा प्रस्तुत गरिएको छ । मेलापात, वनपाखा, पखेरामा गुञ्जिने गीतहरू जुन वर्षैभरी जुनसुकै समयमा जहाँ पनि गाउन सकिन्छ, यस्ता गीतहरूलाई बाह्रमासे गीतमा समावेश गरिएको छ । हाम्रो परम्परा सामाजिक मूल्य मान्यतालाई बोकेर ल्याएको हाम्रो संस्कार र त्यस अवसरमा गाइने गीतलाई संस्कारगीतअन्तर्गत समावेश गरिएको छ ।

यस प्रकार दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रलाई ऋतुकालीन कर्मगीत, पर्वगीत, बाह्रमासे गीत र संस्कार गीत गरि चार वर्ग समेटएको छ । कर्म गीतमा

असारेगीत, आदि यस क्षेत्रमा प्रचलनमा रहेको पाइन्छ । पर्वगीत अन्तर्गत तीजगीत मालासिरी, भैलो, देउसी, देवाली, आदि यस क्षेत्रमा प्रचलित चाडपर्वहरूमा गाइने गीतमा पर्दछन् । बाह्रमासे गीत अन्तर्गत बाह्रमासा, झ्याउरे, गाइने गीत, भजनकीर्तन बालगीत गीत पर्दछ । संस्कार गीत अन्तर्गत विवाह सिलोक, रत्यौली, माहाल, खाँडो गीतहरू प्रचलनमा रहेका छन् ।

मानवीय जीवनका सम्पूर्ण पक्षलाई चट्ट छुन सफल यस क्षेत्रका लोकगीतहरू गराउने तरिका आ-आफ्नै किसिमका छन् । कतिपय लोकगीत आख्यानसहितका छन् भने कतिपय लोकगीत आख्यानरहितका छन् । कुनै कुनै गीतहरू पुरुषले मात्र गाउँछन् भने कुनै लोकगीतहरू महिलाले मात्र गाउछन् । आख्यानसहित गीतमा भजनकीर्तन, देउँसी, भैलोलाई लिन सकिन्छ भने आख्यानरहितमा झ्याउरेलाई लिन सकिन्छ । पुरुषले मात्र गाउने गीतमा मालासिरी, भैलो गीत पर्दछन् भने महिलाले मात्र गाउने गीतमा तीज, रत्यौली आदि पर्दछन् । कुनै गीत युगल र कुनै सामूहिक रूपमा गाउने प्रचलन छ । दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतमा सुख-दःख, मिलन-विछोड, विरह व्यथा, हाँसो-आँसु, असन्तुष्टि र नारीहरूको विवसता, प्रकृतिको चित्रण, जीवनका उतारचढावहरू जीवनका तीता-मीठा अनुभूतिहरूलाई विषयवस्तु वनाएर गीत गाइएको पाइन्छ । लोकजीवनको ढुकढुकी, जीवनको सुख दुःखको मर्मलाई विषय वस्तु वनाएर गीतगाएको पाइन्छ । यसप्रकार यस क्षेत्रका लोकगीतले यसै क्षेत्रको भावभूमि प्रस्तुत गरेका छन् ।

यस शोधपत्रको यसै परिच्छेदमा यहाँ प्रचलित लोकगीतको अध्ययन तथा विश्लेषण गरिएको छ । मानवीय जीवनको समाजसँग भएको सम्बन्ध मानव जीवनलाई आर्थिक परिवेशले पारेको उल्झन, प्राकृतिक परिवेशले समेटेको सामीप्यता सबैलाई लोकगीतहरूमा प्रस्तुत गरिएको छ । समाजमा विद्यमान, माया, ममता, संयोग वियोग सुख दुःखको सजीव चित्रण लोकगीतमा गरिएको हुन्छ

। यस क्षेत्रका लोकगीतहरूमा सांस्कृतिक जीवनको चित्रण, आर्थिक जीवनको चित्रण र सामाजिक जीवनको चित्रण गरिएको छ ।

यस क्षेत्रका लोकगीतहरू शास्त्रीयबन्धनबाट मुक्त रहेर मौलिकतामा सजिएका भएतापनि काव्यात्मकता भने प्रशस्त पाइन्छ । कुनै योजना नबनाई सिर्जना भएका भए पनि सहज स्वस्फूर्त रूपमा बिम्व प्रतीक भाव व्यञ्जना, अलंकारहरू र रसानुतिमा यस क्षेत्रमा लोकगीतहरू सिँगारिएर सुसज्जित भएका छन् ।

संरचनाका दृष्टिकोणले हेर्ने हो भने यहाँका लोकगीतहरू एकपाउमा दुई तीन अक्षरदेखि लिएर बीस बाइस अक्षरसम्म रहेको पाइन्छ । त्यस्तै अनुच्छेद निर्माणमा दुई पङ्क्ति, तीन पङ्क्ति देखि छ, सात पङ्क्तिसम्मको अनुच्छेदमा निर्माण भएको देखिन्छ । भाषिक दृष्टिकोणले यस क्षेत्रका लोकगीतहरूमा नेपाली राष्ट्र भाषा र भाषिकाको प्रयोग भएको देखिन्छ । लेख्य भाषा भन्दा कथ्य भाषाको प्रयोग बढी भएको देखिन्छ । गायनका समयमा कतिपय शब्दका अक्षर समेत लोप हुने गरेका छन् ।

निचोडमा गाँउले जीवनको अन्तर वेदनाबाट उव्जेका लयात्मक, झङ्कार नै लोकगीत हो । यसमा साधरण बोलीचाली शैली हुन्छ । नितान्त ग्रामीण भेकका बासिन्दाले आफ्ना मनमा उब्जेका मनोभावलाई लयवद्ध रूपमा व्यक्त गरिने गीत नै लोकगीत हो । यसमा मानिसका सुख दुःख, हाँसो-आँसु, मिलन-विछोड उमंग उत्साह आदि भाव प्रकट भएका हुन्छन् । सबै मानिसले आ-आफ्नै प्रकारले गुनगुनाउने यस्ता लोकगीतको व्यापकता सर्वाधिक रहेको छ र कालान्तरसम्म पनि रहिरहने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । लोकगीतको विश्लेषण गरेर मानवीय जीवनको अर्थलाई नियाल्न सकिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा मान्छेलाई चन्द्रमाको आरोप गरेर मन परेको मान्छेको बिम्ब उतार्ने काम गरिएको पाइन्छ । लोकगीमा बिम्ब र प्रतीकको व्यवस्थित आयोजना नहुने भए ता पनि कतिपय अभिव्यक्ति प्रतीकात्मक र बिम्बमय बनि दिएका छन् । यस क्षेत्रमा

प्रचलित लोकगीतका टुप्पाका हरफतिर हेर्दा भालेबासेको, घाँस काटेको,हिमाल हाँसेको, धान रोपेको, मकै छरेको आदि पदवलीले यहाँका प्राकृतिक तथा मानवीय तथ्यलाई समेटेको पाइन्छ । दाङ् जिल्लाको यो क्षेत्र यस्तो क्षेत्र हो, जहाँ राप्ती, लुम्बिनी, गण्डकी र भेरी अञ्चलबाट बसाइसराइ गरेर आएका समुदायको बाहुल्यता छ । त्यसैले यहाँका लोकगीतहरुमा पनि ती क्षेत्रहरुमा प्रचलित जीवनका भोगाइहरु पनि केही न केही रुपमा आएका छन् । यो क्षेत्रलाई हेर्दा केही अगाडिसम्म राष्ट्रिय स्तरमा उदयमान प्रतिभाहरु कमै थिए । अहिले ती प्रतिभाहरुको संख्या बढ्दो छ । लोक गायक कोमल ओली, प्रेमप्रकाश मल्ल, राचन्द्र लामीछाने र लोकगीतका रचनाकार डण्ड पानी पाण्डे यसै क्षेत्रका चर्चित प्रतिभाहरु हुन् । यस्तै ओझेलमा परेका प्रतिभाहरु धेरै होलान् । खोज र अनुसन्धान गरेर ती प्रतिभाका लोकगीतलाई अध्ययन र विश्लेषण गर्न बाँकी नै छ ।

प्रस्तुत अध्ययनपत्र नै लोकगीतको सम्पूर्ण अध्ययन होइन । यस अध्ययनमा केवल दाङ जिल्लाको पश्चिमोत्तर क्षेत्र जुन जिल्लाको ५ नम्बर क्षेत्रमा पर्ने ८ गा.वि.स. र तुलसी नगरपालिका ७- ११ वार्डलाई केन्द्र विन्दु बनाइएको छ । त्यस्तै अरुक्षेत्रको अध्ययन गर्नै बाँकी नै छ । दाङ जिल्लाको लोकगीतको अध्ययन गर्ने क्रममा निम्न समस्या अध्ययन गर्न सकिन्छ ।

१) दाङ जिल्ला अन्तर्गत अन्य क्षेत्रका लोकगीतको अध्ययन

२) दाङ जिल्लाका लोकगीतमा काव्यतत्त्व

३) दाङ जिल्लाका लोकगीतको लोकनृत्यसँग सम्बन्ध

# सन्दर्भग्रन्थसूची

(क) **सन्दर्भपुस्तक सूची**


) अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, ते.सं. काठमाडौः साझा प्रकाशन, २०४३ ।

) आचार्य, गोबिन्द, **लोकगीतको विश्लेषण** काठमाडौः पैरवी प्रकाशन, २०६२ ।

) उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त** दो.स., काठमाडौः साझा प्रकाशन,२०५८ ।

) उपाध्याय, कृष्णदेव, **लोकसाहित्यको भूमिका** प्रयागः साहित्य भवन लि., ई. १९५७ ।

) गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यमा जनजीवन**, एकता प्रकाशन, २०६७ ।

) जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति**, काठमाडौः रत्नपुस्तक भण्डार, २०१४ ।

) थापा, धर्मराज, **गण्डकीका सुसेली**, काठमाडौ : ने.रा.प्र.प्र., २०३० ।

) थापा, धर्मराज, **लोकसाहित्य विवेचना**, काठमाडौ :२०४१ ।

) परमार, श्याम, **भारतीय लोकसाहित्य**, दिल्लीः राजकमल प्रकाशन लि.,ई. १९४५ ।

) पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौः वीणा प्रकाशन, २०५७ ।

) पराजुली, मोतीलाल, **लोकगीतको संरचना**, (कुञ्जिनी ११ः ८), २०६० ।

) पोखरेल, वालकृष्ण र अन्य (सम्पा), **नेपाली बृहत् शब्दकोश**, काठमाडौः ने.रा.प्र.प्र., २०५८ ।

) पौडेल, कष्ण विलास, **साहित्य यात्रा नेपाली समालोचना**, काठमाडौः नविन प्रकाशन, २०५८ ।

) वन्धु, चूडामणि, **हाम्रो लोकसाहित्य**, काठमाडौः एकता बुक्स, २०५८ ।

) वर्मा, धिरेन्द्र, **हिन्दी साहित्यकोश, भाग-१**, वाणारासी ज्ञान मण्डल लि., ई. १९२० ।

) वराल, ईश्वर र अन्य (सम्पा), **नेपाली साहित्य कोष**, काठमाडौः ने.रा.प्र.प्र., २०५५ ।

) शर्मा, भीमकान्त, **जीवनको नयाँ गोरेटोमा,** बगलामुखी प्रेस, २०६१ ।

- सत्येन्द्र (डा.), **लोकसाहित्य विज्ञान**, आगराः शिवलाल एण्ड कम्पनी, इ. १९७१ ।
- लुईँटेल, खगेन्द्रप्रसाद, **नेपाली कविता**, काठमाडौ विद्यार्थी पुस्तक भण्डार, २०५७ ।

**(ख) सन्दर्भपत्रपत्रिकासूची**

- दाङ जि.वि.स., द्वारा प्रकाशित विभिन्न स्रोतहरू ।
- दाङ जिल्ला : एक चिनारी, जि.वि.स., दाङ ।
- दाङ शैक्षिक क्यालेण्डर २०६८, जि.शि.का., दाङ ।